ISSN 2631-2298
nepalmag.com.np
आइतबार • २२ भदौ २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

सानेपामा टक्कर

कांग्रेस महामन्त्रीमा गगन र विश्वप्रकाशको दाबी

विमर्श : विष्णु सापकोटा, सीके लाल, भास्कर गौतम र अच्युत वाग्ले

GHORAHI CEMENT INDUSTRY

ISO 9001:2015
ISO 14001:2015
ISO 45001:2018
Certified Company

TRIVENI
A Promise for Life

सगरमाथा सिमेन्ट

जुनी जुनीलाई...

www.ghorahicement.com.np | www.facebook.com/ghorahi.cement

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्‌ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500
gradesteels
UTM TESTED
TMT STEEL BARS


KMG
WITHOUT FEAR OR FAVOUR
The road to the truth is difficult.
A path filled with division, diversion and danger.
A path filled with validation and temptation.
There are voices to be heard and stories to be told.
The road is long and the road is hard.
But this is the road we walk.
Without fear or favour.
THE KATHMANDU POST

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
* CONDITIONS APPLY
Smart Appliances P Limited
CORPORATE OFFICE:
CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
COMPANY SHOWROOM:
KATHMANDU: CHARKHAL, DILLIBAZAR, TEL: 01-4436920
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD, TEL: 021-522758
FOR SERVICE:
Toll Free No.: 16600110090, For Dealership: 9801105114

भित्र
आइतबार, २२ भदौ २०७६ (वर्ष २०, अंक ६)
Nepal National Weekly, 8 Sept 2019 (Vol. 20, No. 6)



दूरी घटाउने, समीकरण ब्युँताउने

प्रचण्डलाई नेतृत्व नदिन ओली-नेपाल मिलाउने कसरत

। २२

कला मालामाल, कलाकार गुमनाम

। ३८

१२
हाम्रो नेपालमा
राम्ली लेकका गोठाला

२६
(अ) सहमति
भास्कर गौतम

१४
प्रदेश ५
सैन्य भर्तीमा करोडौंको खेलो

२८
आवरण
कांग्रेस नेतृत्वमा को ?

१७
प्रहरी
अनुसन्धानमै खेलांची

४५
मर्निङ वाकमाला
खगेन्द्र संग्रौला

२०
टिप्पणी
विष्णु सापकोटा

४६
रङ
नदीपुर थिएटर

सम्पादकीय । ५
प्रतिक्रिया । ६
स्मरण । ७
प्रवेश । ८
परिहास । १०
पर्सोनाज : कुमार नगरकोटी । ११
फैलँदै डेंगु । १६
कविता : विमल निभा । ४९
पुस्तक । ५०
तीन किताब । ५१
कोलाज । ५२
नेपाल मण्डल । ५४
नोटबुक । ५६

सम्पादकीय

गगन–विश्वप्रकाश पुस्ताको दशक

७० नाघेका नेताहरूले हाँकिरहेको प्रमुख प्रतिपक्ष कांग्रेसमा ४०-५० वर्षबीचका 'युवा नेता' हरूले चुनौती दिइरहेका छन् । ४०-६० को दशकमा उदाएको यो पुस्ता ८० को दशकको पार्टी र देश दुवैलाई नेतृत्व दिन चाहन्छ ।

कोइराला, सिंह र निधि परिवारबाटै अर्को पुस्ता हुर्काउने तयारी हुँदै गर्दा यो पुरानो लोकतान्त्रिक पार्टीलाई डोऱ्याउने महत्त्वाकांक्षा वंशवृक्षबाहिरबाट पलाउन थाल्नु आशाको संकेत हो । हाम्रा सहायक सम्पादक सन्तोष आचार्यको आवरण कथाले पछिल्लो समय धर्मराइरहेको कांग्रेसलाई नयाँ शिराबाट गति दिने क्रममा देखिन थालेको सुषुप्त प्रतिस्पर्धालाई चित्रित गरेको छ ।

यो टक्करको पनि दृश्यमा देखा परेका छन्- गगन थापा र विश्वप्रकाश शर्मा । यी दुई यस्ता नेता हुन्, जोसँग आफ्नो मिहिनेत र सार्वजनिक साखबाहेक अर्को कुनै वंश-विरासत छैन । पार्टीभित्र सहकार्य-प्रतिस्पर्धा गर्दै हुर्केका यी विगतका विद्यार्थी नेताहरू नयाँ पुस्तालाई अपिल गर्ने सामर्थ्य राख्छन् ।

गगनले यसअघि नै महामन्त्रीमा दाबेदारी दिएर आफनो महत्त्वाकांक्षा खुल्लमखुला प्रकट गरिसकेका छन् । ६० नकाटी नेतृत्वको छेउछाउ देखिनै कठिन भएको कांग्रेसजस्तो पार्टीमा उनले राजनीतिको ५५ वर्षे उमेरसीमा तोकेर अर्को सन्देश दिन खोजेका छन् । यो वाचामा उनी अडिग होलान् त ? भविष्यलाई जिम्मा छाडिदिऔं ।

ग्रामीण भेगबाट राजनीति गर्दै स्थापित विश्वप्रकाशले लामो अवधि पार्टी संस्थापनकै वरिपरि गुजारे पनि त्यहींभित्र असहमतिको भद्र स्वर दर्ज गर्दै आएका छन् । पार्टीभित्र मूल्य-मान्यताको खडेरी पर्दै गएको आम आलोचनाबीच उनले आत्मानुशासन र संस्कारको अभ्यास गर्न खोजेका छन् । व्यक्तिगत पराजयहरूको सिलसिला तोड्दै पार्टीभित्र सकारात्मक धारणा विकास गराउने उनको प्रयासलाई कांग्रेसभित्र-बाहिरकाले आशालु नजरले हेरेका छन् ।

गगन-विश्वप्रकाश पुस्ताको कुरा यत्तिमा सकिंदैन । *नेपाल*कै यो अंकमा प्रदीप गिरिले नयाँ पुस्तामा कुनै सोचविचार नभएको निर्भीक आरोप लगाएका छन् । त्यसलाई खन्डन गर्ने सामर्थ्य विश्व-गगन र तिनका सहकर्मीले राख्नुपर्ने हुन्छ । हाम्रा स्तम्भकार अच्युत वाग्लेको राय पनि गिरिकै जस्तो छ । वाग्लेले कांग्रेसजस्तो उथलपुथलकारी अतीत भएको पार्टीभित्र आज असमाधेय रूपमा कसरी कुलीनतन्त्र मौलाइरहेको छ अनि त्यसको चंगुलबाट उम्कनै नसक्ने गरी नयाँ पुस्ता पसिरहेको छ भन्ने मिहीन विश्लेषण गरेका छन् । गिरिले त 'टिना' युग (विकल्पहरू सकिइसकेको युग) कै विचारच्युत सन्तानका रूपमा नयाँ पुस्ता आएको कटाक्ष मात्रै गरेका छैनन्, नयाँ पुस्ता पार्टी र देशलाई विकल्प दिन असमर्थ रहेको समेत दाबी गरेका छन् ।

अहिलेको कांग्रेसलाई अलिअलि गर्दै खाँदै छ, धार्मिकताको राजनीतिले । आजीवन निष्ठा र संघर्षमा बाँचेका बीपीको पारिवारिक लाभांशलाई राजनीतिक फाइदामा रूपान्तरण गर्ने शशांक कोइरालाको रणनीति देखिन्छ । अनि हिन्दु राष्ट्र ब्युँताउनुपर्ने माग गर्दै हस्ताक्षर संकलन गरेका महासमितिका ६ सय सदस्यसँग धार्मिक राज्यबारे ठोस तर्क नरहे पनि पार्टीभित्रको त्यो निर्णायक मतसंख्यासँग गगन र विश्वप्रकाश कहीं न कतै डराइरहेको देखिन्छ । युरोप गएका बेला जनै भिरेको तस्बिर *फेसबुक*मा राख्न विश्वप्रकाशलाई यही भयले तर्साएको देखिन्छ । गगनलाई ०६२/६३ को परिवर्तनले संविधानमा लेखाएको धर्म निरपेक्षताको अनुराग पक्कै होला, तर पार्टीका 'दाइहरू' रिसाउलान् भन्ने भयमा उनी पनि परेको देखिन्छ । उनका पछिल्ला केही ट्वीट र अभिव्यक्ति पढे, सुने यो प्रस्ट बुझिन्छ । गिरि र वाग्लेको आलोचना यहाँनेर प्रासंगिक छ ।

आज कांग्रेसको पुरानो नेतृत्वलाई 'बासी' करार गर्दै गर्दा गगन र विश्वप्रकाश दुवैले आफूसँग त्यस्तो के नयाँ विचार छ, जसले पार्टी र देशको भविष्यलाई हाँक्ने सामर्थ्य राख्छ- प्रस्ट गर्नुपर्छ ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १५ भदौ २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

प्रतिक्रिया

मन्त्रीका गफै चर्का

दुई तिहाइ बहुमतको सरकारका अधिकांश मन्त्रीको कार्यसम्पादन निम्छरो देखिनुको मूल कारण छिनछिनमा फेरिने निर्णय नै हो *(मनमौजी मन्त्री, १५ भदौ)* । एकपल्ट निर्णय गरिसकेपछि त्यसलाई उल्टाउँदा मन्त्रीहरूको साख गिरेको देखियो ।

भारतीय तरकारीको विषादी परीक्षण होस् वा बजार अनुगमनमा पनि मन्त्रीको लहडले काम गरेको छ । मलेसियामा शून्य लागतमा नेपाली कामदार पठाउने निर्णय कार्यान्वयनमा नजानु पनि व्यवसायीले प्रभावमा पारेरै हो । पहिले निर्णय गर्ने तर उद्योगी, व्यवसायीको दबाबमा परेर त्यसलाई उल्टाउने थितिले कहीं न कहीं मन्त्रीहरूले धनलाभमा आँखा गाडेको आशंका छ । गलत अंकको श्वेतपत्र जारी गर्ने, मेलम्ची आयोजनाबारे झूट बोल्ने, विवादास्पद गुठी विधेयक ल्याउने, प्रेससम्बन्धी विवादास्पद विधेयक ल्याउने सञ्चारमन्त्रीलगायतको कामभन्दा गफ गराइ बढी देखियो ।

■ **उद्धवप्रसाद सन्जेल**
गोदावरी नगरपालिका, ललितपुर

फितलो न्याय प्रशासन

धेरै त्रुटि र तथ्य तोडमोडबीचमा पनि चार पूर्वआईजीपीलाई अनियमिततामा सफाइ दिनुमा हाम्रो न्याय प्रशासन कति फितलो रहेछ भन्ने प्रमाण हो *(१८ करोडको भ्रष्टाचारलाई वैधता, ८ भदौ)* । प्रमाण हुंदाहुंदै पनि दोषीले उन्मुक्ति पाउनु आफैंमा हांस्यास्पद छ । ठूला भ्रष्टाचारमा त यसरी उन्मुक्ति मिल्छ भने सानोमा अरूले किन निहुं नपाऊन् । ठूल्ठूला भ्रष्टाचारीलाई राज्यले नै उन्मुक्ति दिन्छ भने हामीले कसरी स्वच्छ न्यायालयको आशा गर्ने ?

■ **रुद्रनाथ पौडेल**
पोखरा-३, कास्की

सामाजिक समस्या

छोरी पाएको निहुंमा घरपरिवारको यातना सहन नसक्दा छोराको चाहनाले अस्पतालको बेडबाटै शिशु चोरीका घटना बढेको देखियो *(छोराका निम्ति अपराध, ८ भदौ)* । छोरा नहुंदा पारिवारिक, सामाजिक तिरस्कार भोग्नुपर्दा आमाहरू नै शिशु चोरीमा लागेको प्रस्टै छ । देश, घरपरिवार र समाजमा जबसम्म छोरा र छोरीबीच भेदभाव रहन्छ, यस्ता घटना भविष्यमा पनि दोहोरिन सक्छन् ।

■ **गीतादेवी मण्डल**
राजविराज नगरपालिका, सप्तरी

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

ट्वीट

मन्त्रीहरुलाई बेला छँदै सच्चिने अवसर
arun@arunkndl
अहो, समृद्धिका सारथि । आफू, आफ्नो देश र जनताभन्दा माथि ।

सुरक्षित भान्साका लागि जागरुकता
Binod Neupane@Neupane1Binod
राम्रो लेखिछन्, विज्ञ यमुनाले । खाद्यसम्बन्धी भारतसँगको दुई पक्षीय समझदारी बाहिर ल्याउनुस् ।

१८ करोडको भ्रष्टाचारलाई वैधता
Punya Bhandari@PunyaBhandari1
विशेष अदालतको नाम परिवर्तन गरेर सफाइ अदालत राख्दा हुने भो त उसो भए ? कि मिलिभगत अदालत भन्ने हो ?

surendra gharti@GhartiSurendra
हाकिम परे । तलका कर्मचारी भए सफाइ पाउन गाह्रो हुने थियो ।

अन्ततः ओलीकै हात
Hari krishna shakya @Harikrishnashky
यस्तै हो लोभीपापी मानिसको जात । केही पाए दंग, नपाए हुस्स फुल्ने ।

पात
rashmi lohani@RashmiLKhanal
हामी पाठकलाई वास्तवमै चाखपूर्ण र रसिलो । मैले धेरै समयसम्म यो कविता पढेकी छु । कविताको अनुच्छेद बहावयुक्त र प्रभाव पार्न खाले छ ।

हरियो वनको सक्दो दोहन
naugko sipahi@rabinDh12061980
सरकारमा बस्ने नेता, पत्रकारदेखि कर्मचारीसम्मलाई बेलाबेला मस्ती गराइन्छ। नजिकैं छु, गतिविधि देखिराख्छु। यो भेगमा केही विरोध गर्नेलाई राती तह लगाइन्छ । सुनिन्छ, प्रहरी नै थर्काउन पुग्छन् रे । सैलुंगेले बनाएको सडक गुणस्तरीय भएन भन्दा प्रहरीले नै दपेटेको आफ्नै आंखाले देखियो । अवस्था नाजुक छ ।

पोस्ट

मनमौजी मन्त्रीहरु
Bhim Thapa Thapa
कसरी देशमा आफ्नै उत्पादन वृद्धि गर्ने, कसरी रोजगारी सिर्जना गर्ने, कसरी देशमा उत्पादित प्रत्येक वस्तु विदेशीले प्रयोग गर्ने बनाउने ? योजना छ ? छैन भने कसरी बौद्धिक, कसरी राजनीतिज्ञ ? अर्काको मस्तिष्क पढेर केको विकास, केको समृद्धि ? आफ्नो बौद्धिक क्षमता प्रयोग गर्नुपर्छ । होइन भने देश यथास्थितिमा रहन्छ । हरेक क्षेत्रको विकास पनि यथास्थितिवादी हुन्छ ।

तिब्बत छुने सबै दुर्गम

हिमाली जिल्लाममा उत्तरी प्रशासन क्षेत्र स्थापनासँगै स्थानीय क्षेत्रमा पूर्वाधार विकास लैजान ०२४ सालमा ग्रामीण तथा दुर्गम क्षेत्र विकास समिति गठन भयो । तर ०२६ सालमा मा ग्रामीण शब्द छटनी गरी दुर्गम क्षेत्र विकास समिति बनेको हो ।

ताम्ला उक्याब

तत्कालीन समय उत्तरी क्षेत्रमा विद्यमान भारतीय चेकपोस्ट, बाक्लो विदेशीको आउजाउ, तिब्बती शरणार्थी र विद्रोही जंगी खम्पाको उपस्थितिका कारण ती क्षेत्र राजनीतिक रूपमा नेपालकै भए पनि त्यहाँ विकास निर्माणको पहुँच शून्य थियो । यसैलाई आधार मानेर ३८ प्रतिशत भूभागको हिमाली क्षेत्रका निम्ति समिति गठन गरियो ।

यो कार्यालय गृह पञ्चायत मन्त्रालयअन्तर्गत पर्‍यो । पछि गृह पञ्चायतको केही खण्ड फुटाएर ०२९ सालमा स्थानीय विकास मन्त्रालय बनेको हो । समिति स्थापनाको सुरूआती समय दुई आर्थिक वर्षसम्म भारतीयकै लगानीमा चल्यो । तर चेकपोस्ट हटेसँगै नेपालले उसको खर्च लिन चाहेन र आफ्नै कोषबाट चलाउन थाल्यो ।

तत्कालीन समय समिति गठन गर्नुको उद्देश्य रणनीतिक नै थियो । किनभने जहाँ-जहाँ भारतीय चेकपोस्ट, तिब्बती शरणार्थी, जंगी खम्पा थिए, ती स्थान अगलबगलमै यो क्रियाशील थियो । नेपाल पहाडैपहाडको देश भए पनि चीन सीमा छुने भारतीय चेकपोस्टको उपस्थिति रहेका १५ र रणनीतिक महत्त्वका ३ गरी १८ जिल्लालाई मात्र दुर्गम मानेर यसको संरचना बनाइयो । त्यसमा ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, गोरखा, मनाङ, मुस्ताङ, डोल्पा, मुगु, हुम्ला, बझाङ, दार्चुला र तिब्बत सीमा नछुने जुम्ला, बाजुरा र कालीकोट (पहिले तिब्रीकोट भनिन्थ्यो) पनि समितिमा राखिए ।

त्यतिबेला सोलुखुम्बुभन्दा ओखलढुंगा दुर्गम थियो । तर ओखलढुंगालाई दुर्गम नमानी सोलुलाई मानियो किनभने सोलुले चीनको तिब्बत छुन्थ्यो । यस्तै, ताप्लेजुङभन्दा पाँचथर दुर्गम थियो तर तिब्बत छोएको हुँदा ताप्लेजुङलाई दुर्गम मानियो । कुनै बेला रसुवामा दुइटा एयरपोर्ट थिए । नुवाकोटभन्दा विकसित मानिन्थ्यो । तर तिब्बती सीमा छोएकाले नुवाकोटको साटो रसुवालाई दुर्गम भनियो । तिब्बत सीमा छोएकै कारण सिन्धुपाल्चोक दुर्गम मानियो तर काभ्रेलाई पारिएन ।

विकास इकाइका रूपमा गठित यो समितिको अध्यक्ष प्रधानमन्त्री, गृहमन्त्री उपाध्यक्ष र सरोकारवाला मन्त्रालयका सचिव सदस्य रहने प्रावधान थियो । पछि शाही नेपाली सेनाका अवकाशप्राप्त प्रधानसेनापति (पछि फिल्ड मार्सलमा पदोन्नति) सुरेन्द्रबहादुर शाहलाई अध्यक्ष नियुक्त गरियो ।

शाहको कार्यकालमा समितिले थुप्रै काम गर्‍यो । सरकारले तोकेको दुर्गम १८ जिल्लामा विकास पूर्वाधारका संरचना खडा गर्न एकैचोटि १८ इन्जिनियरलाई खटाइयो । बजेट बढ्यो । हरेक जिल्लामा प्राविधिक शाखा खोलिए । उत्तरी क्षेत्रमा विकास लैजान गठित यो समिति सरकारको उच्च प्राथमिकतामा थियो । उबेला नेपालका प्रसिद्ध बागवानीविज्ञ शिवबहादुर नेपाली, उत्तरी प्रशासन क्षेत्र काम गरेका जगबहादुर बुढाथोकी, डोरबहादुर विष्ट, मधुसूदन गोर्खाली (पछि मुख्यसचिव), रामराजध्वज जोशीलगायत समितिमा थिए । सुरूमा सदस्यसचिवको जिम्मेवारी सम्हालेका रामबहादुर रावल पछि सञ्चारसचिव भए ।

म ०२५ सालमा शाखा अधिकृतका रूपमा विकास सेवाअन्तर्गत दुर्गम विकास समितिमा खटिएँ । ०२७ सालमा उपसचिव भएर म विज्ञ टोलीसँगै कैयौं पटक दुर्गम जिल्ला घुमें । समितिमा एउटा विकासतर्फ र अर्को निजामती गरी दुई खाले कर्मचारी हुन्थे । उत्तरी जिल्ला भ्रमणका क्रममा त्यस क्षेत्रको मनोविज्ञान, वस्तुस्थिति, पूर्वाधार निर्माणका आधार, स्थानीयसँग छलफलबाट प्राप्त निष्कर्षलगायतका विषयबारे तयार ठेलीका ठेली रिपोर्ट सरोकारवाला मन्त्रालयमा सुम्पिन्थ्यौं । त्यो रिपोर्ट कार्यान्वयनका क्रममा समितिले स्थानीय पूर्वाधारको आधार बनाउन सहजीकरण गर्‍यो ।



तिब्बती परम्परा, ढाँचामा चलिरहेको समय हिमाली जिल्लाबासीलाई बाँकी नेपाल जान्न र बुझाउन भाषाको समस्या थियो । तिब्बती भाषाबाट नेपाली पुस्तक अनुवाद गर्ने अथक प्रिन्टिङ प्रेस थियो । त्यसका सञ्चालक भोटेभाषाविज्ञ भूपूसहायकमन्त्री नरसिंहभक्त तुलाचन थिए । उनी नेपाली भाषाका ऐनकानुन तिब्बती भाषामा उल्था गर्थे । गृह मन्त्रालयले त्रिभुवन विश्वविद्यालयको नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास) मा दुई तिब्बती विज्ञसमेत राखेको थियो । तिनबाट पनि धेरै प्रशासनिक काम सहज भयो, उत्तरी क्षेत्रमा । सरकारको भाषा उल्था गर्ने कार्यक्रम पनि समितिमार्फत हुन्थ्यो ।

नेपालीबाट तिब्बती भाषामा नेपालको ऐन-कानुन, संविधान आदिबारे जानकारी गराइन्थ्यो । यसले पनि उत्तरी क्षेत्रका मानिससँग केन्द्रको सीधा सम्पर्क सहज भयो । नेपाली भाषा बुझ्ने भए । समितिले हिमाली क्षेत्रका बासिन्दालाई राज्यको मूल प्रवाहमा समेट्न भूमिका खेलेको मानियो ।

उक्याबसँग सरकारको कर्मचारी प्रशासनका साथै तिब्बतमा महावाणिज्यदूतका रूपमा काम गरेको अनुभव छ ।

■ **प्रस्तुति : गोकुल अर्याल**

प्रवेश

सोझै



साताका चर्चित

राहुल क्षत्री
इन्जिनियर

अमेरिकामा इन्जिनियरिङ अध्ययन सकिएलगत्तै आकर्षक जागिरसमेत छाडेर आफ्नै गाउँ घान्द्रुकमा कुक ।

अक्षयजंग रायमाझी
मोडल

फिलिपिन्समा सम्पन्न 'मिस्टर वर्ल्ड २०१९' प्रतियोगितामा मल्टिमिडिया अवार्ड ।

दुर्गालाल दाहाल
कवि

'फलामको मान्छे' नामले परिचित भोक कविता आन्दोलनका अभियन्ताको ६२ वर्षको उमेरमा हृदयाघातबाट निधन ।

उत्सव सिंह
बडीबिल्डर

अमेरिकाको मेरिल्यान्ड राज्यको लरेल सहरमा सम्पन्न एनपीसी क्यापिटल ग्रान्डप्रिक्समा स्वर्ण पदक ।

शम्भु भारती
व्यापारी, ठेकेदार

चर्चित सुडान घोटाला काण्डमा ०७३ देखि फरार रहँदै आएकामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोद्वारा पक्राउ ।

मुलुकबाहिर

घाममा चप्पल पग्लेपछि

मान्छे, वन्यजन्तु तथा वस्तुमाथि पहिलो अधिकार कसको हुन्छ, कहिल्यै सोच्नुभएको छ ? छैन भने अब सोच्न थाल्नुस् । मान्छे या अन्य वन्यजन्तु तथा वस्तुमाथि पहिलो अधिकार प्रकृतिको हुन्छ । हैन भने यो समाचार पढ्नुस् ।

पृथ्वीको तापक्रम वृद्धिसँगै डरलाग्दो तर रोचक घटना भएको छ, अमेरिकाको केन्टकी सहरमा। *मिररडटकोडटयुकेका*अनुसार अटम कामरीको नामले ट्वीट गर्दै एक महिलाले बच्चाको जस्तो सानो कालो रङको चप्पलको फोटो राखिन् । फोटोको माथि लेखिएको थियो, 'यदि तपाईं जान्न चाहनुहुन्छ भने म बताउन चाहन्छु, मेरा दिन कसरी बितिरहेका छन् ? जब म कारभित्र

गएँ, पछाडिको सिटमा यो चप्पल फेला पऱ्यो । मैले एकछिन सोचिरहें, कुनचाहिं बच्चाले यहाँ चप्पल छाडेर गएछ । त्यसैले चप्पल पल्टाएर हेरें, साइज थियो एमएफ नाइन । सूर्यको रापले मेरो चप्पल खुम्चियो ।'

कारमा राखेको केही क्षणमै चप्पल तातिएर खुम्चिएको थियो । त्यसबेला त्यहाँको तापक्रम ३१ डिग्री मापन गरिएको वेबसाइटले जनाएको छ । उनले चप्पल लगाएर थप फोटो पोस्ट गरेकी थिइन् । उनको ट्वीटको जवाफ दिंदै लभिङनेरिजले आफू पनि उस्तै पीडामा रहेको भन्दै खुम्चिएको क्रक जुत्ता पोस्ट गरिन् ।

जुत्तै पगाल्ने गर्मीले कुनै दिन मान्छे पगाल्न थाले के होला ? ने

तथ्यचित्र



स्रोत : वन तथा वातावरण विभाग
इन्फोग्राफिक्स : यमन मानन्धर

त्यस बखतको **नेपाल**

दुर्घटनाका पाठहरू

प्रवीण गुरुङको मृत्युमा दोष कसको थियो भन्ने प्रश्नको 'प्रशासनिक वा कानुनी किटान' भोलिपर्सि जे जस्तो गरिए तापनि आमजनमतले फैसला दिइसक्यो- दोषी अरू कोही होइन, शाहज्यादा पारस नै हुन्। यसै पनि नेपालमा कुनै सडक दुर्घटना हुँदा दोष जहिले पनि ठूलो 'वाहन' को चालकलाई नै दिइने मानसिकता विद्यमान छ। उदाहरणका लागि पैदल यात्रु र साइकल जुध्दा दोष साइकलको, साइकल र मोटरसाइकल जुध्दा दोष मोटरसाइकलको, मोटरसाइकल र मोटर ठक्कर खाँदा मोटरको, मोटर र ट्रक भिडन्त हुँदा ट्रकको दोष बढी देख्ने 'मानसिकता' छ। तर, पारस-प्रवीण प्रकरणमा यो मानसिकताले मात्र फैसला दिएको छ भनेर अनुमान गर्नु ठूलो भूल हुनेछ।

२०५७ श्रावण २२ गते राती ९:४५ बजेतिर प्रवीण गुरुङको मोटरसाइकललाई राजपरिवारको कुनै अन्य सदस्य वा कुनै अन्य साधारण नेपालीले ठक्कर दिएको भए के सडकदेखि सदनसम्म 'यस्तै' प्रतिक्रिया हुन्थ्यो, जुन शाहज्यादा पारसको केसमा भयो ? प्रश्नको सोझो उत्तर हुन्छ- हुँदैनथ्यो ।

परिहास

सुरेश किरण

जय (कमरेड) नेपाल

नेपाली कांग्रेस अथवा नेपाल प्रहरीले

अभिवादन गर्दा छाती तन्काएर बोल्ने 'जय नेपाल' वास्तवमा कुनै कामको रहेनछ भन्ने एक पटक फेरि पुष्टि भएको छ किनभने कांग्रेस र प्रहरीले जो देखे पनि 'जय नेपाल' भन्न थालेको त दशकौं भइसक्यो । तर यो 'जय नेपाल' ले आजसम्म अरू नेपालको त कुरै छाडौं, माधव नेपालसम्मको पनि जय गर्न सकेको छैन । पार्टीभित्र माधवको हालत के भयो, त्यो हालै पनि देखिहालियो ।

एक्लो परेका छन् विचरा । मर्यादाक्रमबाटै झर्नुपर्‍यो । अब भन्नुस्, जुन जय नेपालले जाबो एउटा माधवको त जय गरेन भने पूरा नेपालको जय गर्ला भनेर कसरी विश्वास गर्ने ? यो 'जय नेपाल' मा साँच्चै कुनै दम भएको भए कमसेकम माधव नेपालको त जय गराइदिनुपर्ने हो नि । खोइ ?

कम्युनिस्ट पार्टीमा कमरेड माधवको अवस्था आज जति त कहिल्यै पनि खस्केको छैन होला । कुनै बेला यस्तो पनि थियो कि पार्टीमा सानोभन्दा सानो कामका लागि पनि माधवको सुझाव र सल्लाह आवश्यक पर्ने गर्थ्यो । अब त्यो कुनै आवश्यक परेन । आवश्यक परेन मात्र होइन, उनी आफैं गएर दिए पनि पार्टीले त्यो लिनेवाला छैन । अरू के कुरा, उनले दिएको स्वास्थ्यको शुभकामना त पार्टीले लिएन भने पछि अब सल्लाह, सुझाव, गुनासो, टिप्पणी, आलोचना ग्रहण गर्ने, लिने त धेरै टाढाको कुरा भयो ।

वास्तवमा कमरेड नेपालको जय भन्नेहरू त अब कांग्रेसमै मात्र बाँकी रहेछन् । नेकपामा त एउटै छैन ।

कसको नाम लिएछ ?

रिसको झोकमा कसैलाई 'मरिजा' पनि भन्न नहुने रहेछ ।

साँच्चै त्यो मरिगयो र मर्ने बेलामा 'मलाई मरिजा भन्ने यही हो' भनेर तपाईंको नाम बकेर गइदियो भने त बबालै हुने रहेछ । अब तपाईं कुनै रवि लामिछाने त हुनुहुन्न, जसको नाम मर्नेले बकेरै गए पनि यो त निर्दोषै हो भनेर मानिसले जुलुस निकालून् । दोष-निर्दोष केही नहेरी यसलाई त छाड्नैपर्छ भनेर र्‍याली-स्याली निकाल्ने हो भने कमसेकम पनि तपाईं रवि त हुनैपर्‍यो । रवि नहुने हो भने जुलुस पनि निस्किनेवाला छैन । मर्ने मान्छेले नाम लिएजति सबैको पक्षमा जुलुस निकाल्न कसैले ठेक्का त लिएको छैन नि !

हिजो मलाई मित्र भजनलालले फोन गरे, "हेलो ! अस्ति जुलुसमा किन नआएको हँ तिमी ?"

मैले भनें, "आएको छु नि । त्यही हाम्रो सम्पदा बचाउने जुलुसमा होइन ?"

उनी पड्की हाले, "कहाँ सम्पदा बचाउने जुलुसको कुरा गरेको ? रवि बचाउने जुलुस भनेको नि । रविको जुलुसमा नआईकन त्यो सम्पदा-फम्पदाको जुलुसमा गएको तिमी ? थुक्क तिम्रो बुद्धि !"

भयो अब ? अहिले त स्थिति कस्तो छ भने रविको पक्षमा बोलूँ, भेडा भनेर आलोचना । विपक्षमा बोलूँ, भ्रष्टाचारीको मतियार भनेर गालीगलौज । चुप लाएर बसूँ, देशमा यत्रो बबाल भइरहेका बेला तँ चुप लाएर बस्न लाज लाग्दैन भनेर अर्को झट्का । कतिले त रवि दाइलाई प्रहरीले समातेका बेला प्रधानमन्त्रीचाहिं सिंगापुरमा उपचार गर्न हिंडेछन्, कस्ता प्रधानमन्त्री यी समेत भने ।

अब त कसैले आत्महत्या गर्‍यो भनेको सुन्यो कि डर लाग्न थालिसक्यो । आत्महत्या गर्नेले कसको नाम लिएछ ? प्रेममा फेल हुनेले प्रेमिकाको नाम लिइदियो कि ? परीक्षामा फेल हुनेले प्रिन्सिपलको नाम लिइदियो कि ? मुद्दा हार्नेले न्यायाधीशको नाम लिइदियो कि ? टाट पल्टेको व्यापारीले बैंक म्यानेजरको नाम लिइदियो कि ? चुनाव हार्ने नेताले मतदाताको नाम लिइदियो कि ? अथवा नयाँ आएको यो कानुनले पीडित कुनै मनुवाले कानुन बनाउने सांसदकै नाम पो लिइदियो कि ? नलेला र नाम ?

मीन एक : भाम अनेक

[पर्सोनाज २.०]

महानगर संवाददाता
घाटमान्डु पोस्ट

प्रसंग १ : नेपाली चलचित्र क्षेत्रलाई नियमन एवं व्यवस्थापन गर्न बनेको विधेयकउपर रिपोर्टर्स क्लबमा बोल्दै गरेका सञ्चारमन्त्रीमाथि फिल्म निर्देशक मीन भामले जुत्ता प्रहार गरेका छन् । प्रत्यक्षदर्शीका अनुसार भामको किम्ती जुत्ताको बजार मूल्य कम्तीमा २७ हजार पर्ने अनुमान गरिएको छ ।

प्रसंग २ : मीन भामले आफ्नै चलचित्रका सिनेमाटोग्राफर प्याराजंग पराजुली, ४५, को गोली प्रहार गरी हत्या गरेका छ । प्रहरीका अनुसार भामका इच्छाविपरीत दिवंगत पराजुलीले चलचित्रकी नायिकाको नग्न दृश्य छायांकन गरेका थिए ।

प्रसंग ३ : दरबारमार्गस्थित एउटा क्याफेमा ग्याङस्टरको भिडन्तमा चलेको गोली लागेर मीन भामको घटनास्थलमै ज्यान गएको छ । क्याफेकी वेट्रेसका अनुसार मर्नुअघि मीन भामले जिन्स प्यान्टको खल्तीबाट माउथ अर्गन बाजा निकाली राष्ट्रिय गानको धुन बजाएका थिए ।

●●

माथि चर्चा गरिएका जुत्ता प्रहार गर्ने, गोली हान्ने र गोली खाने प्रसंग मीन भामसित जोडिएका केही प्रतिनिधि घटना हुन् । विगत दुई साताययता फिल्ममेकर मीन भाम पत्रिकाको हेडलाइन बनेका छन् । ब्रेकिङ न्युज बनेका छन् । मीन भामले पटक-पटक हत्या गरेका छन् । मीन भामको पटक-पटक हत्या गरिएको छ ।

यतिका मीन भामहरू कताबाट उत्पत्ति भए ? एउटै मान्छे पटक-पटक कसरी मर्छ ? एउटै मान्छेले विभिन्न घटनास्थलमा एकै समय कसरी यतिका वितण्डा मच्चाउन सक्छ ? खोजीको विषय भएको छ ।

खोजीको सिलसिलामा यो संवाददाताले मीन भामको जीवनसित प्रत्यक्ष/परोक्ष रूपमा जोडिएका केही मानिससित सम्पर्क गरेको थियो । भामकी पूर्वप्रेमिका सुजाता कोइराला, २५ (नाम परिवर्तन) ले भनेकी छन्, "मीन भाम हिजो दिउँसो मेरो अपार्टमेन्टमा आएको थियो । हामीबीच आत्माको अस्तित्व विषयमा अचाक्ली विवाद हुंदा मैले चक्कु हानी उसको हत्या गरेकी हुं । त्यो चक्कु अर्थात् स्वीस नाइफ केही वर्षअघि उसैले मलाई जेनेभाबाट उपहार ल्याइदिएको थियो ।"

महानगर प्रहरी प्रमुख त्रिलोचन दर्शनधारी, ५५, का अनुसार घटनामा संलग्न भामहरू वास्तवमा मीनका मल्टिपल पर्सोनाज हुन् । उनी भन्छन्, "मीन एक छ, भामहरू अनेक छन् । हामी तिनै भामहरूको ओर्जिनल पर्सोनाज मीनको तलासमा छौं । तर मीन गायब छन् ।"

कुमार नगरकोटी

दर्शनधारीले हामीमाझ एउटा गुप्त रहस्य पनि उजागर गरिदिएका छन् । निजका अनुसार एउटा ओरिजिनल पर्सोनाजबाट मल्टिपल पर्सोनाजको उत्पादनमा भूमिगत गिरोह नै लागेको छ । अहिले 'मीन एक : भाम अनेक' को घटना मात्र सतहमा आएको हो । चाँडै नै 'पुष्पकमल एक : दाहाल अनेक', 'शेरबहादुर एक : देउवा अनेक', 'बाबुराम एक : भट्टराई अनेक' जस्ता संक्रामक घटना फैलने छन् । "त्यसो भएको खण्डमा," दर्शनधारी भन्छन्, "ओलीहरू विभिन्न खालका अपराधमा संलग्न भएको देखिइनेछ, ओलीहरूको ओर्जिनल पर्सोनाज खड्गप्रसाद भने गायब हुनेछ, बिल्कुल मीन भामझैं ।"

मीन भामका मौसमी मित्र कुमार नगरकोटीको बयान पनि चाखलाग्दो छ । आगे नगरकोटीले बोलेका कुरा नगरकोटीकै शब्दमा ।

●●

कालो पोथी च्यापेर फुटपाथमा लखरलखर हिंडिरहेका मीन भामलाई मैले सोधें, "एकाबिहानै यो कालो गृहपन्छी बोकी कता ?" उनले भने, "यो पोथीले प्रेमी खोजेर मलाई हत्तुहैरान पारी । त्यसैले कालो भाले खोज्न हिंडेको ।" त्यसपछि अरू केही नबोली उनी आफ्नो बाटो लागे । म एउटा गल्लीभित्र छिरें ।

मीनलाई फेरि देखें, खर्पन बोकी कुप्रँदै हिंडिरहेको । खर्पनको एकातिर चम्सुर-पालुङको चाङ, अर्कोतिर पुष्पगुच्छाका रास । उनले मलाई- तारेमाम भाजु- भन्दै एउटा पुष्पगुच्छा दिए । लगत्तै हंसचालामा खोच्चिंदै-खोच्चिंदै गल्लीबाट अलप भए ।

पुष्पगुच्छा बोकी आफ्नै सुरमा हिंडिरहेको थिएं । कसैले पछाडिबाट आवाज दियो, "जय शम्भो ! भिक्षाम् देही ! अल्लाह के नाम मे कुछ देदे रे महाराज !" पछाडि हेरें । मीन भाम कमण्डलु बोकी उभिएका थिए । कमण्डलुमा पुष्पगुच्छा राखिदिएं । प्रसन्न मुद्रामा भने, "मे गड अलमाइटी ब्लेस यु, माई चाइल्ड !"

कस्तो अचम्म ! ३ वटा मीन भामलाई आज मैले ३ ठाउँमा भेटें । अलग-अलग रूपमा/पर्सोनाजमा । ३ मध्ये कुनचाहिं ओरिजिनल मीन भाम थियो ? म निकै अलमलमा परिगएको छु । ने

राम्ली लेकका

गोठाला

महेश केसी/रुकुम पूर्व

'राम्ली डाँडा काट्नेबित्तिकै
बाँचे भेट, मरे त यत्तिकै....'

भूमे गाउँपालिकाको शिरमा रहेको राम्ली लेकको थुम्कोमा बसेर श्यामलाल मगरले यो गीत दोहोऱ्याएर गाए । उनको यो गीतले राम्लीको जंगल गुञ्जियो । डाङडुङ आवाज निकालेर चरनमा मस्त वस्तुभाउको आवाजमा श्यामलालको गीत पनि मिसियो । वातावरण यसै संगीतमय बन्यो ।

रुकुम पूर्वका लेकाली भेग, खर्क अनि वनजंगल यतिबेला खुबै रमाइला हुन्छन् । रमाइला त अरू बेला पनि हुन्छन् नै । तर साउनमास वस्तुभाउ र गोठालाको चहलपहलले यहाँको लेकाली वातावरणमा छुट्टै रौनक छाउँछ । लगभग २५ सय मिटर उचाइको रुकुम पूर्वको भूमे-३ मा पर्ने राम्ली लेकमा त्यहाँका विभिन्न बस्तीबाट गोठाला लेक उक्लिएका छन् । बँसीको गर्मी छल्न र वस्तुभाउलाई ताजा घाँसपात खुवाउन हरेक वर्ष आफूहरू यसरी लेक उक्लिने गरेको श्यामलाल सुनाउँछन् ।

साउनभरि यहाँका स्थायी गोठमा बसेर वस्तुभाउ चराउने सर्वसाधारण साउन सकिएपछि भदौमा अलि तलको अर्को गोठमा सर्छन् । असोजदेखि मंसिरसम्म बँसी झरेर धान-मकैको काम गर्छन् अनि पुसदेखि फागुनसम्म हिउँ पर्न सक्ने र चिसो बढ्ने हुनाले मूलघरमै रहन्छन् । त्यसपछि चैत-वैशाखमा बँसीमा गहुँ, जौको काममा लाग्छन् र जेठभरि मूलघरमै रहन्छन् । असारदेखि फेरि सुरु हुन्छ, लेकतिरको यात्रा । असारभरि गोठाला अहिले रहेको भन्दा पनि माथिको लेक पुग्छन् र साउनमा राम्लीको लेक भरिलो बनाउँछन् ।

यहाँको बसाइँ अस्थायी भएकाले बँसीबाट अन्नपात बोकेर ल्याउन सजिलो छैन । गोठ उक्लेकाहरू फुर्सदमा डोको बुन्ने, गाईभैंसी बाँध्ने दाम्ला बुन्ने र डाँडापाखा चहार्दै लोकभाका सुसेल्छन् । गोठालाको गीतले रनवन गुञ्जिन्छ । वस्तुभाउ वनमा नहराऊन् भनेर घाँटीमा झुन्ड्याइदिने घन्टीको आवाजले प्रकृति संगीतमय हुन्छ नै ।

आफ्ना वस्तुभाउसहित अन्नपात बोकेर उकाली-ओराली गर्दै वर्षमा चार-पाँच ठाउँ बसाइँ सर्ने यहाँका जनताको दैनिकी कष्टकर नै छ । यसलाई सहज बनाउन स्थानीय सरकारले आवश्यक योजना बनाउने गाउँपालिका अध्यक्ष रामसुर बुढा बताउँछन् । "वर्षमा धेरै ठाउँमा बसाइँ सर्ने स्थानीयको बाध्यता हो," भन्छन्, "स्थानीय सरकारले आगामी दिनमा आवश्यक योजना बनाएर उनीहरूको दैनिकी सहज बनाउन पहल गर्नेछ ।" ने

भारतीय सेनामा भर्ती गराइदिने प्रलोभन दिएर नेपाली युवाबाट करोडौँ रकम ठग्नेमाथि कारबाही माग गर्दै जिल्ला अदालत बाँकेको मुख्य द्वारमा धर्ना दिँदै भूपू भारतीय सैनिक

सैन्य भर्तीमा करोडौँको खेलो

प्रशिक्षण केन्द्र खोलेका भूपू सैनिक नै बिचौलिया

जे पाण्डे/नेपालगन्ज

भारतीय सेनामा भर्ती हुन नेपालगन्जमा झन्डै पाँच सय युवा लामबद्ध थिए, १६ देखि २३ जेठसम्म । त्यही जमात देखेपछि भारतीय भूपू सैनिककै एक समूहमा १० करोड रुपैयाँ कमाउने लालच जाग्यो ।

अघिल्लो वर्ष पोखरामा सेटिङ मिलाएर भर्ती गराउँदा ३४ करोड रुपैयाँ असुलेको सुइँको पाएको त्यो समूहले करिब २ सय बेरोजगार युवालाई भर्तीको प्रलोभन दियो । भारतीय फौजमा भर्ना हुन लालायित युवा घुस खुवाउन तयार भइहाले ।

भर्ती अभ्यासका लागि भूपू भारतीय सैनिकले नेपालगन्ज, पोखरा, बुटवल, दाङ, सुर्खेतलगायतका सहरमा तालिम केन्द्र खोलेका छन् । ती तालिम केन्द्र कम, बिचौलिया अधिकको भूमिकामा देखिन्छन् ।

भारतीय गोर्खा सैनिकबाट अवकाशप्राप्त रामकाजी पाण्डे र अर्जुन पौडेलले चितवनको भरतपुरमा संयुक्त रूपमा एलाइट फोर्स ट्रेनिङ सेन्टर चलाएका छन् । अर्का भूपू निरबहादुर थापा मगरले बुटवलमा एडभान्स ट्रेनिङ सेन्टर चलाएका छन् । भूपू तिलक जिसी र सन्जु क्षत्रीको दाङमा द ब्रेभ गोर्खा ट्रेनिङ सेन्टर छ । पोखरामा भूपू सूर्यबहादुर थापा क्षत्री, पदमबहादुर पुन, केयरसिंह गुरुङ र अविनाश चन्दको धौलागिरि गोर्खा ट्रेनिङ र पोखरामै एकराज गुरुङको ड्रिम भिजन गोर्खा ट्रेनिङ सेन्टर छ । गणेशबहादुर राना, भरत चन्द र सुरेन्द्र थापाले सुर्खेतमा उस्तै खाले ब्रेभ गोर्खा नामक ट्रेनिङ सेन्टर सञ्चालन गरेका छन् ।

भर्तीका 'डिलर'

यस्ता फौजी तालिम केन्द्रले प्रतिव्यक्ति कम्तीमा २५ हजार रुपैयाँ लिएर डेढ सयदेखि २ सय जनालाई तालिम दिने गरेका छन् । तालिम केन्द्रभन्दा बाहिरका युवालाई भर्तीका लागि बटुल्ने दलाललाई 'डिलर' भन्ने गरिन्छ ।

पछिल्लो पटक सुर्खेतको ब्रेभ गोर्खा ट्रेनिङ सेन्टरका सञ्चालकले भारतीय सेनामा भर्ना हुन चाहने १ सय बेरोजगार युवालाई नेपालगन्ज पठाए । द एड्भेन्चर ट्रेनिङ सेन्टर बुटवल र गोर्खा ट्रेनिङ सेन्टरले पनि युवा ल्याए । पुरनसिंह खत्री र तिलबहादुर वलीसहितको द ब्रेभ गोर्खा ट्रेनिङ सेन्टरले भर्तीका लागि तयार पारेका ६० जना युवा पठायो । तीमध्ये शारीरिक परीक्षण उत्तीर्ण गरी ४० जना लिखित परीक्षामा पुगेका थिए ।

योजनाअनुसार गोरखपुरका ब्रिगेडियर जनरल अजय पासवोला र अन्य ४ जना कर्णेललाई मिलाउन बिचौलिया खटिए । ब्रिगेडियर जनरलको टोली नेपालगन्जमा रहेको कर्णाली प्रदेश प्रहरी तालिम केन्द्रमा प्रश्नपत्र बनाउँदै थियो । त्यही प्रश्नपत्र आउट गर्ने र १० करोड रुपैयाँ उठाएर दामासाहीले बाँड्ने अन्तिम योजना थियो । पूर्वगोर्खाभित्र द्वन्द्वसँगै बार्गेनिङ चर्किंदै गर्दा समूह-उपसमूहमा विभाजित भए ।

ब्रिगेडियर जनरलसँग तालमेल मिलाइसकेको टोलीले अर्को पक्षद्वारा राखेको पैसाको प्रस्ताव पूरै अस्वीकार गऱ्यो । बिचौलिया बनेका भूपू गोर्खा आर्मी मुखमा पर्न थालेको कमिसन बाँड्ने पक्षमा देखिएन । आन्तरिक द्वन्द्व अन्ततः प्रतिशोधमा रूपान्तरण भयो ।

नेपाल भूतपूर्व सैनिक विकास समितिका अध्यक्ष भीम रानाको अप्रेसन टिमले नेपाल प्रहरीलाई सूचना दिई नियन्त्रणमा लिन पूरै शक्ति लगायो । १५ जेठदेखि नै बिचौलियाले सुर्खेतरोडस्थित बाटिका होटलमा अड्डा जमाएका थिए ।

पुनराघाट गोर्खा ब्रिगेडभित्रै बनेको यो सेटिङपछि छुट्टीमा बाँकेको खजुरा गाउँपालिका डी गाउँस्थित घर आएका बलराम खत्री ठगी धन्दामा सामेल थिए । ब्रिग्रेडियर जनरल पासवोलाको कमान्डमा रहेका खत्रीले पैसा असुल्न थाले । होटलमा कोठा मिलाइदिने व्यस्थापनको जिम्मामा भूपू ललित चन्दको थियो । चितवन भरतपुर महानगरपालिका-७ मुक्तिपुरका अर्जुन पौडेल, भरतपुर महानगर कृष्णपुरका रामकाजी पाण्डे, रूपन्देही तिलोत्तमा

नगरपालिका-९ का निरबहादुर थापा मगर, पोखरा महानगरपालिका-७ राष्ट्र बैंक चोकका सूर्यबहादुर थापा क्षत्री मुख्य योजनाकार भएको प्रहरी दाबी छ ।

यस्तो रहस्यको पर्दा त्यति बेला खुल्यो, जब गोर्खा सैनिकको भर्नाका लागि लिखित परीक्षा हुन आठ घन्टा मात्र बाँकी थियो । नेपाल भूतपूर्व सैनिक विकास समितिका अध्यक्ष भीम रानाले त्यसको सुइँको फोनबाटै प्रहरीलाई सूचना दिए, २१ जेठमा । प्रहरीले तत्काल छापा मार्‍यो । त्यसबाट भारतीय सैनिकको मिलेमतोमा पोखरा, नारायणगढ र नेपालगन्जमा हरेक वर्ष घुस लिएर भर्ना गर्दै आएको तथ्य खुलेको छ ।

"गोर्खा भर्तीमा वर्षौंदेखि यसरी घुसखोरी र ठगीधन्दा चल्दै आएको छ । गत वर्ष पोखरामा भारतीय सेनाको भर्ना खुल्दा ३४ करोड रुपैयाँ असुलिएको हामीलाई थाहा छ," एक भूपू गोर्खा भन्छन् । प्रहरीले नियन्त्रणमा लिएका गोर्खा रेजिमेन्टका एकबहादुर गुरुङ, सूर्यबहादुर थापा, रामकाजी पाण्डे, अर्जुन पौडेल, निरबहादुर थापाविरुद्ध ठगी मुद्दा चलायो । भीम राना भन्छन्, "ब्रिगेडियर जनरल अजय पासवोलाको मिलेमतो नभई यस्तो हुनै सक्दैन ।"

प्रहरीले बाटिका होटलको कोठा नम्बर १०२, १०४ र १०६ मा छापा मार्दा ब्रिगेडियर जनरललाई त्यहाँ बोलाइए पनि उनी आउन चाहेनन् । राना भन्छन्, "हामी प्रश्नपत्र बनाउँदै छौं, आउन सक्दैनौं भन्ने जवाफ दिए ।" जबकि प्रश्नपत्र भारतबाटै सिल गरेर ल्याइन्छ । पासवोलाको उक्त भनाइले मिलेमतोको आशंकालाई बल पुगेको छ ।

कोठा नम्बर १०४ मा पाण्डे र पौडेल थिए । कोठाको पश्चिम-दक्षिण भित्ताको र्‍याकमा कालो रंगको झोला झुन्ड्याइएको थियो । त्यसैमा २६ लाख ६० हजार रुपैयाँ फेला पर्‍यो, जुन बहालवाला सैनिक बलराम खत्रीले असुलेका थिए । अर्जुनले प्रहरीलाई दिएको बयानमा भनेका छन्, 'त्यो पैसा खत्रीले ल्याएका हुन् ।'

प्रहरीले आवेदनका ७२ वटा मोबाइल पनि तिनै कोठाबाट बरामद गरेको थियो । होटलबाट ३८ लाख बरामद गरिएको थियो । उनीहरूसँगै रहेका दुई युवतीको कोठाबाट पनि ६ लाख ५० हजार रुपैयाँ भेटिएको थियो । लिखित परीक्षामा आउने सम्भावित प्रश्नको उत्तर सिकाउने भन्दै राती ८ बजेदेखि युवालाई होटलमा बोलाइएको थियो । त्यसरी आउने नवीन राई भन्छन्, "साँझ होटलको हलमा भेला गराए । पछि कोठामा राखे । लिखित परीक्षामा पास हुने भए १ लाख रुपैयाँ नगदै जम्मा गर्नुपर्छ भनेका थिए ।" ठगिने अन्य युवामा अमित सुनार, सन्दीप नाथ, सारु थापा, बुद्ध सोमई मगर, रोशन शाही, दीपेन्द्र गिरी, मदनबहादुर मल्ल र टेम्बा भोटेलगायत छन् ।

प्रहरीको मिलेमतो

अघिल्लो पटक भर्ती हुँदा गोरखपुरमा मेडिकल परीक्षामा फेल भएका विनोद थापा मगर दोस्रो पटक भर्ती खुल्दा नेपालगन्ज आएको सुनाउँछन् । भन्छन्, "लिखित परीक्षाको प्रश्न आउट हुन्छ, रिसोर्टमा आउनू भनेर बोलाएर होटलको हलमा राखेका थिए । प्रहरीले छापा मारेर बाहिर निकाल्यो ।"

ठगी धन्दामा पक्राउ परेका अर्जुन पौडेलले पनि लिखित परीक्षामा आउने सम्भावित प्रश्न र एन्सर सिटबारे सिकाउन युवालाई होटलमा बोलाएको स्वीकारेका छन् । २६ फागुन ०६५ मा पोखरामा भएको परीक्षामा पास भई गोरखपुरमा मेडिकल दिई बसेका प्रकाश थापा मगरले बयानमा भनेका छन्, 'सुर्खेतमा ब्रेभ गोर्खा सेन्टरबाट तालिम लिएको थिएँ । त्यो बेला पनि पोखरामा लिखित परीक्षाको अभ्यास गराएका थिए, जुन भोलिपल्टको परीक्षामा हुबहु मिलेको थियो ।'

परीक्षामा पास गराइदिने भन्दै थुप्रै युवा ठगिएको प्रहरीको भनाइ छ । ठगी धन्दाको अनुसन्धानमा खटिएका बाँकेका प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटा भन्छन्, "अनुसन्धानबाट ठगी गरेको प्रस्ट देखिएको छ ।" होटलमा छापा मार्दा फरार भारतीय गोर्खा सैनिक बलराम खत्रीलाई पक्राउ पुर्जी जारी गरी परराष्ट्र मन्त्रालय हुँदै भारतीय सेनालाई पत्राचार गरेको छ ।

ठगी काण्डमा प्रहरीले मिलेमतो भएको भेटिएको बताएको छ । छापा मार्दा बरामद ३८ लाख १० हजार रुपैयाँमध्ये २ लाख मात्र ठगेको पुष्टि भएको र बाँकी ३६ लाख १० हजार रुपैयाँको स्रोत खुलेको भन्दै मुद्दालाई फितलो बनाइएको छ । पक्राउ परेकालाई मनी लन्डरिङ निवारण ऐन, २०६४ आकर्षित हुने भन्दै प्रहरीले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा पठाएको थियो । आयोगले उनीहरूलाई २६ लाख धरौटीमा छाड्यो भने जिल्ला अदालतले १० लाख धरौटी माग्यो । पूर्वगोर्खा सैनिक खड्कमानसिंह ठकुरी यो प्रकरणले भारतीय सेनामा पूर्वगोर्खाको छवि बिग्रेको बताउँछन् । "खान पुग्ने पेन्सन दिएकै थियो । हाम्रो छवि बिग्रियो," उनी भन्छन्, "पोखरादेखि नेपालगन्जसम्म घुस खाएर पूर्वगोर्खाकै बेइज्जत भयो । भारतीय सेनाले विश्वास नगर्ने अवस्था आयो ।" ने

गृह मन्त्रालयको पत्र



भारतीय दूतावासको पत्र

प्रहरी तालिम केन्द्र नै भारतीय भर्तीस्थल

कर्णाली प्रदेशको प्रहरी तालिम केन्द्र छ, प्रदेश ५ को नेपालगन्जमा । अघिल्ला वर्षसम्म भारतीय सैन्य भर्तीस्थल रंगशाला हुँदै आएकामा यस पटक आठ दिनसम्म प्रहरीको तालिम केन्द्रमै भयो । भारतको गोरखपुरस्थित (जीआरडी पुनराघाट) गोर्खा रेक्रुटिङ ब्रिगेडका ब्रिगेडियर जनरल अजय पासवोलाले ४ कर्णेलसँगै सञ्चार उपकरणसहित नेपाल प्रहरीको तालिम केन्द्रमा अड्डा जमाएका थिए । सुरक्षा र गोपनीयताका दृष्टिले अति संवेदनशील प्रहरी तालिम केन्द्रमै भारतीय फौजले शारीरिक र लिखित परीक्षा लियो ।

भारतीय दूतावासले २८ मईदेखि ६ जुन २०१९ सम्म नेपालगन्जमा इन्डियन आर्मी रिक्रुटमेन्ट र्‍याली आयोजना गर्ने भन्दै परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई पत्र पठाएको थियो, १५ मे २०१९ मा । सोही पत्रका आधारमा गृह मन्त्रालयले ८ जेठमा प्रहरी प्रधान कार्यालय र जिल्ला प्रशासन कार्यालय बाँकेलाई र्‍यालीका लागि आवश्यक प्रबन्ध मिलाइदिन दूतावासको पत्रको छाया प्रति राखेर अर्को पत्र लेखेको थियो ।

फैलँदै डेंगु

संक्रमण नियन्त्रण कठिन



सरोज बैजु

^ काठमाडौँमा पनि : टेकु अस्पतालमा उपचारार्थ डेंगु रोगका बिरामी

माधव घिमिरे/विराटनगर

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा दैनिक ३० जनासम्म डेंगुका नयाँ बिरामी थपिन्छन् । प्रदेश १ का डेंगु उपचारका लागि जानेसमेत गरी बिरामीको चाप बढेपछि नियन्त्रण कठिन बनेको छ ।

धरानमा पहिलो पटक डेंगु संक्रमित फेला परेका थिए, २९ वैशाखमा । त्यसयता प्रदेश १ का धेरैजसो जिल्लामा यो संक्रमण फैलिसकेको छ । उदयपुर, पाँचथर र मोरङ, झापा, संखुवासभा, ताप्लेजुङ, धनकुटालगायत जिल्लामा पनि डेंगु संक्रमित देखिएका छन् ।

सर्वसाधारण मात्र होइन, यसको संक्रमणबाट चिकित्सकसमेत प्रभावित बनेका छन् । उदयपुर कटारी बजारस्थित कटारी मोडल पोलिक्लिनिकका डा गणेशलाल दास डेंगु संक्रमित बनेपछि हाल काठमाडौँस्थित ग्रान्डी अस्पतालमा उपचार गराइरहेका छन् ।

डेंगु संक्रमितको संख्या धरानमा मात्रै ५ हजार पुगेको छ । स्वास्थ्य संस्थाको सम्पर्कमा पुगेकाहरूको संख्याका आधारमा यो तथ्यांक रहे पनि यसभन्दा बढी बिरामी रहेको हुन सक्ने स्वास्थ्यकर्मीको अनुमान छ । धरानमा घरैपिच्छे डेंगुका बिरामी भेटिन थाले पनि नियन्त्रणका लागि स्थानीय स्तरबाट भएको प्रयास पर्याप्त देखिँदैन ।

धरान उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत विनोद पोखरेलका अनुसार इपिडिमियोलोजी रोग नियन्त्रण महाशाखा, प्रदेश स्वास्थ्य मन्त्रालय, संघीय सरकारको स्वास्थ्य मन्त्रालयलगायत निकायलाई सहयोग मागिएको छ । नियन्त्रणका लागि दक्ष प्राविधिक मात्र होइन, आर्थिक समस्यासमेत रहेको उनको भनाइ छ । नगरले औषधी स्प्रे गर्ने, चेतनामूलक कार्यक्रम चलाउने आदि काममा ३० लाख रुपैयाँभन्दा बढी खर्च गरिसकेको छ ।

नियन्त्रणका लागि प्रतिष्ठानका चिकित्सकको सहभागितामा र्‍यापिड रेस्पोन्स टिम बनाएर काम थालिए पनि प्रभावकारी हुन नसक्दा संक्रमण नियन्त्रण हुन सकेको छैन । डेंगु भाइरस संक्रमित एडिस एजिप्टाई र एडिस एल्बोपिक्टस जातको पोथी लामखुट्टेबाट फैलिएको हो । डेंगु संक्रमणबारे जानकारी लिन केन्द्रीय सरकार मातहतका अधिकारीको बेग्लाबेग्लै टोली आए पनि नियन्त्रणको ठोस पहल नभएको उपमहानगर पदाधिकारी बताउँछन् । सरकारले डेंगु उपचार निःशुल्क घोषणा गरे पनि परीक्षण गर्ने कीट उपलब्ध नहुँदा समस्या भएको चिकित्सकको भनाइ छ । सरकारी अस्पतालमा यस्तो कीट नभएपछि बिरामी महँगो मूल्य तिरेर निजी अस्पताल र स्वास्थ्य संस्थामा परीक्षण गराइरहेका छन् ।

डेंगु प्रदेशभर महामारीकै रूपमा फैलिरहेको अवस्था भए पनि नियन्त्रण गर्न सरकार लाचार देखिएको छ । प्रदेश १ का सामाजिक विकासमन्त्री जीवन घिमिरे धरानबाट सुरु भएको डेंगु प्रदेशभरका जिल्लामा फैलिँदै गएको उल्लेख गर्दै नियन्त्रणमा आउन नसकेको बताउँछन् । संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको रोग नियन्त्रण महाशाखा र प्रदेश १ सामाजिक विकास मन्त्रालयले डेंगु नियन्त्रणका लागि अभियान चलाइरहे पनि नियन्त्रणमा आउन नसकेको उनको भनाइ छ ।

धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको माइक्रोबायोलोजी विभागले सन् २०१६ मा डेंगु संक्रमण गराउने एडिस एजिप्टाई र एडिस एल्बो पिस्टस जातको पोथी लामखुट्टेमाथि झापाको काँकडभिट्टा, दमक, धरान र विराटनगरमा अनुसन्धान गरेको थियो । त्यसबेला चार प्रकारका डेंगु भाइरसमध्ये सेरोटाइप-२ डेंगु भेटिएको र तीन वर्षपछि हाल धरानलगायत क्षेत्रमा फैलिएको डेंगुको भाइरस पनि सेरोटाइप-२ नै भएको प्रतिष्ठान माइक्रोबायोलोजी विभागले जनाएको छ ।

उक्त विभागका एडिसनल प्रोफेसर डा नारायण भट्टराईका अनुसार सेरोटाइप-२ प्रकार त्यति धेरै खतरनाक भने होइन । तर अर्को पटकको प्रकोपमा पहिले डेंगु संक्रमित भइसकेकालाई सेरोटाइप-३ को भाइरस संक्रमण भए अवस्था जटिल हुन सक्छ । ने

अनुसन्धानमै खेलाँची

सेवा विशिष्टीकरण नगर्दा प्रहरी संगठन अपराध अनुसन्धानका आधारभूत प्रमाण नै जोगाउन नसक्ने अवस्थामा

मनबहादुर बस्नेत

शव कोठामा झुन्डिएको अवस्थामा छ । छेउछाउ टन्नै मानिस छन् । कोठाभित्र छिर्ने ढोकामा त मानिसको भीड ठेलमठेल देखिन्छ । कोही मोबाइलबाट भिडियो/फोटो खिचिरहेका छन् । लाग्छ, त्यहाँ कुनै जुलुस भइरहेछ । एक प्रहरी अभिलेख पुस्तिकामा केही टिपिरहेको देख्दा मात्रै कुनै आपराधिक घटनाको मुचुल्का उठिरहेछ भन्ने लख मुस्किलले काट्न सकिन्छ ।

यो दृश्य हो, चितवन नारायणगढ बजारस्थित होटल कंगारु परिसरको । होटलको २०२ नम्बर कोठामा बसेका पत्रकार शालिकराम पुडासैनीले २० साउनमा आत्महत्या गरेपछि प्रहरीसहित ठूलो संख्यामा मानिस उपस्थित थिए । मानिसको भीड वारदात स्थलमा बाक्लो देखिन्छ, जुन आफैँमा आश्चर्यजनक हो । भौतिक प्रमाण जोगाउन घटनास्थललाई सुरक्षित राख्नुपर्ने प्रहरीको पहिलो दायित्व हुन्छ ।

एक वर्षअघि अर्को चर्चित घटनाको दृश्यसमेत योभन्दा फरक थिएन । १० साउन ०७५ मा बलात्कारपछि मारिएकी कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्तको शव भेटिएको ठाउँमा यस्तै रमिता देखिएको थियो । अघिल्लो दिनदेखि हराइरहेकी निर्मलालाई खोज्न प्रहरीसहित थुप्रै स्थानीयसमेत तल्लीन थिए । उखुबारीमा शव भेटिएपछि खोजकर्ताले घेरिहाले । घटनास्थलमा जम्मा भएको भीडलाई प्रहरीले समेत हटाएन । शव खोज्न तीन प्रहरी खटिएका थिए ।

उनीहरूले जिल्ला प्रहरी कार्यालयमा खबर गरेको २५ मिनेटपछि सिन अफ क्राइम इन्भेस्टिगेसन अफिसर (सोको) टिमसहित थप मद्दती प्रहरी आयो । तर सोको टिमले समेत उक्त भीडलाई हटाएर घटनास्थल सिलबन्दी गरेन । पानी भएको अप्ठेरो ठाउँमा शव रहेकाले भीडलाई नहटाइएको हुन सक्ने एक अनुसन्धान अधिकृतले बताए । जस्तोसुकै कठिन परिस्थितिमा पनि घटनास्थललाई सुरुमै आफ्नो नियन्त्रणमा लिएर जोगाउनु प्रहरीको मूल दायित्व हुन्छ । पहेँलो फित्ताले चारैतिर बाँधेर सबुद प्रमाण सुरक्षित तुल्याउनु प्रहरीको प्राथमिक जिम्मेवारी हो, जसलाई सिन अफ क्राइम भनिन्छ। सिन अफ क्राइम जति दुरुस्त राख्न सकियो, उति अनुसन्धान सही दिशामा जाने भएकाले पनि यसको महत्त्व ज्यादा छ। सुरुका प्रमाण जोगाउन नसके अनुसन्धान जेलिँदै मात्र जाँदैन, गलत दिशामा समेत पुग्छ। "सिन अफ क्राइम अपराध अनुसन्धानको मेरुदण्ड हो," नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक (एआईजी) नवराज ढकाल भन्छन् ।

उल्टो बाटो

अफसोस, अपराध अनुसन्धानको यही मेरुदण्ड भाँच्न प्रहरी स्वयं अग्रसर भएको एक वर्षको अन्तरालका यी दुई प्रकरणले देखाउँछन् । पत्रकार पुडासैनी आत्महत्या प्रकरणमा त प्रहरीको चरम लापरबाही देखिन्छ । ठूलो भीडले शव घेर्दासमेत प्रहरीले रोकेन। बेडमा समेत मानिसको उपस्थिति देखिन्छ । रौं, फिंगर प्रिन्टजस्ता प्रमाणका सबुद त्यहाँ हुन सक्ने र अनावश्यक मानिसको भीडले ती नष्ट हुनेतर्फ प्रहरीको ध्यानै गएन। बरु प्रहरी स्वयं रमिते बन्यो ।

प्रहरीको जनशक्ति व्यवस्थापन गर्ने नीति हेर्दा जघन्य अपराधमा यस्तो बेपर्वाह लापरबाही अनपेक्षित भने होइन । नीति निर्माणकर्ताले प्रहरीलाई अपराध अनुसन्धानमा काबिल संगठन बनाउन ध्यान नदिएकाले यस्तो हविगत देखिएको हो । प्रहरीको मूलभूत जिम्मेवारी नै शान्ति-सुरक्षा र अपराध अनुसन्धान हो । तर अपराध अनुसन्धानमा समर्पित जनशक्ति उत्पादनमा भने सरकारदेखि स्वयं प्रहरी संगठन प्रमुख कोही गम्भीर बनेका छैनन् ।

७६ हजारको फौजमा अपराध अनुसन्धान गर्ने जनशक्तिको दरबन्दी ५ प्रतिशत मात्र छ। दरबन्दीबिनाका कर्मचारीसहित यो ७ प्रतिशतको

> मुटु विशेषज्ञ डाक्टरले कलेजोको उपचार गर्न सक्दैन । त्यस्तो गरे बिरामी ज्यान तलमाथि हुन्छ भन्ने हेक्का राखौँ ।
>
> **– बलराम केसी**
> पूर्वन्यायाधीश, सर्वोच्च अदालत

हाराहारी उक्लिएको छ । उक्त जनशक्तिले पनि अपराध अनुसन्धान मात्र गर्छ भन्ने छैन। उसको ट्राफिकदेखि हूलदंगा नियन्त्रणसम्ममा सरुवा हुन्छ । अर्थात्, अपराध अनुसन्धानमा समर्पित जनशक्तिहीन छ, प्रहरी ।

एकातिर अपराधको वृद्धि तीव्र गतिमा बढिरहेको छ भने अर्कोतिर यसलाई रोक्ने दक्ष जनशक्ति तयार गर्न ध्यानै पुग्न सकेको छैन। परिणाम हाजिर छ, अपराध अनुसन्धानको आधारभूत काम गर्नसमेत प्रहरीलाई हम्मे पर्न थालेको चितवनको घटना । नेपाल प्रहरीको अपराध अनुसन्धान विभागको ०७० देखि ०७४ सम्मको आँकडाले अपराध दर अचाक्ली बढेको देखाउँछ । ०७१/७२ मा २.५० प्रतिशतले बढेको आपराधिक घटना ०७३/७४ मा १० प्रतिशत पुगेको छ। अर्को आवमा यो वृद्धिदर दोब्बरभन्दा बढी पुगेको छ । ०७४/७५ मा अपराध २४ प्रतिशत बढेको छ। झस्काउने अर्को पक्ष भने जघन्य प्रकृतिका र संगठित अपराध पनि उत्तिकै बढेको प्रहरीकै तथ्यांकले खुलस्त पार्छ।

आँकडा यस्तो भए पनि जनशक्ति व्यवस्थापनले प्रहरी ठीक उल्टो बाटो हिँडिरहेको छनक दिन्छ । अपराध अनुसन्धानमा पोख्त जनशक्तिलाई अन्धाधुन्ध अन्यत्र सरुवा गरिन्छ, प्रहरीमा । उदाहरण हुन्, केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा छँदा उत्कृष्ट अनुसन्धान अधिकृत बनेका रमेश बजगाईं। उनलाई अहिले महानगरीय ट्राफिक प्रहरी महाशाखामा सरुवा गरिएको छ । संगठित अपराध अनुसन्धानमा काबिल मानिने बजगाईंको सरुवा नियमविपरीत नभए पनि संगतियुक्त भने होइन। प्रहरी ऐनमा कामको प्रकृतिअनुसार समूह नै छुट्याइएको छैन । तर संगठनको व्यवस्थापकीय भद्रगोल भने यसलाई मान्न सकिन्छ। यस्ता असंगत उदाहरण थुप्रै छन् ।

कुरा हुन्छ, काम हुँदैन

नेपाल प्रहरीमा पाँच खालका प्रहरी छन्, जनपद, सशस्त्र, दंगा नियन्त्रण, पहरा र ट्राफिक प्रहरी। यसबाहेक प्राविधिक प्रहरीको छुट्टै समूह छ। यो समूहको मात्र सरुवा र बढुवा यसभित्रै हुन्छ। अपराध अनुसन्धान गर्ने छुट्टै विशिष्टकृत समूह विभाजित गरिएको छैन । जनपद प्रहरीभित्रै यो जनशक्ति समेटिएको छ।

अपराध अनुसन्धानको छुट्टै जनशक्तिको आवश्यकता प्रजातन्त्र पुनर्स्थापनाको आरम्भिक कालमै उठेको हो। प्रहरी सुधार सुझाव आयोग, ०५० ले प्रहरीलाई यस्तो जनशक्ति अपरिहार्य भएको औँल्याएको थियो। प्रहरीको जिम्मेवारीमा देखा परिरहेका विविधता र जटिलताका कारण संगठनभित्र पेसागत विशिष्टीकरण चाहिने आयोगले सिफारिस गरेको थियो। त्यसअनुसार जनपदभित्रै अपराध अनुसन्धान उपसमूह हुनुपर्ने आयोगको राय थियो। तर तीन दशकसम्म यो सुरक्षा संगठनको जनशक्ति कार्य प्रकृतिअनुरूप विकास गर्ने जमर्को कसैले गरेनन्। यसबीचमा ११ जना प्रहरी प्रमुख बने भने २२ वटा सरकार फेरिए। तर प्रहरीको नियति फेरिएन। निजामती कर्मचारीमा सेवा विशिष्टीकरणको अवधारणा लागू भए पनि प्रहरी संगठनमा त्यो कार्यान्वयन हुन सकेको छैन ।

गणतन्त्र स्थापनापछि ०६५ मा बनेको आधुनिकीकरणसम्बन्धी उच्चस्तरीय कार्यदलले पनि प्रहरीलाई सेवा विशिष्टीकरणअनुरूप वर्गीकरण गर्नुपर्ने राय दिएको थियो । सेवा विशिष्टीकरण नहुँदा प्रहरीको अपराध अनुसन्धान विभाग सबैभन्दा कमजोर रहेकोसमेत कार्यदलको ठहर थियो। कार्यदलको प्रतिवेदनमा भनिएको छ, 'यसले गर्दा फौजदारी न्याय व्यवस्था धराशयी हुने अवस्थामा पुगेको छ।'

अझ सर्वोच्च अदालतले त अपराध अनुसन्धानका लागि छुट्टै प्रहरी संगठनको खाँचो

परेको ९ वर्षअघि नजिर स्थापित गरिदिएको थियो। प्रहरी कर्मचारीबाटै सामूहिक बलात्कारको सिकार भएकी दार्चुलाकी प्रहरी सुन्तली धामीको मुद्दामा फैसला गर्दै सर्वोच्चले यस्तो अपरिहार्यता औँल्याएको हो। न्यायाधीशद्वय बलराम केसी र भरतराज उप्रेतीको इजलासले शान्ति-सुरक्षा र अपराध अनुसन्धानमा एउटै जनशक्ति प्रयोग गर्दा त्यसले प्राथमिकता नपाउने हुँदा सबुद प्रमाण लोप वा नष्ट हुने ठहर गरेको थियो, १५ मंसिर ०६७ मा।

फैसलामा भनिएको छ, 'अपराध अनुसन्धान गर्ने छुट्टै प्रहरी संगठनको गठन नगरी वर्तमान संगठनबाटै अनुसन्धान हुने हो भने प्रहरीको पहिलो ध्यान शान्ति कायम गर्नेतर्फ जाने हुँदा अपराध अनुसन्धान सन्तोषजनक नहुन सक्छ। यसले गर्दा सबुद प्रमाण लोप हुने मात्र होइन, अपराध अनुसन्धान प्रहरीको प्राथमिकतामा पर्दैन। त्यसैले वर्तमान व्यवस्थामा सुधार गरी अपराध अनुसन्धान सम्बन्धमा छुट्टै प्रहरी संगठनको गठन हुनुपर्ने।' यो ०६७ को *नेपाल कानुन* पत्रिकामा प्रकाशित नजिरसमेत हो। जो शान्ति सुरक्षामा खटिन्छ, त्यही प्रहरी अनुसन्धानकर्ता हुँदा फौजदारी न्यायको मान्य सिद्धान्तअनुकूलको कुशल अपराध अनुसन्धान नहुनेसमेत सर्वोच्चको ठहर छ।



^शालिकराम पुडासैनी आत्महत्यापछि घटनास्थलमा जम्मा भएको भीड

एक दशकको अपराध वृद्धिदर



अपराध अनुसन्धानलाई प्राथमिकतामा राख्ने गरी प्रहरीले ०७१ मा क्राइम एक्सन प्लान (क्याप) सुरु गरेको थियो। त्यसअनुसार तीन वर्षभित्र कुल जनशक्तिको १० प्रतिशत अनुसन्धानकारी उत्पादन गर्ने लक्ष्य लिइएको थियो। समयसीमा कटेको दुई वर्ष बिते पनि यो लक्ष्य भेटिएको छैन। साथै मुद्दा चल्ने प्रहरी इकाइमा सोको टिमसहितको जनशक्ति पुर्‍याउने क्यापको चाहना थियो। यसका लागि मापदण्डसमेत बनाइएको थियो। जनसंख्या, मुद्दाको चापअनुसार प्रहरी कार्यालयलाई वर्गीकरण गरेर जनशक्ति बाँडफाँट गरिएको थियो। काठमाडौं परिसरमा २६ र सबैभन्दा सानो इलाका प्रहरी कार्यालयमा ७ जनाको अपराध अनुसन्धान टिम रहने भनिएको थियो। तर त्यो पूरा लागू भएको छैन। सरकारले यसबारे नीतिगत निर्णय गर्न आवश्यक नै ठानेको छैन। पूर्वनायब महानिरीक्षक (डीआईजी) हेमन्त मल्ल क्यापजस्ता सानातिना प्रयासले मात्रै प्रहरीको अपराध अनुसन्धान गर्ने 'कोर' काम नउकासिने बताउँछन्। "पहिले त नीतिगत स्पष्टता चाहिन्छ। त्यसपछि कार्यान्वयनको चरणमा क्यापजस्तै मोडल विकास गर्न सकिन्छ," उनी भन्छन्, "मूल काम नगरी सहायक कामको अर्थ छैन। प्रहरीलाई विशिष्टकृत जनशक्तिमा बाँड्नु जरुरी छ।"

हुन पनि क्यापले अपराध अनुसन्धानलाई छुट्टै समूहका रूपमा विकास गर्ने चाहना त राख्यो तर यो प्रहरीको विद्यमान वृत्तिविकास प्रणालीमा फिट नै हुँदैन। सेवा समूहको अवधारणा भनेको जुन समूहमा भर्ना भएको हुन्छ, निश्चित तहसम्म सोही समूहमा सरुवा, बढुवा हुन मिल्ने प्रणाली भएको मल्ल बताउँछन्। अन्तरसमूह सरुवा, बढुवाका मापदण्डसमेत चाहिन्छ। यसको अर्को पाटो पनि छ। प्रहरी कर्मचारीको बर्सेनि कार्यसम्पादन मूल्यांकन हुन्छ। कार्यसम्पादन मूल्यांकनमा प्राप्त अंकका आधारमा प्रहरीको बढुवा हुने प्रचलन छ। भौगोलिक क्षेत्रमा काम गरेको, पदक पाएको, चुनौतीपूर्ण काम गरेको समयलाई पनि मूल्यांकनको आधार मानिन्छ। क्यापले अपराध अनुसन्धानमा खटिने प्रहरीको वृत्तिविकास के हुने भन्ने निर्क्योल गर्न सकेको छैन। "यसका लागि नीतिगत निर्णय जरुरी छ," मल्ल भन्छन्।

अपराध अनुसन्धान आफैँमा जटिल र तत्कालै जस नपाउने काम हो। तर अनुसन्धानको निचोड निकाल्न सकेन भने त्यसले प्रहरीको साखमै आँच पुर्‍याइदिन सक्छ भन्ने निर्मला पन्त प्रकरणले पुष्टि गरिसकेको छ। फौजदारी मुद्दा नै कमजोर हुने विद्यमान प्रहरी संरचनामा सुधार गर्नुपर्ने न्यायालयले पनि भनिसकेको छ। तर सरकारको आँखा खुलेकै छैन। "मुटु विशेषज्ञ डाक्टरले कलेजोको उपचार गर्न सक्दैन," सर्वोच्चका पूर्वन्यायाधीश तथा ०५० मा सहन्यायाधिवक्ताका रूपमा सुधार सुझाव आयोगको सदस्य रहेका बलराम केसी भन्छन्, "यदि कसैले त्यस्तो गर्न खोज्यो भने बिरामी ज्यान तलमाथि हुन्छ भन्ने हेक्का राखौं।" ने

टिप्पणी

आफैँसँग तर्सेका गणतन्त्रवादी

विष्णु सापकोटा

जसरी आफ्नो व्यक्तिगत नालायकी र राजनीतिक निरंकुशताका कारण देशलाई गणतन्त्रतर्फ डोऱ्याउन तत्कालीन राजा ज्ञानेन्द्रको ठूलो योगदान थियो, त्यसैगरी हजार प्रयास गर्दा पनि धेरै चर्चा पाउन नसक्ने नेपालको सन्दर्भहीन राजतन्त्रलाई चर्चामा ल्याउन गणतन्त्रका नेताहरूको ठूलो योगदान छ। गणतन्त्रका यी ११ वर्षमा पूर्वराजा ज्ञानेन्द्रले जनताको मन छुने न एउटा कुनै लोकप्रिय सामाजिक काम गर्न सके, न त राजनीतिक परिस्थितिबारे उनको कुनै विश्लेषणले देशलाई केही फाइदा पुऱ्याएको छ। न त राजतन्त्र हुँदा प्रत्यक्ष लाभ लिने झुन्डद्वारा परिचालित केही व्यक्तिबाहेक जनताको कुनै तप्काले उनीबाट केही अपेक्षा गरेका छन् । यी सबै यथार्थका बाबजुद किन बेलाबेला इतिहासमा विस्मितजस्तो राजतन्त्रले राजनीतिक चर्चामा 'स्पेस' पाउँछ ? किनकि गणतन्त्रका नेताहरूका लागि आफ्नो कार्य सम्पादनको नालायकी ढाक्न सबैभन्दा सजिलो अस्त्र राजतन्त्रको भूत भएको छ ।

जनताको कुरा छाडिदिऔँ, कार्यकर्ताले जब आफ्ना नेताको नालायकी, स्वेच्छाचारिता र अपारदर्शी जीवनशैलीबाट विरक्तिएर उनीहरूप्रति निराशा व्यक्त गर्छन्, तब नेताले सार्वजनिक रूपमा राजतन्त्रविरुद्ध हुंकार गर्छन् । मानौँ, राजतन्त्र फेरि आउनै लाग्यो ! अनि 'सोझा' कार्यकर्ता आफ्ना नेताको बलिदानपूर्ण इतिहासप्रति तुरुन्त भावुक भइहाल्छन् र राजतन्त्रले गरेका इतिहासको ज्यादतीप्रति आक्रोशित हुन्छन् । जब राजतन्त्र फेरि आउने शंकाको हल्ला बजारमा केही दिन चल्छ, त्यो हल्ला फैलाउन राजतन्त्रवादीभन्दा गणतन्त्रवादी नै बढी अग्रसर हुन्छन् र तिनीहरू भन्न थाल्छन्, गणतन्त्रका नेताको, हाम्रा सत्ता सञ्चालकका केही कमजोरी छन् भने पनि अहिले त्यसको आलोचना गर्ने बेला होइन किनकि गणतान्त्रिक सत्ता सञ्चालकका कमजोरीको आलोचना शासन व्यवस्थाकै विरुद्धको हो, गणतान्त्रिक सरकारको यस्तो आलोचनाले राजतन्त्र फर्किन सक्छ । आफ्नो नालायकी ढाक्न र कामबारे हुने जायज आलोचनासमेतलाई रोक्न योभन्दा सजिलो उपाय के होला ?

कुनै पनि देश गरिब हुनुका 'इन्डिकेटर' हजार होलान् तर तीमध्ये एउटा के छ भने देश जति-जति गरिब हुन्छ र जति-जति कमजोर हुन्छ, त्यहाँका शासक आचरणमा त्यति-त्यति राजतन्त्रजस्तै सामन्ती हुन्छन्। साधारण उदाहरण हेरौँ, यदि कुनै पनि देशको राष्ट्रपति वा प्रधानमन्त्रीको 'सवारी' मा सारा सहर नै अस्तव्यस्त हुन्छ भने संसारको जुन कुनाको भए पनि त्यो देश गरिब रहेछ भनेर बुझे हुन्छ। आफू पूरै राजतन्त्रको सिको गरेर शासक हुने अनि जनताले 'जनताका नेता' भनिएकाहरू पनि त्यही राजाजस्तै सामन्त भए भनेर विरोध गर्दा फेरि त्यही राजतन्त्र नै फिर्ता आउला भनेर जनताको मुख थुन्न खोज्ने प्रवृत्ति र रणनीति अब सर्वसाधारणले पनि बुझ्न सक्ने भएका छन् ।

साँच्चै किन चल्छ, केही महिना वा वर्षमा राजतन्त्र फर्कन्छ कि भन्ने हल्ला ? साँच्चै जनताले राजतन्त्रलाई विकल्पका रूपमा हेर्छन् त ? मेरो विचारमा आम रूपमा नेपाली जनताले राजतन्त्रलाई कम्तीमा ०४६ सालको परिवर्तनपछि कहिल्यै पनि विकल्पका रूपमा हेरेका छैनन् । त्यसपछाडिका कारण र प्रमाण दुवै छन्। राजतन्त्र निरंकुश थियो भन्ने कारण त भयो नै। राजतन्त्रका बेलामा देशमा सुशासन, समृद्धि र अन्य गर्व गर्नलायक उपलब्धि कुनै अन्य शासनकालमा भन्दा बढी भएको थिएन । यदि राजतन्त्रले निरंकुश राजनीतिक प्रणालीमार्फत नै भए पनि सिंगापुर वा चीनले जस्तो आर्थिक समृद्धिमा देशलाई अघि बढाएको हुन्थ्यो भने जनताको एउटा समूहले राजनीतिक र नागरिक अधिकारका कुरा बिर्सेर बरु राजतन्त्र आए पनि हुन्थ्यो भन्थ्यो होला। तर नेपालको राजतन्त्रकाल प्रत्यक्ष भोगेका जनताका पुस्ता अहिलेसम्म राजनीतिमा आफैँ सक्रिय र निर्णायक छन्। त्यसैले गणतन्त्रकालको नेतृत्व जति नै अक्षम, भ्रष्ट र दिशाहीन भए पनि विकास-समृद्धिकै सवालमा मात्र राजतन्त्र आयो भने अहिलेको भन्दा राम्रो हुन्छ भनेर पत्याइदिने जमात खासै छैन ।

तैपनि बेलाबेलामा फेरि ज्ञानेन्द्र सक्रिय भए रे, फलानो नेताले ज्ञानेन्द्रलाई भेटे रे, प्रधानमन्त्री अघिल्लो पटक सिंगापुरमा छँदा त्यस्तै विकल्पका कुरा भएका थिए रे भनेर आधारहीन हल्ला फैलाउन सक्रिय मान्छे समाजमा यत्रतत्र छन् । किनकि नेपाली समाजमा सामन्तवादी चिन्तन र त्यसका हाँगा गहिरोसँग गढेका छन् । क्षत्रीका विभिन्न थर भएका व्यक्तिलाई 'राजा' भनेर सम्बोधन गर्ने संस्कार कम्युनिस्टमा समेत छ ।

नजानिँदो तरिकाले राजतन्त्रप्रति मान्छेको आकर्षण अझै छ। आफ्नी सानी छोरी अत्यन्त राम्री छिन् भन्नुपर्‍यो भने तिनलाई 'राजकुमारी' वा 'प्रिन्सेस' भन्ने प्रगतिशीलहरू तपाईं-हामी सबैका साथी नै होलान् । तिनीहरूसँग 'राम्रो' हुने प्राधिकार राजवंश वा 'कुलीन' परिवारका सदस्यलाई मात्र हुन्छ भन्ने मनोविज्ञान अझै छ। गरिब वा साधारण व्यक्ति साधारण भएरै राम्रो देखिन सक्छ भन्ने सोच आइसकेको छैन। यस्ता शब्दको प्रयोग अन्य गणतान्त्रिक मुलुकमा पनि फाट्टफुट्ट नहुने होइन । तर नेपालमा हुने यस्ता शब्दको प्रयोग विशेष छ किनकि भर्खर सत्ताच्युत भएका ज्ञानेन्द्र शाहका सन्तान र सीमित भक्तको कुरा मात्र होइन, बाइसे-चौबीसे राज्यताकाका 'राजा साहेब' हरू समेत आफू साधारण नागरिक भएर पनि आत्मसम्मानको बराबरीमा केही फरक पर्दैन भन्ने स्वीकार्न सक्दैनन् । यस्तो सांस्कृतिक चेतनाको स्तर भएको परिवेशमा सहरका पढेलेखेका, पार्टीमा सक्रिय कांग्रेस-कम्युनिस्ट कार्यकर्ता नै राजतन्त्र सक्रिय हुने त होइन भनेर हल्ला प्रवर्द्धन गर्न बढी जिम्मेवार छन् । त्यसमाथि सामाजिक विज्ञानका अनुसन्धानले प्रमाणित नै गरेको छ कि आम रूपमा हामी मानव षडयन्त्रका सिद्धान्त सजिलै पत्याउँछौँ । सनसनीपूर्ण कुराले त्यसै पनि धेरैको ध्यान तुरुन्तै खिच्छ।

नेपालमा राजतन्त्र फर्किएला कि भन्ने कुरा नेपाल पुनः हिन्दु राज्यको परिचयमा फर्केला कि भन्ने विषयसँग पनि जोडिएको छ । भारतमा नरेन्द्र मोदीको सत्तामा पुनः विजयपछि अब दक्षिणबाट त्यस्तो राजनीतिक चेष्टा हुन्छ कि भनेर आत्तिने एक थरी छन्, आश गरेर मात्तिने अर्को थरी। तर आफ्नै देश भारतको धर्म निरपेक्षताको प्रावधान हटाउने चर्चासमेत गर्ने हिम्मत नभएको राष्ट्रिय स्वयंसेवक संघ र भारतीय जनता पार्टीले नेपालमा हिन्दु राज्य कामना गर्नु एउटा कुरा, राजनीतिक बल लगाउने गल्ती गर्न सक्दैन । भारतका केही 'गुरु महात्मा' र राजनीतिकर्मीले नेपालका राजावादी र हिन्दुवादीलाई बेलाबेलामा हौसला दिने काम भएको हुन सक्छ । भित्रभित्र षडयन्त्रका तानाबाना बुनिन पनि सक्छन् । जबसम्म हाम्रा गणतन्त्रका 'धर्म निरपेक्ष' नेताहरू स्वयं नै त्यो षडयन्त्रमा सामेल हुँदैनन्, यो सम्भव छैन। बरु नेपालभित्रै हिन्दु राज्य भइदेओस् भनेर चाहनेहरूको संख्या उल्लेख्य होला । तर त्यस्ता व्यक्ति पनि फेरि उक्त मुद्दाको नेतृत्व राप्रपा नेता कमल थापाले गरेको स्वीकार गर्दैनन् किनकि थापा स्वयं धार्मिक वृत्तिका मान्छे नै होइनन् । राजनीतिका सबै तुरुप सकिएपछि उनले धर्मलाई समातेका हुन् भन्ने हिन्दुवादीले समेत बुझेका छन्। त्यसैले नेपालको गणतन्त्रका लागि खुसीको कुरा यो छ कि राजतन्त्र गएको यत्तिका वर्षसम्म पनि ज्ञानेन्द्रको समयचेत ०१७ सालमै अड्किएको छ र उनलाई बोकेर हिँड्नेको ०४६ सालमा । त्यसकारण पनि तिनबाट चिन्ता लिनुपर्ने देखिँदैन। चिन्ता त बरु राजतन्त्र आउन सक्छ भनेर आफ्नो नालायकी ढाक्न राजतन्त्रलाई प्रयोग गर्नेहरूकै हो। र, राजतन्त्र होस् कि राज्यको हिन्दु पहिचानको पुनर्बहालीको सवाल, हाम्रा गणतान्त्रिक नेताले यदि कतैबाट दबाब आएको छ र त्यो जनतालाई खुलस्त भन्न सकेका/चाहेका छैनन् भने खतरा तिनै नेताबाट हुन सक्छ, अरूबाट होइन। ■

राजतन्त्र होस् कि हिन्दु राष्ट्रको पुनर्बहाली, हाम्रा गणतान्त्रिक नेताले यदि कतैबाट दबाब आएको छ र त्यो जनतालाई खुलस्त भन्न सकेका/चाहेका छैनन् भने खतरा तिनैबाट हुन सक्छ, अरूबाट होइन ।

विशेष



दूरी घटाउने, समीकरण ब्युँताउने

प्रचण्डलाई नेकपा नेतृत्व नदिन ओली-नेपाल मिलाउने कसरत

जनक नेपाल

प्रधानमन्त्री केपी ओली उपचारका लागि सिंगापुर उड्नुअघि सचिवालय बैठकमा वरिष्ठ नेता माधवकुमार नेपालसँग जुन स्तरको बाझाबाझ भयो, अरू बेलाजस्तो दुई नेताका गुट तरंगित भएनन्। स-साना प्रसंगमा सामाजिक सन्जाल रंग्याउने कार्यकर्ता पंक्ति मौनझैं रह्यो । ओली-नेपाल दुवै निकटस्थ नेताहरूले यो घटना चर्काउनभन्दा बिर्सन चाहेको देखियो। त्यसो हुनुको पछाडि नेकपाभित्र विकसित नयाँ समीकरणप्रतिको अविश्वास त हो नै, सिंगो पार्टी नेतृत्व पुष्पकमल दाहाल 'प्रचण्ड' को पोल्टामा जाने पूर्वएमाले पंक्तिको चिन्तालाई कारक मानिएको छ ।

५ भदौको सचिवालय बैठकमा नेता नेपालले केही मुद्दा उठाए । ओलीको स्वास्थ्यस्थितिबारे चिन्ता व्यक्त भइरहेका बेला नेपालले अघिल्ला बैठकका आफ्ना असन्तुष्टि आवेगपूर्ण ढंगले पोख्न खोजे । त्यसले बैठकको माहोल मात्र बिग्रिएन, दुई नेताबीच अप्रिय स्थिति बन्यो। यो स्तरको भनाभन ९ सदस्यीय सचिवालयभित्र गोप्य त रहेन नै, नेतापिच्छे भिन्न ढंगले बाहिरियो ।

पूर्वएमाले समूह ओली सिंगापुर उडेकै अपराह्नदेखि दुई नेतालाई नजिक्याउन सक्रिय छ । पछिल्लो समय दुवै नेतासँग समदूरीको सम्बन्धमा रहेका नेता वंशिधर मिश्रले नेपाललाई भेटेर उच्च स्तरका नेताहरूको तल्लो स्तरको झगडाले कार्यकर्तालाई निराश पारेको भन्दै सम्बन्ध सुधार्न सुझाए। वरिष्ठ नेता नेपालले मिश्रमार्फत 'नहुनुपर्ने भयो, सबै कटुता बिर्सेर व्यक्तिगत सम्बन्ध सुधार्न तयार रहेको' सन्देश पठाए । मिश्रले प्रधानमन्त्रीका जनसम्पर्क सल्लाहकार अच्युत मैनाली र प्रेस सल्लाहकार कुन्दन अर्यालमार्फत उक्त सन्देश सिंगापुरमा रहेका प्रधानमन्त्री ओलीकहाँ पुऱ्याए। राजदूत नियुक्ति (११ भदौ) अघि दुई नेताबीच सम्बन्ध सुधार्न आफूले प्रयत्न गरेको र आपसी कटुता छिट्टै अन्त्य हुने मिश्र बताउँछन् ।

ओली र नेपाललाई एक ठाउँ ल्याउन दुवैतर्फका धेरै नेताहरू सक्रिय छन् । नेता नेपाल अर्को दिन बिहानै ७ बजे अध्यक्ष प्रचण्ड भेट्न खुमलटार पुगे। लगत्तै नेपालले प्रधानमन्त्री ओलीलाई फोन सम्पर्क गरेको जनसम्पर्क सल्लाहकार मैनाली बताउँछन् । भन्छन्, "नेताहरूले गलत भएको महसुस गरिसक्नुभएको छ । प्रधानमन्त्री ओली फर्किएलगत्तै सबै असमझदारी हटेर जानेछ ।"

वरिष्ठ नेता नेपाललाई एक्ल्याएर अर्का वरिष्ठ नेता झलनाथ खनालको वरीयता उकासेको र वामदेव गौतमलाई उत्तराधिकारी बनाउन खोजेको ओली निकट नेताहरूलाई नै मन परेको छैन । महासचिव विष्णु पौडेलमाथि ओली-नेपालबीच दूरी बढाएर आउँदो महाधिवेशनमा प्रचण्ड सहमतिमै पार्टी अध्यक्ष हुँदा पूर्वएमाले तर्फबाट आफू महासचिव हुने रणनीति बनाएको आरोप छ । वरिष्ठ नेता नेपाल र अर्का नेता ईश्वर पोखरेललाई कमजोर बनाएर प्रचण्डका लागि अनुकूल वातावरण बनाउँदै लगेको भन्दै ओली गुटभित्रै उनीप्रति असन्तुष्टि छ। "पूर्वएमालेको हित रक्षा गर्न महासचिवको भूमिका देखिएन। उनले चाहेका भए ओली र नेपाललाई एक ठाउँ ल्याउन सक्थे," स्थायी कमिटीका ओली निकट

एक नेता भन्छन्, "खनाल र गौतमको भरमा ओली चल्न खोजे पार्टी नेतृत्व पूर्वमाओवादीले कब्जा गर्नेछ ।"

ओली र नेपाललाई एक ठाउँ ल्याउन दोस्रो तहका नेताहरूले चार महिनाअघिदेखि छलफल चलाउँदै आएका थिए । पछिल्लो समय शंकर पोखरेल, योगेश भट्टराई, नागेन्द्र चौधरी, भानुभक्त ढकाल, सोमप्रसाद पाण्डे, गोकुल घर्ती मगरहरूले दुई नेता मिलाउन झिनो तर निरन्तर कोसिस गरिरहेका थिए । पार्टीभित्र विकसित पछिल्लो समीकरणले पूर्वएमालेका यी दुई समूहलाई एक ठाउँ ल्याउने दाबी गर्दै स्थायी कमिटीका अर्का सदस्य भन्छन्, "दुई नेताबीच वैचारिकभन्दा पनि जुँगाको लडाइँ धेरै हो । केही महिनाभित्रै एकै ठाउँ उभिए आश्चर्य नमाने हुन्छ ।"

पार्टी एकतादेखि अहिलेसम्म नेता नेपालसँग सल्लाह गरेरै अघि बढे पनि सधैँ अप्ठेरो मात्र पार्न खोजेकाले विकल्पमा गौतमलाई अघि सारेको ओलीले आफू निकटस्थलाई सम्झाएका थिए । खासगरी २७ साउनमा सिंगापुरबाट स्वास्थ्य जाँच गरेर फर्किएलगत्तै बालुवाटारमा पूर्वएमाले नेताहरूको छलफलपछि ओली नेपालसँग बिच्किएको स्रोत बताउँछ । उनले त्यहाँ पूर्वएमालेका नेताहरूको साथ खोजेका थिए । तर नेपालले विधिमा पार्टी नचलेकामा गुनासो मात्र गरेनन्, उपप्रधान तथा रक्षामन्त्रीसमेत रहेका ईश्वर पोखरेललाई स्कुल विभाग नचाहिने तर्क गरे । पूर्वएमाले पंक्तिलाई एकढिक्का पार्न बोलाइएको छलफल बिनानिष्कर्ष टुंगिएपछि ओली-नेपाल सम्बन्ध चिसियो ।

लगत्तै उनले नेता गौतमलाई डिनरका लागि बालुवाटार निम्त्याए । झन्डै तीन घन्टाको बसाइमा दुवैले मन माझामाझ मात्र गरेनन्, गौतमले प्रचण्ड-नेपालको भित्री रणनीति खोलिदिए । जबकि ओलीलाई सचिवालयमै अल्पमतमा पार्ने रणनीतिमा गौतम आफैँ संलग्न थिए । सचिवालयका एक सदस्य भन्छन्, "ओलीलाई अध्यक्ष र प्रधानमन्त्रीबाट हटाउन जति ढिलो हुन्छ, उति पार्टी र मुलुक बर्बाद हुन्छ भन्दै सबैभन्दा धेरै विरोध गर्ने वामदेव कमरेड नै हो । पद पाएपछि ओली महान् भन्न थाल्नुभएको छ ।"

गौतमसँगको त्यो भेटपछि नै प्रधानमन्त्री ओली नेपाललाई एक्ल्याउने रणनीतिमा लागेको नेकपा स्रोत बताउँछ । भन्छ, "प्रचण्ड र नेपालबीच अध्यक्ष र प्रधानमन्त्री बाँड्ने समझदारी अन्तिम चरणमा पुगेको सूचना गौतमले चुहाएपछि नै ओली नेपालसँग धेरै चिढिएका हुन् ।" बालुवाटार भेटमै ओलीले गौतमलाई पार्टी उपाध्यक्ष र आफूपछि प्रधानमन्त्री हुने गरी कास्की-२ बाट उपनिर्वाचन लड्न प्रस्तावसमेत गरेका थिए । उक्त प्रस्तावको पछाडि राष्ट्रपति विद्यादेवी भण्डारीको पनि सद्भाव देखिन्छ । उनी आफ्ना पति मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद नेकपाको पनि मार्गदर्शक सिद्धान्त बनोस् भन्ने चाहन्छिन् । त्यसका लागि गौतम उपयुक्त नेता हुन् भन्ने शीतलनिवासको ठम्याइ छ ।

ओलीले गौतमपछि वरिष्ठ नेता खनाललाई बालुवाटार बोलाएर उनका असन्तुष्टि सुनेका थिए । खनालले पार्टी वरीयतामा तल झारिएकामा सबैभन्दा धेरै चित्त दुखाए । सचिवालयमा प्रस्ताव आए छलफल गर्न आफू तयार रहेको जवाफ पाएपछि खनालले ओलीको मुड बुझिहाले । लगत्तै प्रचण्डसँगको भेटमा ओलीले एकताका बेला गरिएको सहमति पालना हुनेमा ढुक्क हुन आग्रह गरे । सिंगापुरमा फलोअप उपचारबाट फर्किएलगत्तै दुई अध्यक्षबीच सरकार र पार्टीको कार्य विभाजन गर्नेसमेत वचन पाएपछि प्रचण्डको पनि कुनै गुनासो रहेन । वरिष्ठ नेता नेपालसँग मिलेर प्रचण्डले चाहेको पनि आखिर त्यही थियो । ओलीको प्रतिबद्धतापछि दुई अध्यक्ष पुनः एक ठाउँ आइपुगे । झिनामसिना अडान त्यागेर पार्टी एकता टुंग्याउन राजी भए । प्रचण्डले स्कुल विभागमा पोखरेललाई सहजै स्वीकारे भने गौतमलाई पार्टी उपाध्यक्ष बनाउने ओलीको प्रस्तावमा सहमति जनाए । त्यसै पनि स्कुलमा नारायणकाजी श्रेष्ठलाई ल्याउने अडान प्रचण्डभन्दा अधिक पोखरेललाई रोक्ने पूर्वएमाले नेताहरूको रणनीति थियो । भागबन्डामा पूर्वएमालेको भागमा परेको स्कुल विभागको किचलो नेपाल, खनाल र गौतमले चाहेको भए एक महिनाअघि नै टुंगिन सक्थ्यो ।

शीर्ष तीन नेताको भागबन्डाका लागि पार्टी अध्यक्ष र प्रधानमन्त्री दुई पद मात्र छन् । दुई अध्यक्षबीच आलोपालो सहमति छँदै छ । प्रधानमन्त्री ओलीले त्यो सहमतिमा थोरै हेरफेर चाहेका छन् । किनभने उनी आफ्नो गम्भीर स्वास्थ्यस्थितिबारे राम्रैसँग जानकार छन् । यस्तोमा पार्टी नेतृत्व अर्का अध्यक्ष प्रचण्डलाई सुम्पिएरै भए पनि सत्ता लम्ब्याउन चाहेका छन् । प्रचण्ड आलोपालो सहमतिमा 'कम्प्रोमाइज' गरेरै भए पनि पार्टीको कार्यकारी



"आजको गुट भोलि कहाँ पुग्छ, कुनै निश्चित छैन । त्यसमाथि पूर्वमालेको स्कुलिङले झट्ट अरूलाई नेतृत्व स्वीकार्ने देखिँदैन ।

– जनार्दन आचार्य, राजनीतिशास्त्री

नेतृत्व हत्याउन चाहन्छन् । त्यसका लागि पूर्वमाओवादी समूहलाई एकढिक्का राख्ने र पूर्वएमालेलाई छिन्नभिन्न पारेर नयाँ समीकरण बनाउने उनको रणनीति देखिन्छ । नेकपाभित्र विकसित पछिल्लो समीकरणको अन्तर्य पनि यी दुई आकांक्षाको वरपरै देखिन्छ ।

यो समीकरणले नवौँ महाधिवेशनलगत्तै दसौँको तयारीमा जुटेका वरिष्ठ नेता नेपाललाई झस्काइदिएको छ । पार्टीको स्थायी, केन्द्रीय कमिटी, प्रदेश र जिल्ला तहमा उनको जुन पकड छ, त्यसले ओली-प्रचण्ड दुवैले चाहेर पनि एक्ल्याउन सक्ने स्थिति भने देखिँदैन । पार्टी एकताको अहिलेको गति हेर्दा दुई वर्षभित्र महाधिवेशन हुने सम्भावना न्यून छ । तोकिएको समय घर्किएपछि महाधिवेशन अनिश्चित हुनेछ ।

महाधिवेशन सर्दै जाँदा नेकपामा अध्यक्ष प्रचण्ड पूर्ण रूपमा हाबी हुने भयले पूर्वएमालेका दोस्रो तहका नेताले ओली र नेपाललाई एउटै कित्तामा ल्याउन सक्रियता बढाएका छन् । त्यसै पनि नेता नेपालले पहिलो संविधानसभा निर्वाचनमा पार्टी पराजित भएपछि नैतिकताको आधारमा दिएको राजीनामा घातक भएको अझै भुलेका छैनन् । महाधिवेशनको पूर्वसन्ध्यामा नेतृत्व सम्हालेका खनाल पार्टीमा हाबी मात्र भएनन्, आठौँ महाधिवेशनबाट अध्यक्षमा निर्वाचितसमेत भएका थिए ।

राजनीतिशास्त्रका प्राध्यापक जनार्दन आचार्य पार्टीमा प्रचण्डको एकल नेतृत्व हाबी हुने स्थितिमा ओली र नेपाल समूह सहजै नजिकिने दाबी गर्छन् । "नेपाल अडान लिने नेता

हैनन्। वामदेवमा खटिने क्षमता छ तर उनलाई ओली-नेपाल समूहले पत्याउँदैन," नेकपाभित्र गुटबन्दी तरल रहेको उल्लेख गर्दै उनी भन्छन्, "आजको गुट भोलि कहाँ पुग्छ, कुनै निश्चित छैन। त्यसमाथि पूर्वएमालेको स्कुलिङले झट्ट अरूलाई नेतृत्व स्वीकार्न देखिँदैन।"

पूर्वएमालेहरू एउटै कित्तामा उभिए महाधिवेशन लम्ब्याउनुबाहेक प्रचण्डसँग अर्को विकल्प हुने छैन। महाधिवेशन अनिश्चितताले कार्यकर्ता निराश हुने र पार्टी लथालिंग हुने अवस्था आउने दाबी गर्दै आचार्य भन्छन्, "त्यस्तो बेला पार्टीलाई पुनर्गठन गर्न गाह्रो पर्ने स्थिति आउन सक्छ।"

ओलीको प्रधानमन्त्रित्व दुई वर्ष नपुग्दै खुलेर विरोधमा उत्रिन नमिलेर मात्र हो, नेताहरूबीच अविश्वासको भने ठूलै खाडल बनेको छ। ओलीजस्तै नेपाल पनि प्रचण्डसँग मिलेर प्रधानमन्त्री वा अध्यक्षमध्ये एक लिन चाहन्थे। दुई नेताबीच सहमति अन्तिम चरणमा पुगेको पनि थियो। केही महिनाअघि बानेश्वरको अर्याल होटलमा भएको एक भेटमा प्रचण्डले नेपाललाई प्रधानमन्त्री र अध्यक्षमध्ये एउटा रोज्न भनेका थिए। त्यतिबेला नेपालले बेला नभएको भन्दै टारेका थिए।

केही महिनाअघि बालुवाटारमा ओलीलाई ब्रिफिङ गरियो, 'प्रचण्ड, नेपाल र समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवबीच सरकार फेरबदलबारे छलफल भएको छ।' बजारु हल्लाकै भरमा आएको सूचनालाई ओलीले यति गम्भीर रूपमा लिए कि यादव भेट्न आफू निकट नेताहरू पठाएका थिए।

पछिल्लो समय सचिवालय बैठकमा गौतमका लागि विधानमै नभएको उपाध्यक्ष पद सिर्जना गर्ने प्रस्ताव ल्याउँदासमेत कसैले विरोध गरेनन्। नेता नारायणकाजी श्रेष्ठले एकताको सहमति महाधिवेशनसम्म कायमै राख्ने कि किस्ताकिस्तामा फेर्दै जाने भनेर घुमाउरो ढंगले असहमति व्यक्त गरेका थिए। तर अध्यक्षद्वयको प्रस्ताव रोक्ने गरी कसैले बोलेनन्। स्थायी कमिटी बैठकबाट विधान संशोधन गरी गौतमलाई उपाध्यक्ष बनाउन भने सहज देखिँदैन। वरिष्ठ नेता नेपालले पूर्वएमालेका तीन उपाध्यक्षलाई सचिवालयमा ल्याउनुपर्ने मागसहित लिखित असहमति जनाइसकेका छन्। "हामीमाथि अन्याय त भएकै हो नि। पार्टी एकतालाई प्राथमिकता दिएर नबोली बस्यौं, नेताहरूले पनि हाम्रा लागि बोलिदिएनन्," स्थायी कमिटी सदस्य अष्टलक्ष्मी शाक्य भन्छिन्, "ढिलै भए पनि माधव कमरेडले सोच्नुभएछ।"

उक्त प्रस्ताव छलफलमा आउँदा अध्यक्ष प्रचण्डलाई पूर्वमाओवादीतर्फका नेता वर्षमान पुन र जनार्दन शर्मालाई सचिवालयमा ल्याउन दबाब पर्नेछ। मध्यमार्गी उपायका रूपमा दुई महिला सदस्य थपेर ११ सदस्यीय बनाउने पुरानै प्रस्ताव छ। "महिलाविहीन सचिवालयमा बस्न नेताहरूलाई अप्ठेरो लाग्नुपर्ने हो, हामीलाई पो लागिरहेको छ," शाक्य भन्छिन्। सचिवालय विस्तारको विवाद जसरी सहज छैन, गौतमलाई उपाध्यक्ष हुन पनि उत्तिकै कठिन छ। तर दुई अध्यक्षले भित्रैदेखि चाहँदा भने बैठकमा विरोध, टिप्पणी गरिए पनि अन्तिममा अनुमोदन हुने स्थिति बन्न सक्छ।

सचिवालय सदस्य श्रेष्ठ नेतृत्वले ढंग नपुऱ्याए उत्कर्षमा पुगेको नेपालको कम्युनिस्ट आन्दोलन विसर्जनउन्मुख हुने खतरा रहेको बताउँछन्। "को ठीक कि के ठीक भन्नेमा धेरै ठूलो समस्या छ," उनी भन्छन्, "कुरा उही हो। तर एउटाले भन्दा बेठीक र अर्कोले भन्दा ठीक मान्ने व्यक्तिवादी गुटले ग्रस्त बनाएको छ।"

नेकपालाई ठूलो कांग्रेस बनाउने कि एकीकृत क्रान्तिकारी शक्तिशाली समाजवादी पार्टी बन्ने चुनौती रहेको उल्लेख गर्दै श्रेष्ठ नेताहरू सच्चिनुको विकल्प नभएको टिप्पणी गर्छन्। "पार्टी कस्तो बनाउने भन्ने कुराले नै हाम्रो भविष्य निर्धारण गर्छ," उनी भन्छन्, "एउटा बृहत् वैचारिक सांस्कृतिक रूपान्तरणको खाँचो छ।" ने

कहिले तीतो, कहिले मीठो



माधव नेपालको ६५ औं जन्मदिनमा केक खुवाउँदै केपी ओली

छैटौं महाधिवेशन नेपालगन्ज (१२-१८, माघ ०५४) मा एमाले विभाजनको सँघारमा थियो। सीपी मैनाली, वामदेव गौतम, राधाकृष्ण मैनालीहरूले नेतृत्वमाथि प्रश्न उठाउँदा संस्थापनतर्फ महासचिव माधवकुमार नेपाल र केपी ओलीले एकढिक्का भएर सामना गरेका थिए। २१ फागुनमा पार्टी फुट्यो। विभाजित पार्टीलाई पहिलेकै स्थितिमा फर्काउन र गौतम नेतृत्वको मालेलाई एमालेमा विलय गराउन दुवैको उत्तिकै मिहिनेत थियो। ०५९ सालमा सातौं महाधिवेशन जनकपुरमा ओलीले बहुदलीय संगठन संरचनाको प्रस्ताव गरेका थिए। त्यहींदेखि हो, नेपालले ओलीलाई प्रतिस्पर्धी ठान्न थालेको।

०६५ सालमा नेपालले खुलेर साथ दिएको भए ओली आठौं महाधिवेशनमै एमाले अध्यक्ष हुने थिए। तर नेपालले प्रतिस्पर्धामा उत्रिएका झलनाथ खनाल र ओली कसैलाई पनि खुलेर समर्थन गरेनन्। रौतहट र काठमाडौंबाट पराजित नेपाललाई ०६६ सालमा कांग्रेस-एमाले-मधेसवादी सरकारको प्रधानमन्त्री बनाउन ओलीले खुलेरै साथ दिए। प्रधानमन्त्री नेपालविरुद्ध गौतमले हस्ताक्षर संकलन गर्दा सबैभन्दा धेरै प्रतिवाद ओलीले नै गरेका थिए। चौतर्फी दबाब थेग्न नसकेर नेपालले राजीनामा दिनुपऱ्यो। माओवादी अध्यक्ष प्रचण्ड र कांग्रेस नेता रामचन्द्र पौडेलबीच १७ पटक प्रधानमन्त्रीको चुनाव हुँदा पनि बहुमत नपुगेपछि माओवादीको समर्थनमा खनाल प्रधानमन्त्री भएका थिए।

०७० सालमा एमाले संसदीय दलको नेतामा तत्कालीन अध्यक्ष खनाल र वरिष्ठ नेता ओली आमनेसामने भए। नेपाल गुटले खनाललाई सघायो भने वामदेव गौतम गुटले ओलीलाई। त्यतिबेला ओलीले एक व्यक्ति एक पदको नारा लगाएका थिए। अहिले नेता नेपालले ओलीको त्यही नारामा टेकेर अध्यक्षदेखि तल्लो कमिटीसम्म एक व्यक्ति एक पद हुनुपर्ने मागसहित ७ बुँदे लिखित असहमति दर्ज गरेका छन्। ०७१ को नवौं महाधिवेशनमा अध्यक्षका लागि ओली र नेपाल प्यानलसहित आमनेसामने थिए। गौतम ओलीको पक्षमा थिए भने नेपाललाई खनाल समूहको भित्री साथ थियो। ओलीले ४९ मतान्तरले चुनाव जिते। त्यसयता ओली-नेपाल सम्बन्ध सुमधुर छैन। पार्टी सचिवालय बैठकमा भएको पछिल्लो भनाभन त्यसैको एउटा कडी मात्र हो। तर चिन्ता व्यक्त गर्ने शुभेच्छुकलाई नेपालले भनेका छन्, "विवादलाई ठूलो रूपमा नहेर्नुस्। यो श्रीमान्-श्रीमतीको झगडाजस्तै हो।"

फलोअप

सदस्यसचिव गायब

नेपाल भ्रमण वर्ष-२०२० सचिवालय एक महिनादेखि फुर्सदमा

योगेश ढकाल

एक महिनादेखि नेपाल भ्रमण वर्ष-२०२० सचिवालय गएकी छैनन्, सदस्यसचिव नन्दिनी थापा । १६ साउनदेखि सदस्यसचिव नै गायब हुनुले भ्रमण वर्ष सचिवालय कतिसम्म फुर्सदिलो छ भन्ने देखाउँछ ।

*नेपाल*को ५ साउनको अंकमा भ्रमण वर्षले अपेक्षित गति लिन नसकेको समाचार प्रकाशित गरेपछि पर्यटन मन्त्रालयले सचिवालयलाई गति दिन दबाब बढाएको थियो । तर मन्त्रालयले चासो बढाएसँगै सदस्यसचिव थापा नै बिदामा बसिन् । सदस्यसचिवको अभावमा अन्तर्राष्ट्रिय बजारमा तीव्र गतिमा प्रवर्द्धन गर्न सचिवालयले बजेटअनुसार कार्यक्रम तय गर्न सकेको छैन ।

थापाले सचिवालय नआउनुमा स्वास्थ्यको कारण बताउने गरेकी छन् । नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक रोहिणी खनाल सचिवालयमा सदस्यसचिवको काम पनि संयोजक वैद्यबाटै भइरहेको बताउँछन् । भन्छन्, “सदस्यसचिव लामो बिदामा हुनुहुन्छ । काममा कहिले फर्कने भन्ने कुनै जानकारी छैन ।”

पर्यटन बोर्डको वजार प्रर्वद्धन महाशाखाको समेत नेतृत्व गरिरहेकी थापा एक महिनादेखि सचिवालय नआउनुमा बोर्डका सीईओ दीपकराज जोशीले १५ साउन ०७६ मा दोहोरो जिम्मेवारीबाट मुक्त गर्ने पत्र कारक थियो ।

भ्रमण वर्ष-२०२० सञ्चालन कार्यविधिमा बोर्डको निर्देशकलाई सचिवालयको सदस्यसचिव नियुक्त गर्न सकिने व्यवस्था छ । त्यही व्यवस्थाअनुसार बोर्डका सीईओ जोशीले बजार प्रवर्द्धन महाशाखाकी प्रमुख तथा निर्देशक थापालाई सदस्यसचिवमा पठाएका थिए । बोर्डमा थापा धेरै विदेश घुम्नेको सूचीमा परे पनि विदेशमा नेपालको पर्यटनमा गतिलो प्रवर्द्धन हुन नसकेको आरोप लाग्दै आएको छ ।

*नेपाल*मा समाचार प्रकाशित भएपछि तत्कालीन पर्यटन सचिव मोहनकृष्ण सापकोटाको सक्रियतामा साउन दोस्रो साता भ्रमण वर्ष सचिवालय संयोजक सुरज वैद्य, पर्यटन बोर्डका सीईओ जोशीसहितको बैठक बसेको थियो । सदस्यसचिव थापालाई दोहोरो जिम्मेवारीबाट मुक्त गराउने सचिव सापकोटाको प्रस्तावमा मन्त्रालयबाट भ्रमण वर्ष हेर्ने सहसचिव घनश्याम उपाध्यायले पनि साथ दिए । सचिवको अनपेक्षित प्रस्ताव सुनेपछि वैद्यले अपेक्षित गतिमै काम गरिरहेको दाबी गरे । बरु पर्यटनमन्त्रीको अभावमा भ्रमण वर्षले गति नलिएको तर्क गरे । वैद्यको जवाफ सुनेर आक्रोशित सापकोटाले सीईओ जोशीलाई निर्देशन दिए, थापालाई दोहोरो जिम्मेवारीबाट मुक्त गर्नू । र, मन्त्रालयलाई जानकारी गराउनू ।



सीईओ जोशीले सचिवको त्यही निर्देशनअनुसार १५ साउन ०७६ मा थापालाई बोर्डको निर्देशक पदबाट उन्मुक्ति दिई भ्रमण वर्ष सचिवालयको सदस्यसचिवका रूपमा मात्रै काम गर्नू भनेर पत्र दिए । जोशीले थापालाई पत्र दिने र पर्यटनमन्त्रीमा योगेश भट्टराई आउने संयोग भने एकै समय पर्‍यो ।

२ भदौ ०७६ मा मन्त्रिपरिषद्ले सचिव सापकोटालाई ६ महिनामै सरुवा गरिदियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव केदारबहादुर अधिकारी पर्यटनसचिव भए । अधिकारीको आगमन मन्त्री भट्टराईभन्दा पनि प्रधानमन्त्री केपी ओलीका राजनीतिक सल्लाहकार विष्णु रिमालको रोजाइ थियो ।

संयोजक वैद्यको सहयोगका लागि नेपाल पर्यटन वर्ष-२०११ का संयोजक योगेन्द्र शाक्यलाई ल्याउने मन्त्री भट्टराईको प्रयास पनि सफल भएको छैन । १० भदौमा भ्रमण वर्ष कार्यक्रम कार्यान्वयन सचिवालयको बैठकमा प्रदेश १ का मुख्यमन्त्री शेरधन राई, गण्डकी प्रदेशका पर्यटनमन्त्री विकास लम्साल र कर्णाली प्रदेशका पर्यटनमन्त्री नन्दसिंह बुढाले वैद्य सम्पर्कमा नआएरै भ्रमण वर्षको प्रवर्द्धनमा लागेको भन्दै व्यंग्य गरेका थिए । ने

चार वर्षपछि टीकापुरमा

भास्कर गौतम

थारुहरूले टीकापुरमा चार वर्षपहिले प्रदर्शन गरिरहँदा वीभत्स घटना भयो । ८ सुरक्षाकर्मी र डेढ वर्षे एक बालकको ज्यान गएपछि टीकापुरले संज्ञा पायो- अमानवीय हिंसास्थलको । आपसी द्वेष बढाएको र सामाजिक सद्भाव बिथोलेको । राज्यको दमन र क्रूरता झेलेको । ७-८ भदौ ०७२ सालपछि निर्माण यी संज्ञाहरूको पेटबोलीमा भयको बलमा टिकेको सत्ता मडारिएको थियो । सत्ताको भयले जनगण अझापि आक्रान्त छन् ।

अघिल्लो साता थरुहट-थारुवान राष्ट्रिय सम्मेलनले टीकापुरमा बृहत् भेला गऱ्यो । टीकापुरले बोकेको संज्ञालाई नयाँ अर्थ दिन खोज्यो, यो सम्मेलनले । करिब २० हजार थारु भेला भए । टीकापुरमा उनीहरू जुटिरहँदा वरिपरि बसोबास गरिरहेका थारुलाई लाग्यो, साझा भविष्य कोर्ने लडाइँमा उनीहरू एक्लै छैनन् । उनीहरूको स्वरमा हजारौं स्वर गुञ्जिएका छन् । उनीहरूको हातले हजारौं सहयोगी हात पाएको छ । टीकापुरमाथि थोपरिएको संज्ञालाई पुनः परिभाषित गर्ने ठोस कार्यको थालनी भएको छ ।

सबै किसिमको भयमा एउटा समान तत्त्व हुन्छ । भयले प्रत्येक जीवमा आत्मसन्देहलाई बढावा दिन्छ । कतै आफ्नो हंसमा अरूको छाया बसेजस्तो अनुभूति गराउँछ । कतै आफ्नो चेतनाको ज्योतिलाई अचेत बनाएको आभास गराउँछ । आत्मबल कमजोर भएजस्तो । आत्मसम्मान खस्केजस्तो । समुदायका प्रत्येक सदस्यमा भयले राज गरेजस्तो । टीकापुरको संज्ञाले थारुलाई यसरी नै भयभीत बनायो । उनीहरूको आत्मसम्मानमा सैन्य-सत्ताको त्रास मडारिइरह्यो ।

पछिल्लो सम्मेलनले भन्यो, थारुहरू हिंस्रक र पिपासु होइनन् । त्यसैले टीकापुर अमानवीय हिंसाको संज्ञा बन्न सक्दैन । कुनै समुदायले स्वयंमा निर्भरता खोज्नु अर्को समुदायविरुद्धको लडाइँ होइन । जातीय चरित्र बोकेको सत्ताको आधारभूत विशेषता बदल्ने राजनीतिक आह्वानले सामाजिक द्वेष फैलाउँदैन । उत्पीडित समुदायले न्यायमूलक थितिको माग गर्दा सत्तासीन समुदाय सशंकित हुने, सन्त्रासमय वातावरण निर्माण गर्ने र भयको खेती गर्ने कार्यले समावेशी लोकतन्त्रको जग निर्माण गर्दैन । थारुहरूले टीकापुरको सम्मेलनबाट यिनै कुरा भने । थारु अधिकारको संघर्ष जारी राख्ने कबुल गर्दै सम्मेलनको बिट मारे ।

पछिल्लो सम्मेलनले मूलतः कैलालीका थारुमा नयाँ ऊर्जा सिञ्चित गरेको छ । यही ऊर्जाको जगमा उनीहरूले वर्चश्वशालीलाई केही प्रश्न तेर्स्याएका छन् । यी आधारभूत प्रश्न नयाँ होइनन् । विगत चार वर्षदेखि सार्वजनिक वृत्तमा गुञ्जिरहेका हुन् । विगतका वर्षमा यी मलीन र छरिएका थिए । पछिल्लो सम्मेलनसँगै छरिएका प्रश्न पुनः एकीकृत हुन थालेका छन् । त्यो पनि सामूहिक आवाज र नयाँ विश्वाससहित ।

थारुहरूले सोधे, परित्यक्तहरू एकजुट भएर आफूबाटै स्वशासित हुन खोज्दा राज्य किन सशंकित ? टीकापुर सम्मेलनमा नेपाल प्रहरी र सशस्त्रको बाक्लो उपस्थिति थियो । बाक्लो मात्र होइन, डरलाग्दो उपस्थिति । दंगा नियन्त्रण गर्ने तयारीसाथ सुरक्षा जवान सर्वत्र दौडिरहेका थिए, सडक र गल्लीमा । सार्वजनिक स्थल र कार्यक्रम थलोमा । गाउँगाउँ, टोलटोलमा । त्यो पनि चारै प्रहर । चौबीसै घन्टा । दृश्य यस्तो कि न्यायपूर्ण सामाजको खोजी, छलफल र कुराकानी गर्न होइन, थारुहरू सानोतिनो लडाइँ लड्न भेला हुँदै छन् । सरकारले शान्ति-सुरक्षा सुनिश्चित गर्न सबै किसिमको सतर्कता अपनाउनु उचित हो । तर त्यस्तो कार्यले जनगणमा विश्वास होइन, डर निम्त्याउँछ । संगीनमा टिकेको शान्तिले सत्तालाई सुरक्षित बनाइरहँदा टीकापुर वरिपरिका थारुलाई असुरक्षित बनाइरह्यो ।

ती गाउँटोलका थारु सम्मेलनमा उपस्थित भएनन्, जहाँ विगत वर्षमा धरपकड व्यापक थियो । जुन गाउँका थारु आरोपित थिए, अझापि छन् । जुन गाउँका थारु सजाय भोग्न, जेल बस्न वा फरार हुन बाध्य छन् । भयको यही वातावरण चिर्न थरुहट-थारुवान राष्ट्रिय सम्मेलनले टीकापुरमा भेला

तस्बिर : खगेन्द्र संग्रौलाको ट्वीटरबाट

गऱ्यो । भेलामा वर्षौंदेखि भयभीत थारुहरूलाई भनियो, 'जुन सत्ताले सैन्यबलमा शासन चलाउँछ, त्यस्तो सत्ता अशान्तिको जड र अन्यायको प्रतीक हो।' यस पटकको सुरक्षा सतर्कताले सत्ताको यही पहिचानलाई पुनः स्थापित गरेको छ। निर्भयको खोजीमा निस्केका जनगणमा भय सिञ्चित गर्ने कार्यलाई नै राज्यले सफलता ठानेको छ। यस्तो अवस्थालाई समेत चिरेर टीकापुरको पछिल्लो सम्मेलनले जसरी निर्भयको मौसम निर्माण गर्न खोजिरहेको छ, त्यो प्रशंसनीय छ।

भयको बलमा शासन गर्ने सत्ताको इतिहास लामो भए पनि यसको निकट विगत पछिल्लो संविधान हो । थारुहरूको अर्को प्रश्न छ, के संविधानका गुणदोषबारे खुलेर बहस गर्न नपाउने ? के हतारमा लादिएको संविधानबारे मनग्गे चर्चा गरेर त्यसलाई परिमार्जन गर्न नपाउने ? सत्ताधारी मौन छन्। नेताका बोलीलाई मात्रै समाचार सम्झिरहने हो भने जनआकांक्षाले अपेक्षित ठाउँ पाउँदैन। परित्यक्तहरू भेला भएर न्यायपूर्ण भविष्यको खोजी गरिरहँदा सुरक्षाको तुजुक देखाउने सत्ताको संगीन प्रदर्शन समाचार बन्दैन। राज्यले निगरानी राख्ने नयाँ-नयाँ विधि र प्रविधि खबर बन्दैनन्। मानौं, सत्ताको सैन्य चरित्र सञ्चारकर्मीलाई स्वाभाविक लाग्छ। उनीहरूलाई उत्पीडितको आवाजको बजार छैन भन्ने लाग्छ।

संविधानको गुणदोष पहिल्याउने साझा मञ्चको खोजी सजिलो छैन । तथापि न्यायपूर्ण समाज खोज्ने अभियानलाई थप सार्थक बनाउन मानव अधिकारवादीले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । थारुहरूको अर्को प्रश्न छ, किन मानव अधिकारवादी सैन्यराजको प्रवक्ताजस्ता देखिन्छन् ? के त्यस्तो कार्यले मानव अधिकार सुनिश्चित गर्दै न्यायमूलक समाज बनाउन मद्दत गर्ला ? सत्ताको सैन्य चरित्रलाई बदल्दै भयमुक्त वातावरण बनाउने कार्यमा आफ्नो भूमिका नगन्य रहिरहँदा मानव अधिकारवादी मौनप्रायः छन् । बोलिहाले पनि उनीहरूको भयमा सत्ताधारीको स्वार्थरक्षाको लयमा गुञ्जिन्छ । संविधानको पक्षमा खुलेर वकालत गरिहाले पनि बहुजातीय व्यवस्थामा होइन, सहजातीय शान्ति र सद्भावमा जोड हुन्छ । त्यसैले थारुहरूलाई लागिरहेछ, मानव अधिकारवादीमा न सबैलाई मानव देख्ने सामर्थ्य छ, न त वर्चश्वशालीको सैन्य-स्वार्थलाई प्रश्न गर्ने साहस छ ।

यस्तो अवस्थामा थारुहरू आफैंलाई प्रश्न गर्छन्, त्यसो भए के गर्ने त ? टीकापुर सम्मेलनको पछिल्ला दिनमा थारुहरू यही प्रश्नमा घोत्लिए। यसको सीधा उत्तर हुन्छ- धर्ना, प्रदर्शन र राज्यलाई दबाब दिन निरन्तर आन्दोलन गर्ने। त्यसले पनि नभए आमहड्ताल गर्ने। अनि एउटा बिन्दुमा पुगेपछि सरकारलाई अल्टिमेटम दिने। थारुहरूले पनि यस्तै निर्णय गरे।

आन्दोलनको सिलसिलेवार सोचिरहँदा अन्य केही आधारभूत पक्षसमेत उत्तिकै विचारणीय छन्। आन्दोलनको नेतृत्वबारे थारुहरू सोचिरहेका छन्। कुरा नेतृत्व कसले गर्ने र चमत्कारी कसरी हुने मात्र होइन । आन्दोलनका क्रममा विभिन्न तहको नेतृत्व कसरी ज्ञान सम्पन्न हुँदै जाने र समय-चेतनालाई सूक्ष्म तवरमा कसरी बुझ्ने भन्ने हो। तर यस्तो अवस्था निम्त्याउन प्रदर्शनको कार्यसँगै आन्दोलनलाई सघाउने बौद्धिक खुराकको नियमित उत्पादन उत्तिकै खाँचो छ। विभिन्न किसिमका ज्ञानवर्द्धक सामग्री उपलब्ध भयो भने त्यसले आपसी संवादलाई गति दिन्छ । सहकार्यका अनेकौं साझा अभियान निर्माण गर्न मद्दत मिल्छ। सार्वजनिक छलफलमा वैचारिक हस्तक्षेप गर्ने आधार पाइन्छ।

थारुहरूलाई लागिरहेछ, ज्ञान-सम्पन्न हुँदैमा कोही नेता भइहाल्दैन। नेतृत्वमा प्रतिकूल अवस्थासँग जुध्ने आत्मविश्वास चाहिन्छ। व्यापक जनसम्पर्क विस्तार गर्ने प्रतिबद्धता उत्तिकै चाहिन्छ। अनि धैर्यसाथ परित्यक्तका कुरा सुन्ने, भिन्न दृष्टिकोणको सम्मान गर्ने, आलोचनात्मक वातावरणको प्रवर्द्धन गर्ने र जनगणको मनोबललाई उच्च राख्ने निरन्तर प्रयासको खाँचो पर्छ। अन्यथा कुनै पनि अभियान आन्दोलनमा परिणत हुँदैन। छोटै समयमा टुटफुटको सिकार हुन्छ। जुट्ने र फुट्ने चक्रमा फसिरहन्छ।

अबको नेतृत्वको मूल चुनौती नै यस्ता कमीकमजोरी चिर्दै आन्दोलनलाई नयाँ उचाइ दिनु हो । अहिले थारुहरूले संविधान संशोधन र संघीय सीमाको हेरफेरलाई दुई प्रमुख माग भन्दै छन् । झूटा मुद्दा लागेकाहरूलाई न्याय र टीकापुर घटनाको राजनीतिक सम्बोधन तत्कालको माग छ। परित्यक्तहरूको संघर्षले लामो यात्रा तय गर्ने निश्चितप्रायः छ। त्यसैले निर्भयको वातावरण निर्माण गर्ने कार्य आधारभूत सर्त हुनुपर्छ । तर जबसम्म सुरक्षाको प्रत्याभूति सैन्यबल र संगीन प्रदर्शनमा टिकेको हुन्छ, तबसम्म भय नै शासन-प्रशासनको आधार बनिरहन्छ। यस्तो अभ्यास नबदलेसम्म गणतन्त्र न लोकतान्त्रिक हुन्छ, न त संघीय नै। ने

भिड्ने

महाधिवेशन आउन डेढ–दुई वर्ष बाँ

सन्तोष आचार्य

राजनीतिशास्त्री कृष्ण खनाल कांग्रेस सांसद गगन थापालाई बेलाबखत जिस्क्याउने गर्छन्, 'तिमी त ६० वर्षपछि मात्र कांग्रेसको फस्ट पर्सन हुन्छौ होला है ?' ४३ वर्षीय थापा जिज्ञासु बन्छन्, 'किन र सर ?' बुझाउने पालो सरको, 'त्यतिबेला तिम्रो ऊर्जा नै समाप्त भइसकेको हुनेछ, ऊर्जाविहीन नेताबाट मुलुकले के लाभ लिन सक्ला र ?' खनालको संकेत आगामी महाधिवेशनतिर हो, जहाँबाट थापाले कांग्रेसको नेतृत्व गर्ने सम्भावना देखेका छैनन् । अनि ५५ त उनले राजनीतिबाट संन्यासका लागि तोकेको वर्ष हो ।

डेढदेखि दुई वर्ष बाँकी छ, प्रमुख प्रतिपक्षी कांग्रेसको १४ औं महाधिवेशनका लागि । तर कांग्रेस प्रवक्ता ४९ वर्षीय विश्वप्रकाश शर्मालाई

तयारी

की छँदै कांग्रेसमा नेतृत्वको जोडघटाउ

आवरणसहित तस्बिरहरू : रवि मानन्धर

जहाँ गए पनि शुभेच्छुकले दिने सुझाव हो, 'अब पार्टीको नेतृत्व गर्नुपर्‍यो, यिनीहरू (हालको नेतृत्व) बाट अब चल्दैन ।'

शर्मा र थापालाई कांग्रेसको शीर्ष नेतृत्वमा देख्न चाहनेहरूको लर्को लामै छ । तर यथार्थ के हो भने निर्णयकर्ता यी दुई नेताका शुभेच्छुक होइनन्, महाधिवेशन प्रतिनिधि हुन् । सम्भवतः यी दुवै युवा नेता आगामी महाधिवेशनमा महामन्त्रीका प्रत्यासी हुनेछन् ।

०७७ फागुनसम्म १४ औँ महाधिवेशन गर्ने निर्णय गरिसकेको कांग्रेस नेतृत्वले संविधानको विशेष प्रावधानको आड लिएर ६ महिना अरू लम्ब्याउन सक्छ । अर्थात्, कांग्रेसको आगामी महाधिवेशन ढिलोमा ०७८ भदौसम्म हुनेछ । विधानअनुसार कोषाध्यक्षबाहेक पदाधिकारी निर्वाचनमा जानुपर्नेछ। आगामी महाधिवेशनमा पहिलो पटक दुई महामन्त्री पद पनि निर्वाचित हुनुपर्ने प्रावधान छ ।

अबको महाधिवेशनले फेरि देउवालाई नै सभापति छान्ला ? कि सानेपास्थित कांग्रेस मुख्यालयको नेतृत्व देउवाइतर समूहका कुनै नेताले गर्छन् ? आम चासोको विषय हो, यो । देउवाले उक्त पदका लागि आफ्नो चाहना लुकाएका छैनन् । यसको कारण के पनि हो भने कार्यकर्ता र आम जनताबीच देउवा अलोकप्रिय मानिए पनि निर्णायक मत हाल्ने महाधिवेशन प्रतिनिधिमा भने उनले आफ्नो पकड राख्नेछन् । यदि अब चुनिएर आउने महाधिवेशन प्रतिनिधिको ठूलो समूहलाई आफ्नो पकडमा राख्न नसकेको स्थितिमा देउवाले सभापतिमा रामचन्द्र पौडेल र उपसभापतिमा श्रीमती आरजु राणालाई अघि सार्न सक्छन् । तर देउवा-पौडेल गठजोडको सम्भावना कमै देखिन्छ ।

कोइराला परिवारबाट महामन्त्री शशांक कोइराला र केन्द्रीय सदस्य शेखर कोइरालाले नेतृत्वको दाबा सार्वजनिक नै गरिसकेका छन् । यसबाहेक रामचन्द्र पौडेल, कृष्ण सिटौला र प्रकाशमान सिंहका लागि पनि सभापतिबाहेक अन्य पदमा जाने अवस्था छैन । कांग्रेस महाधिवेशनमा दक्षिणी छिमेकी र नेपाली सेनाको एउटा समूहको विशेष रुचि रहेको स्थितिमा शशांक सभापति र देउवापत्नी आरजु राणा उपसभापतिको उम्मेदवार रहने स्थिति आउन सक्छ । यस्तो स्थितिमा देउवा कांग्रेसका 'डिफ्याक्टो चेयरम्यान' हुनेछन् । प्रधानमन्त्री बन्ने अवसर पाए देउवाले त्यसमा आफ्नो अरुचि देखाउने कुरै भएन । हिन्दु मुद्दा उठाउँदै आएका शशांकसँग संगठन हाँक्ने क्षमता नभए पनि बीपीपुत्र हुनुको लाभांश कति छ भन्ने देउवाले बुझिसकेका छन् ।

देउवाका लागि आफ्नै टिम व्यवस्थापन गर्न भने उति सहज छैन । पछिल्लो समय आरजु निकट विमलेन्द्र निधि र क्रियाशील सदस्यतामा आफूले चाहेको नभए पार्टी विभाजित गर्ने भनेर नेतृत्वलाई चुनौती दिइरहेका विजय गच्छदारको व्यवस्थापन कसरी गर्ने भन्ने टाउको दुखाइ

'महामन्त्री दाबेदार हुँ, आइपरे सभापति उठ्छु'

■ गगन थापा

नेपाली राजनीतिमा कांग्रेसको पुनः आगमन होला ?

सामान्य प्रयासले कांग्रेसको पुनः आगमन सम्भव छैन । नेतृत्व कर्मकाण्डी छ । विगतमा जे गरिरहेको थियो, त्यही नै गर्ने प्रवृत्ति छ । नयाँ सोच र अभ्यासमा अरुचि देखाउने संस्कार छ । टालटुल मात्र गर्न खोज्ने सोचले समस्या झनै थपिन्छ । कांग्रेसलाई पुनर्जीवन दिन कांग्रेसजनले मात्र अनुभूति गरेर हुँदैन, आम जनतामा पनि कांग्रेसले धेरै सुधार गऱ्यो भन्ने अनुभूति हुनुपर्छ ।

त्यो सुधार कसरी हुन्छ ?

कांग्रेसभित्र एउटा यस्तो महाअभियान चाहिएको छ, जसले सिद्धान्तको पुनर्निर्माण गर्नुपर्नेछ, पार्टी संगठनको पुनर्गठन गर्नुपर्नेछ, पार्टी आचरणमा शुद्धता खोज्नुपर्नेछ । यो सब गर्नका लागि भन्दा तीतो होला तर बासी नेतृत्वबाट सम्भव छैन । कांग्रेसको यही नेतृत्वबाट जनतासँग टुटेको सम्बन्ध जोड्न असम्भव छ । त्यसैले आगामी महाधिवेशनबाट बासी नेतृत्वलाई 'बाइ-बाइ' गर्नैपर्छ ।

पार्टीलाई युवाले सुधार्ने कि एजेन्डाले ?

बिर्सन नहुने के हो भने नेतृत्व रातारात बन्ने होइन । नेतृत्वप्रति बनेको आम धारणा पनि रातारात परिवर्तन हुने होइन । कांग्रेसका मुख्य-मुख्य नेताबारे आम धारणा जे बनेको छ, त्यो हामीले बनाइदिएको होइन । संकटको यस्तो बेलामा नेतृत्वको त्यही पंक्तिले कांग्रेसलाई पार लगाउन सक्दैन । यो कुरा कठोर छ तर कांग्रेसजनले मान्नैपर्छ । अबको महाधिवेशनले यसको टुंगो लगाउनेछ ।

के पार्टीभित्र युवा हस्तक्षेप आवश्यक हो ?

पार्टीभित्र नेताहरूको एउटा यस्तो समूह छ, जो ०४६ सालदेखि निरन्तर मुख्य ठाउँमा छ । उहाँहरू सांसद, मन्त्री, प्रधानमन्त्री, सभापति भइसक्नुभयो, पार्टीको जिम्मेवार भूमिकामा पनि बसिरहनुभएकै छ । उहाँहरूको क्षमता र सीमाबारे जनता जानकार छन् । एउटा उमेरको मान्छे सक्षम र अर्को उमेरको व्यक्ति अक्षम भन्नु वैज्ञानिक हुँदैन । त्यसैले म पुस्ताको कुरा गर्दिनँ । जोसँग क्षमता छ, नेतृत्व उसैले लिन्छ । निवेदन लेखेर वा गुहार मागेर नेतृत्व हस्तान्तरण हुँदैन । पार्टी सभापतिदेखि वरिष्ठ नेतालाई मैले विनम्रतापूर्वक भनिरहेको छु कि तपाईंहरू अझै नेतृत्वमा रहनुभयो भने पार्टीलाई थप क्षति हुन्छ ।

भागबन्डाको राजनीति र सकेसम्म असहयोग गर्ने प्रचलनले पार्टी कमजोर भएको सभापतिको गुनासो छ नि ?

पार्टीको नेतृत्व गर्छु भनेर महाधिवेशनबाट निर्वाचित सभापतिले 'अरूले गर्दा सकिनँ' भन्न मिल्दैन । नेतृत्वको टोपी उहाँले लगाएकै हो । यसबाट उम्किन मिल्ने सुविधा सभापतिलाई छैन ।

अबको महाधिवेशनमा तपाईंलगायत विश्वप्रकाश शर्माहरू निर्णायक ठाउँमा आउन सक्लान् ?

विश्वप्रकाश शर्मा मात्र होइन, अरू युवा साथी पनि नेतृत्वमा आउनुपर्छ । जसले पार्टी र सरकार वा कतै पनि भूमिका पाउन सकेका छैनन्, तिनलाई नेतृत्वमा ल्याउनुपर्छ ।

आगामी महाधिवेशनमा तपाईं महामन्त्रीको दाबेदार हो ?

हो, म महामन्त्रीको दाबेदार हुँ । उस्तै परिस्थिति निर्माण भयो भने म सभापतिको उम्मेदवार पनि हुन सक्छु ।

हुनेछ, देउवालाई । यसबाहेक पूर्णबहादुर खड्का, बालकृष्ण खाँड, प्रकाशशरण महत, ज्ञानेन्द्र कार्की, एनपी साउदलगायत आफ्ना निकटस्थका लागि पदीय बाँडफाँट देउवाले कसरी मिलाउलान् ?

वरिष्ठ नेता रामचन्द्र पौडेलले सभापति पदप्रतिको आफ्नो चाहना नलुकाए पनि बलियो टिम पाएका छैनन् । जस्तो, देउवा टिममा उनलाई सभापति पदमा चुनौती दिने अरू कोही छैन । तर देउवाइतर समूहमा भने उक्त पदका आकांक्षी धेरै छन् । यो समूहबाट पौडेल निर्विकल्प सभापतिको दाबेदार बन्न सकिरहेका छैनन् । आफू सभापतिमा उठे अन्य आकांक्षीको पदीय व्यवस्थापन पौडेलका लागि उसै पनि जटिल हुनेछ । यदि पौडेलले आफू सभापति बन्न सक्ने स्थिति देखेनन् भने शेखरलाई सभापति अनि गगन र रामशरण महतलाई आफ्नो समूहबाट महामन्त्री पदका लागि प्रस्ताव गर्न सक्छन् ।

सभापति पदका अर्का दाबेदार कृष्ण सिटौलाले पछिल्लो महासमिति बैठकपछि पौडेलको साथ पाउन सकेनन् । पौडेलले देउवासँग आफ्नो कुरा मिलेको बताएपछि सिटौला एक्लिएका छन् । देउवाइतर समूहमा रहेका प्रकाशमान सिंहदेखि शेखर-शशांक कोइरालासम्मले सिटौलालाई साथ दिन आवश्यक ठानेका छैनन् । महाधिवेशनको सँघारमा सभापति पदमा आफ्नो पराजय हुने देखेमा थापालाई सभापति पदमा लडाएर सिटौला 'किङ मेकर' पनि बन्न सक्छन् । यसै पनि सिटौला, प्रकाशमान सिंह, अर्जुननरसिंह केसी, रामशरण महत, शेखर आदि सम्मिलित एउटा समूहले क्षेत्रीय अधिवेशनपछि जतिबेला महाधिवेशन प्रतिनिधि चयन गरिन्छ, त्यतिबेलाको स्थिति हेरेर आफ्नो समूहबाट सभापतिको दाबी गर्ने सहमति भएको दाबी स्रोत गर्छ । समूहले पौडेललाई यो सहमतिको 'एरिना' बाहिर नै राखेको छ । यसमा केसी र महत भने सभापतिका दाबेदार देखिएका छैनन् ।

'प्रवक्ताबाट रिटायर्ड हुन आएको होइन'

■ विश्वप्रकाश शर्मा

कांग्रेसको मुख्य समस्या मूल नेतृत्व नै हो ?

७० वर्ष पुरानो पार्टी भएकाले कहिले प्रेसर, कहिले डाइबेटिज हुनु स्वाभाविक हो । उमेरजन्य कारणले पनि कतिपय समस्या आउँछन् । अहिले हामी नवीनताको खोजीमा छौं ।

१४ औं महाधिवेशनले कांग्रेसको रूपान्तरण गर्ला त ?

महाधिवेशन पार्टीको आन्तरिक जीवनको विषय हो । महाधिवेशनपछि होइन, अहिले नै रूपान्तरणका लागि हिँड्नुपर्छ । हामी त्यही चरणमा छौं । यसले महाधिवेशनमा पुग्दै गर्दा गति लिन्छ ।

कांग्रेसभित्र बारम्बार युवा हस्तक्षेपको कुरा उठ्छ नि ?

म आफूलाई युवा दाबा गर्दिनँ । 'वन्स अपन अ टाइम आई वाज योङ ।' मेरो भनाइ के हो भने विश्वप्रकाशहरू पनि छन्, तिनीहरूअघिको पुस्ता पनि छ, पछाडिको पुस्ता पनि छ । यी तीन वटै पुस्ताको संयोजन गरेर लैजानुपर्छ । आगामी महाधिवेशनमा युवा बढीभन्दा बढी आउनुपर्छ ।

युवालाई पार्टीको शीर्ष तहमा ल्याउने सवालमा पार्टी नेतृत्व अलि अनुदारवादी हो ?

पाका आउँदै गर्दा वर्तमानको कुरा मात्र आउला । तरुण आउँदा आफूसँगै भविष्यसम्मको अनन्त सम्भावना ल्याएको हुन्छ । भविष्यदृष्टि पनि पुग्ने गरी युवाको बढोत्तरी होस् भन्नेमा मेरो पूर्ण सहमति छ । प्रवक्ताका रूपमा भने म दुवै पुस्तालाई सन्तुलन गरेर जानुपर्छ भन्छु ।

हस्तक्षेप गर्न सक्ने युवा पुस्ता देखिन्छ कांग्रेसभित्र ?

राज्य पुनर्संरचनाको मुद्दामा पाका नेताहरूले बोल्नुअगाडि युवाले बोलेकै हुन् । संविधानसभामा जाने विषयमा पनि पार्टीले भन्नुभन्दा अघि विद्यार्थी संगठनबाट हामीले भनेकै हो । गणतन्त्रको मुद्दालाई कांग्रेसको युवा पुस्ताले सडकबाटै उठाएको हो । पार्टीभित्र युवा पुस्ताको भौतिक उपस्थिति पर्याप्त छैन । तर विचारगत हिसाबले हेर्ने भने पाकाहरूले अहिले बोकिरहेका मुद्दा पहिले युवाले नै प्रवेश गराएका हुन् ।

युवा नेताले कुनै न कुनै नेताको फेरो समातेको देखिन्छ ।

यो वा त्यो, जे भने पनि सबै हाम्रा नेता हुन् । एकअर्कासँग गाँसिने, एकअर्कासँग विलय हुने र एकअर्काेबाट शक्ति हासिल गर्ने राजनीतिको स्वाभाविक प्रक्रिया हो ।

पाका नेतृत्वले कुर्सी ओगटेर बस्दा पछिल्लो पुस्ताको पर्खाइ लम्बिँदैन ?

पार्टीभित्र ०४६ सालको आन्दोलनको पुस्ता प्रशस्तै छ । अझ पछिल्लो समय त ०६२/०६३ को आन्दोलनको पुस्ता पनि नवीन ऊर्जाका साथ पार्टीमा आएको छ । अघिल्लो भन्दा मेरो पुस्ता ऊर्जाशील होला । तर मेरोपछिको नयाँ पुस्ता झनै ऊर्जाशील छ । हो, यदि पाको पुस्ता नेतृत्वमा रहन चाहन्छ भने पछिल्लोभन्दा निश्चित दृष्टिकोण र पार्टीलाई 'ड्राइभ' गर्ने कार्यक्षमता त हुनैपर्छ ।

तपाई महामन्त्रीको तयारीमा हुनुहुन्छ ?

मैले पनि त्यही सुनिरहेको छु । ठीक समय यो कुरा भन्छु । तर विश्वप्रकाश शर्मा पार्टी प्रवक्ताको पदबाट रिटायर्ड हुने गरी कांग्रेस राजनीतिमा आएको होइन ।

महामन्त्रीमा महाभिडन्त

कांग्रेसको नयाँ विधानमा दुई महामन्त्री निर्वाचित हुने व्यवस्था छ । यसअघि एक निर्वाचित र अर्को मनोनीतको व्यवस्था थियो । शक्तिशाली दुई महामन्त्री पदका आकांक्षीको लर्को पनि सभापति पदकै जस्तो लामै छ । विशेषगरी संस्थापन समूहबाट प्रवक्ता विश्वप्रकाश शर्मा, वर्तमान महामन्त्री (मनोनीत) पूर्णबहादुर खड्का, सह-महामन्त्री प्रकाशशरण महत र बालकृष्ण खाँड, ज्ञानेन्द्रबहादुर कार्की, एनपी साउदमध्येबाट महामन्त्री प्रत्यासी उतार्नुपर्ने बाध्यता देखिन्छ । संस्थापनइतरबाट थापा, महत र मीनेन्द्र रिजाल उक्त पदका आकांक्षी हुन् । संस्थापनइतरको यी सबै समूहमा थापा पहिलो रोजाइको महामन्त्री प्रत्यासी छन् । पौडेल थापासँगै महतलाई र हालका महामन्त्री शशांक उक्त पदमा रिजाललाई देख्न चाहन्छन् । पछिल्लो समय बढेको शशांक र रिजालको घनिष्टता राजनीतिक मैदानमा पनि देखिन सक्छ ।

यद्यपि शर्मा र थापा भने महामन्त्रीका खास दाबेदार हुन् । प्रस्ट दृष्टिकोण, क्षमता र कार्यकर्ता तथा आम जनमानसमा रहेको लोकप्रियताका कारण दुवै महामन्त्री पदमा आउन सके पार्टीले नयाँ गति लिन सक्छ भन्ने कांग्रेसजनको अपेक्षा अस्वाभाविक पनि होइन । कुनै बेला विद्यार्थी मोर्चामा र अहिले पार्टीको केन्द्रीय समितिमा सँगै रहेका शर्मा र थापाका लागि महामन्त्री पदमा उम्मेदवार हुन र उम्मेदवारी पाएर जित्न कति सहज छ त ?

संस्थापनको नयाँ सदस्य भएकाले देउवा समूहले महामन्त्रीमा शर्मालाई आनाकानी गर्न सक्छ । तर उनको लोकप्रियता र प्रवक्ताका रूपमा देखाएको क्षमतालाई देउवा स्वयंले भने उपेक्षा गर्न सक्ने स्थिति छैन । यसैले देउवाले उनलाई आफ्नो समूहबाट महामन्त्री पदका लागि १४ औं महाधिवेशनमा उतार्न सक्छन् । यदि महामन्त्री पदका लागि छानिएन भने संस्थापनइतर समूहबाट सोही पदको प्रस्ताव उनलाई सहजै आउन सक्छ, जुन देउवाले चाहने देखिँदैन ।

शर्मालाई पनि सजिलो भने छैन । उनीसँग विद्यार्थी राजनीतिकालका साथीभाइ थापा, गुरु घिमिरे, प्रदीप पौडेल, बद्री पाण्डेलगायत हालका युवा नेता अहिले साथ छैनन् । संस्थापन पक्षले प्रवक्ता बनाएर आफूहरूबाट लगेपछि युवा नेताको एउटा जत्था शर्मासँग चिढिएको छ ।

देउवाले चोरेका शर्मा

पार्टी नेतृत्वलाई चुनौती दिँदै आएका सात भाइको समूहमा ब्रेक लगाउन सभापति शेरबहादुर देउवा सफल भए । गत आमनिर्वाचनमा कांग्रेसले हार बेहोरेपछि युवा नेताहरू गगन थापा, विश्वप्रकाश शर्मा, चन्द्र भण्डारी, धनराज गुरुङ, जीवन परियार, बद्री पाण्डे, गुरु घिमिरे एक ठाउँ, एक स्वर गर्दै पार्टी रूपान्तरणका लागि लबिइङ सुरु गरेका थिए । तर देउवाले शर्मालाई प्रवक्ता बनाएपछि त्यो समूह छिन्नभिन्न भयो । देउवाले थापालाई धक्का दिएको घटना थियो, त्यो ।

शर्मा र थापा आ-आफ्नै क्षमताका कारण कांग्रेसभित्र मात्रै होइन, कांग्रेसइतर दलमा पनि प्रिय मानिन्छन् । दुवै एक ठाउँ आउँदा देउवाले 'थ्रेट' अनुभव गरे र शर्मालाई आफ्नो समूहमा ताने । थापाको यो समूहको सामना देउवाले शर्मामार्फत गर्दै आएका छन् । पार्टी प्रवक्ताका रूपमा पहिलो पत्रकार सम्मेलनमा बोल्ने क्रममा शर्माले त्यसको संकेत पनि गरेकै हुन् । उनले त्यो बेला भनेका थिए, 'एजले होइन, एजेन्डा हुनेले कांग्रेसको नेतृत्व गर्छ ।'

कतिसम्म भने नेपाल प्रेस युनियनको २८ औं वार्षिकोत्सवमा आयोजित कार्यक्रममा शर्मा र थापाबीच अहिलेको नेतृत्वले कम्युनिस्ट सरकारविरुद्ध मोर्चा कस्न सक्छ ? भन्ने विषयको बहसमा थापाले अहिलेकै नेतृत्वबाट पार्टीमा जागरण नआउने बताएका थिए । त्यसको जवाफमा शर्माले पार्टी नेतृत्व परिवर्तन आवश्यक नरहेको भन्दै देउवाको बचाउ गरेका थिए । खासमा चुनाव परिणामले निराश कांग्रेसभित्र हलचल ल्याउन र पार्टी शुद्धीकरणका लागि विशेष महाधिवेशन माग गरिरहेको थियो, युवा नेतृत्वले ।

शर्माबारे कांग्रेसका युवा नेता सुदर्शन आचार्यको टिप्पणी छ, "आफूले बनाएका मान्छेसँग विश्वप्रकाश शर्मा आफैं हुनुहुन्न, गएको ठाउँ अर्थात् संस्थापन पक्षमा आफूले बनाएका मान्छे छैनन् ।"

एक एजेन्डाधारी, अर्का संस्कारी

४० को दशकदेखि झापाको स्ववियु राजनीतिबाट उदाएका शर्मामा हार स्वीकार्ने राजनीतिक संस्कार छ । चाहे त्यो स्ववियु निर्वाचन होस् वा संसद् अथवा जिल्ला सभापतिमा पराजित हुँदा उनले देखाएको राजनीतिक संस्कार अझै पनि धेरैको स्मरणमा ताजै छ । शर्माले विजयी पक्षलाई जहिल्यै खुला मनले बधाई दिँदै आएका छन् । ०६८ सालमा झापा कांग्रेसको सभापति पदमा शर्मा उद्धव थापासँग पराजित भए । विजयी थापालाई माला पहिऱ्याएर शुभकामना दिए, पराजय स्वीकारे । संविधानसभाको दोस्रो निर्वाचनमा झापा- १ बाट रविन कोइरालासँग पराजित भएका उनले त्यसलाई पनि सहज रूपमा लिए । गत संसद्को निर्वाचनमा पनि पराजित भए । उनले त्यसबेला पनि विजयीलाई बधाई दिए, माला पहिऱ्याइदिए ।

शर्माले ०५७ सालमा नेविसंघको सभापति भने जिते । दुई वर्षे कार्यकालभन्दा एक दिन बढी पनि उक्त पदमा बसेनन् । महाधिवेशन गराएर नयाँ नेतृत्वलाई नेविसंघ सुम्पिए । पार्टीको १३ औं महाधिवेशनमा केन्द्रीय सदस्य निर्वाचित भए ।

कुनै बेला गिरिजाप्रसाददेखि सुशील कोइरालासम्मले रुचाएका थापा र शर्मा पटक-पटक दुवै कोइरालाको कोपभाजनको सिकार पनि बने । दुवै नेतालाई कोइरालाले नै अघि बढाएका थिए । पार्टी विभाजनका बेला बहुमत भ्रात्/शुभेच्छुक संस्थाले देउवालाई साथ दिँदा यी दुवै नेता तत्कालीन संस्थापनमै बस्न रुचाए । ०४९ सालमा नेविसंघको केन्द्रीय सदस्य बनेका शर्मालाई राजनीतिक रूपमा हुर्काउन तत्कालीन झापा कांग्रेस सभापति कृष्ण सिटौलाको पनि भूमिका छ । अहिले शर्मा सिटौलासँग छैनन्, बरु थापा त्यहाँ पुगेका छन् ।

झापा कांग्रेस सभापतिका उम्मेदवार उद्धव थापाविरुद्ध उम्मेदवारी दिएका कारण तत्कालीन कार्यवाहक सभापति सुशील कोइराला र सिटौलासँग सम्बन्ध बिग्रियो । त्यसैले उनले शशांक कोइरालाकहाँ शरण लिए ।

उता, ०५५ सालमा त्रिचन्द

HBL Auto Loan

तपाईंको सपना साकार पार्नुहोस्

आफ्नो सवारी साधनले तपाईको जीवन यात्रा अझ रमणीय बन्नेछ । **HBL Auto Loan** को साथ तपाई यो सुखद यात्रा शुरु गर्नुहोस् ।



विशेषताहरू:*

- न्यूनतम प्रचलित व्याजदर
- न्यूनतम कर्जा व्यवस्थापन शुल्क
- सरल मासिक किस्ता
- अधिकतम कर्जा अवधि

HBL Himalayan Bank Ltd.

www.himalayanbank.com

कर्पोरेट अफिस: कमलादी, काठमाडौं

फोन: ९७७-१-४२४६२१८/१९, ४२२७७४९, ईमेल: himal@himalayanbank.com

‘नयाँ पुस्तामा नयाँ कुरा छैन’

समृद्धिको विमर्श पनि नेकपाले नेतृत्व गर्ने, समाजवादको पनि नेकपाले । कांग्रेस यो बहसमा कसरी छुट्यो ?

बीपीले सन् १९७७ मा नेपाल फर्केपछि विकासको मोडल गलत छ भन्नुभयो । समृद्धिको विमर्श यहीँबाट सुरु हुन्छ । बीपीले गरिबलाई खान छैन, यति ठूला एयरपोर्टको के काम भन्नुभयो । यो किसिमको बहस पुँजीवादको जन्म भएको अवधिदेखि नै छ । बीपीले बोलेर, किशुनजी र गणेशमानजीले बाँचेर यो विचार विकास भयो । अहिले जसले समृद्धिको सपना देखाए, तीसँग समृद्धिको भ्रान्ति छ । हामीसँग समृद्धिको वैकल्पिक सपना छ । हाम्रो अभावलाई तपाईं सिंगापुरको समृद्धिबाट हटाएर हेर्न सक्नुहुन्न । ओली-खतिवडा थ्योरीले यसलाई बुझ्न सक्दैन ।

हामी के कारणले गरिब भयौँ त ?

हामी यस कारणले गरिब छौँ, हाम्रो समाजमा समरसता छैन । तीन प्रमुख इकाइ आर्यखस, मधेसी र जनजातिबीच राज्य बनाउन हुनुपर्ने जति निकटता छैन । हामी दलितसँग राम्रो व्यवहार गरिरहेका छैनौँ । महिला अझै दुई नम्बरका नागरिक छन् । मध्यपूर्वमा २०-३० हजार कमाएका नागरिकले त्यहाँका कारखाना धनी बनाएका छन् ।

छलफल गर्नुपर्ने यस्ता विषय रहेछन् । तर कांग्रेसकै नेताहरू किन धर्मको एजेन्डातिर लहसिएका ?

कांग्रेसले धर्मको विषय औपचारिक रूपमा होइन, लाज मानीमानी उठाइरहेको छ । भारतमा पनि यो प्रवृत्ति देखियो । मानिस कुनै न कुनै किसिमको विचारले प्रेरित भएर हिँड्ने प्राणी हो । अपठित भनिएको मानिससँग पनि विचार हुन्छ । तर पछिल्लो ३० वर्षमा विचार भन्ने चीजको कुनै मतलब नै देखिन छाडेको छ । बरु धार्मिक नस्लवादी उन्माद बढ्दै छ ।

विचारको यो विनाशमा टिभी र स्मार्टफोनको कति भूमिका छ, यो भनिराख्नुपर्ने विषय होइन । जस्तोसुकै गम्भीर वा चिन्तनशील मानिसले पनि कम्तीमा एक घन्टा त स्मार्टफोनमा बिताइरहेकै छ । यो विचारविरोधी समयको असर कांग्रेसमा पनि परेको छ । यसले हिन्दु, मुसलमान, पहाडी, मधेसीलगायत नारामा आकर्षण देखिएको हो । भोट पाइन्छ भने यसो किन नगर्ने भन्ने कतिपयलाई परेको छ । भोटको राजनीतिको असर यस्तै हुन्छ ।

कांग्रेसमा देउवा-रामचन्द्रकै नेतृत्व कहिलेसम्म ?

देउवा-रामचन्द्रको युग अन्त्य होला कि नहोला तर अन्त्य हुनुपर्छ भन्ने म ठान्छु । अझ भन्नुपर्दा यो युग गिरिजा-माधवकै युगको निरन्तरता हो । देउवा, रामचन्द्र, ओली आदि त्यसैका निरन्तरता हुन् । माओवादीमा पनि लगभग त्यही देखियो । संसदीय प्रजातन्त्रको यो फ्रेमवर्कमा बसेर चुनाव लड्दा मान्छेले कति खर्च गरे, तपाईंलाई थाहै होला । आज कांग्रेसको संकट वैचारिक हो । विचारको संकट

कलेजको स्ववियु सभापति निर्वाचित भएपछि विद्यार्थीमाझ शर्माजस्तै लोकप्रिय बन्दै गए । राजा ज्ञानेन्द्रको प्रतिगमनविरोधी प्रदर्शनलाई थापाले राजतन्त्रविरोधी तथा गणतन्त्रको पक्षमा युवालाई उचालेको आरोप लगाउँदै तत्कालीन सभापति गिरिजाप्रसादले पार्टीमा किनाराकृत गर्न थाले । कोइराला परिवारबाट प्रताडित थापाले १३ औँ महाधिवेशनमा गिरिजा र सुशीलका भतिज शशांकविरुद्ध महामन्त्रीमा उम्मेदवारी दिए पनि पराजित भए । आलोचित नेतृत्वको आलोचनाले पनि उनलाई स्थापित गरायो ।

०७४ सालको संघीय संसद्को निर्वाचनमा शर्मा र थापाबीच एकअर्काको सकारात्मक पक्षबारे बोलेको भिडियोको ‘क्लिप’ सामाजिक सन्जालमा आएकै थियो । दुवैको पहिलो भेट त्रिचन्द्र कलेजमा भएको थियो, ०५३ को स्ववियु निर्वाचनको माहोलमा । त्यसको दुई वर्षपछि ०५५ सालमा त्रिचन्द्रमा स्ववियु सभापति बनाउन शर्माले नै थापालाई सहयोग गरे ।



> “पार्टीभित्र अस्वस्थ वातावरण छ । कुनै ठूलो नेताको फेर नसमातीकन जोगिन सकिँदैन भन्ने स्थिति छ । कसैको डिपेन्डेसीबाट नेतृत्व आउँदैन, आए पनि त्यो प्रभावकारी हुँदैन ।
>
> **– कृष्ण खनाल**
> राजनीतिशास्त्री

राजनीतिक संस्कार र वाककलाको सम्बन्धमा दुवै नेताको प्रशंसा कांग्रेसभित्र मात्रै होइन, इतरपार्टीमा पनि हुन्छ । शर्मामा राजनीतिक संस्कार मात्र होइन, सांगठनिक क्षमता पनि उत्तिकै छ । विद्यार्थी नेताका रूपमा आफ्नो क्षमता देखाइसकेका शर्माले फागुन ०७५ मा प्रवक्ता नियुक्त भएपछि पार्टीलाई चलायमान बनाउन सक्दो कसरत गरे । शर्माले संस्थापनसँग नजिक रहेर क्षमता देखाउन सकिन्छ भन्ने बुझेरै आफ्नो राजनीतिक उचाइ स्थापित गर्न खोजे ।

राजनीतिशास्त्री कृष्ण खनाल कांग्रेसलाई खुला र लोकतान्त्रिक पार्टी बनाउन शर्मा र थापाले हस्तक्षेप गर्न सक्नुपर्ने औंल्याउँछन् । कांग्रेसभित्रको नोकरशाहीतन्त्र समाप्त पारेर जनमतका आधारमा नेता बनाउनुपर्ने उनको जोड छ । “पार्टीभित्र अस्वस्थ वातावरण छ । कुनै ठूलो नेताको फेर नसमातीकन जोगिन



■ **प्रदीप गिरि,** कांग्रेस नेता

भएपछि यस्तै हुन्छ । गिरिजा-माधव युग अन्त्य गर्ने गरी माओवादीले केही गर्ला कि भन्ने थियो, त्यो पनि भएन ।

कांग्रेसको नयाँ पुस्ताले कत्तिको आशा सञ्चार गर्न सकेको छ ?

कांग्रेसमा आइरहेको पुस्तालाई उमेरका हिसाबले तेस्रो पुस्ता भन्न सकिन्छ । ६० काटेकाको एउटा पुस्ता छ, ५० काटेकाको अर्को । ४० र ५० का बीचका आठ/दस युवा छन्, केन्द्रीय कार्यसमितिमा निर्वाचित छन् । उनीहरूको सक्रियता, केन्द्रीय समितिमा तिनको हस्तक्षेप, स्वभाव, प्रस्तुति हेर्दा केही गर्लान् भन्नेमा म पनि विश्वस्त छु । उनीहरूको सैद्धान्तिक अध्ययन, पढाइलेखाइ यही शून्यताका ३० वर्षकै बीचमा भयो । तर विकल्प खोइ त ? उनीहरूलाई अघिल्लो पुस्ताले 'टिना' थ्योरी सिकाइदिएको छ- देयर इज नो अल्टरनेटिभ । यसलाई टिना युगको असर पनि भन्न सकिन्छ ।

कांग्रेसमा नयाँ पुस्ताको विशेषता के हो ?

उनीहरूसँग नया कुरा केही छैन, म भए देखाइदिन्थेँ भन्ने मात्रै छ, यो पुस्तासँग । अहिलेका शीर्ष नेताको जस्तै भावना छ । युद्ध चलिरहेका बेला हाम्रा नेताहरू भन्थे, माओवादीलाई म मिलाइदिन्छु । तर कसरी भन्ने कसैलाई थाहा थिएन । त्यस्तै, नयाँ पुस्तालाई पनि म देखाउन सक्छु भन्ने छ । मानौँ, अर्को कुनै विकल्प छैन । त्यसैले अहिले भर्खरै अर्को विचार पनि आएको छ । एस, देयर इज अल्टरनेटिभ । उनीहरू टिना युगबाट मुक्त हुन आवश्यक छ ।

अहिले त 'निटा' पनि आएको छ... नरेन्द्र (मोदी) इज द अल्टरनेटिभ ।

हुन सक्छ । तर यो पनि टिना युगकै उपज हो ।

सकिँदैन भन्ने स्थिति छ । कसैको डिपेन्डेसीबाट नेतृत्व आउँदैन, आए पनि त्यो प्रभावकारी हुँदैन," खनाल भन्छन्, "युवा नेतृत्व डिपेन्डेन्ट होइन, इन्डिपेन्डेन्ट हुनुपर्छ ।"

उनको शब्दमा समाजले खोजेको एउटा कुरा छ, कांग्रेसले दिइरहेको छ अर्को कुरा । युवाले हामी फुर्तिला छौँ भनेर नेतृत्वमा आउने होइन, मुद्दा र दृष्टिकोणले आउने हो । रहरलाग्दा शर्मा र थापा हेरेर कांग्रेसलाई साथ दिने युवा जमात ठूलो छ । उनीहरूबाट केही आशा पनि छ ।

खासमा नेतृत्व निर्माणको अवधि भनेको ३० देखि ४० वर्षको हो । जसले यो उमेरमा आफ्नो क्षमता देखाउँछ, त्यो नै नेतृत्वमा आउने सम्भावना हुन्छ । "जोखिम लिन नसक्ने मान्छे मूल नेतृत्वमा आउन सक्दैन । यी दुवै नेता रिस्क टेकर बन्न सकिरहेका छैनन्, उनीहरूको बाध्यता पनि होला," खनालको विश्लेषण छ, "रिस्क लिँदा सदालाई फालिन्छ कि भन्ने भय उनीहरूले तोड्नु जरुरी छ । युवामा सामूहिक प्रयत्न छैन, भए पनि त्यसले निरन्तरता पाएको छैन ।"

"पुरानै नेतृत्वसँग शक्ति लेनदेन गरेर नेतृत्वमा आउने हो भने त्यो पनि पत्रु नेतृत्व नै हुनेछ, युवाले उनीहरूको अपरिहार्यता सिद्ध गर्न सक्नुपर्छ ।

– पुरञ्जन आचार्य
राजनीतिक विश्लेषक

अहिले नेतृत्वको जुन पहिलो पंक्ति छ, त्यसलाई नाघेर हामीले अब्बलता देखाउँछौँ, पार्टी र लोकतन्त्रलाई नै नयाँ जीवन दिन्छौँ भन्ने हिम्मत पार्टी नेतृत्वको दाबी गरिरहेका युवा नेताबाट प्रदर्शन हुन नसकेको बताउँछन्, राजनीतिक विश्लेषक पुरञ्जन आचार्य । "पुरानै नेतृत्वसँग शक्ति लेनदेन गरेर नेतृत्वमा आउने हो भने त्यो पनि पत्रु नेतृत्व नै हुनेछ, युवाले उनीहरूको अपरिहार्यता सिद्ध गर्न सक्नुपर्छ," आचार्यको कथन छ," दृष्टिकोण, नेतृत्व क्षमता र साहसिक निर्णयका हिसाबले युवा पुस्ताले आफूलाई स्थापित गर्न सक्यो भने मात्र पुरातन नेतृत्वको यथास्थिति भंग हुन्छ । अन्यथा अहिलेका युवा नेताहरू पनि फाइल बढुवा कांग्रेस नै साबित हुनेछन् ।" ने

‘युवा’ ले प्रस्ट भनून्

अच्युत वाग्ले

मुलुकको पुरानो लोकतान्त्रिक दल नेपाली कांग्रेसले कसरी र कति लामो समयसम्म आफूलाई असान्दर्भिक हुनबाट बचाउन सक्ला ? यसको आफ्नै सांगठनिक जीवन कुन हदसम्म समय सुहाउँदो ढंगले रूपान्तरित हुन सक्ला ? यस्तो सान्दर्भिकता एवं संगठनको निरन्तर प्रभावकारिता (अहिले प्रमुख प्रतिपक्ष र भावी सरकारका रूपमा) कायम राख्न यसभित्रको तथाकथित नयाँ वा युवा पुस्ताको नेतृत्व कति हस्तक्षेपकारी भूमिकामा उदाउन सक्ला ? अहिले कांग्रेस आफ्नै र यसको भूमिकाको कसीमा नेपालकै लोकतान्त्रिक भविष्य यिनै प्रश्नको सेरोफेरोमा रुमल्लिइरहेको छ ।

दलहरूको सान्दर्भिकता र प्रभावकारिता तिनको जन्मनिरपेक्ष हुन सक्दैन । राजनीतिक दलहरूको सार्थक एवं अविच्छिन्न अस्तित्वका तीन सिद्धान्त राजनीति विज्ञानमा संश्लेषित छन् । पहिलो, सिद्धान्तले दलहरूका संगठनको आकार ग्रहणलाई ऐतिहासिक घटना र दुर्घटनाको समुच्च परिणति भनेको छ । राज्यशक्तिको प्रयोगको अधिकार परम्परागत राजगद्दी, चर्च, पादरी वा पुरोहित र युद्ध-सरदारको प्रभुत्वबाट आम नागरिकका प्रतिनिधिसम्म ल्याउने एजेन्टका रूपमा नागरिक सहभागितायुक्त राजनीतिक दल जन्मेका हुन् । यसर्थ, आधुनिक स्वरूपका दलहरूको जन्म र विकास चुनावी, लोकतान्त्रिक राजनीतिको समानान्तरमा भएको तर्क सबभन्दा बलशाली छ ।

दोस्रो, संसदीय प्रतिनिधित्वको राजनीतिभन्दा बाहिर, विशेष स्वार्थ-समूहको अधिकार स्थापित गर्ने प्रक्रियामा दबाब समूह निर्माण भए । र, यस्ता समूह कालान्तरमा राजनीतिक दलमा रूपान्तरित भए । तेस्रो, दलहरूलाई ‘क्रान्तिका सन्तति’ (चिल्ड्रेन अफ रिभोलुसन) भनेको छ । मुलुकको आर्थिक, सामाजिक रूपान्तरणको आवश्यकताले आमूल परिवर्तन वा क्रान्तिका लागि एक ध्येय भएका समूह राजनीतिक संगठनका रूपमा विकसित हुन्छन् । र, तिनीहरू नै व्यवस्थित दलका रूपमा राज्य सञ्चालनको हैसियतमा आइपुग्छन् ।

बीसौँ शताब्दीको सुरुमा जर्मन दार्शनिक म्याक्स वेबरले दलहरूलाई दुई कोटिमा विभाजित गरे : अभिजात्य (अनोरेरियम्स) को पार्टी र आम मानिसको (मास) पार्टी । पार्टीहरूले सामाजिक तनावका पक्ष वा विपक्षको प्रतिनिधित्व गर्न थालेपछि सत्तरीको दशकयता ‘मास’ र ‘क्लास’ पार्टीको सीमा प्रस्ट हुँदै गयो । बृहत् राजनीतिक भाष्यले त्यस्तो विभाजन रेखालाई थप चहकिलो बनायो । लोकतान्त्रिक क्यानभासमै वामपन्थी, समाजवादी, मध्यमार्गी र दक्षिणपन्थीको कित्ताकाट अद्यापि अभ्यासमा छ । तथापि सर्वहारा वर्गको अधिनायकवादको वकालत गर्ने एकदलीय शासन सञ्चालन गरेका राजनीतिक शक्ति, मूलतः सोभियत संघको बोल्सेभिक र चीनको कम्युनिस्ट पार्टीलाई क्रान्तिका सन्ततिसम्म त भन्न सकियो । सत्तामा पुगेपछि तिनको राजनीतिक चरित्रको मृत्यु भएर अन्ध सैनिकीकरणको शैलीमा राज्य शक्तिको प्रयोग भयो । नागरिकका लागि राजनीतिको ‘स्पेस’ बाँकी रहेन । त्यसैले तिनलाई वैचारिक बहुलताका दृष्टिले राजनीतिक दलको दर्जामा राख्न सकिएन ।

नवोदित ‘क्लास’ पार्टीहरूले आर्थिक वर्ग विभाजनका अतिरिक्त सामाजिक र जातीय वर्ग-स्वार्थको प्रतिनिधित्व गर्ने प्रयत्न गरे । गरिरहेका छन् । ‘ग्र्यान्ड न्यारेटिभ’ को औचित्य कतै समाप्तै भएको हो कि जस्तो देखिएको अहिलेको वैचारिक दर्शनशून्यतामा पनि यी वर्गीय स्वार्थका शक्तिको पहिचान क्षेत्रीय, जातीय र विषयगत स्वार्थ वकालतकर्ता राजनीतिक अभियन्ताका रूपमा स्थापित र कायम छ । भारतजस्ता लोकतान्त्रिक मुलुकमा क्षेत्रीय दलहरूको उभार खासगरी विगत तीन दशकमा उल्लेख्य रूपमा भएको देखिन्छ ।

बीसौँ शताब्दीको सुरुमै वेबरका चेला एवं चिन्तक रबर्ट मिचेलले राजनीतिलाई समाजशास्त्रीय दृष्टिबाट प्रस्तुत गरे । उनको *पोलिटिकल पार्टीज* (सन् १९११) पुस्तकले लोकतान्त्रिक दलहरू क्रमशः राजनीतिक कुलीनतन्त्र (अलिगार्की) मा परिणत हुने दृष्टान्त दिएको छ । र, त्यसबाट समग्र लोकतन्त्रमा पर्ने प्रभावबारे विस्तृत व्याख्या गरेको छ । एक शताब्दीपछि पनि त्यो पुस्तकका निष्कर्षको जीवन्त सान्दर्भिकता वास्तवमै आश्चर्यलाग्दो छ । दलहरूको कुलीनीकरण पारिवारिक नियन्त्रणको परिभाषामा मात्रै सीमित छैन, राज्य शक्तिको प्रयोग समाजका पढेलेखेका र टाठाबाठाको मिलेमतोमा उनीहरूकै हितका लागि मात्र प्रयोग गर्ने वास्तविकतालाई मिचेलको ‘अलिगार्की’ परिभाषाले समेट्छ ।

उनी भन्छन्, ‘अलिगार्कीको परिणामस्वरूप सबै आधुनिक लोकप्रिय पार्टीभित्र विशुद्ध भ्रातृत्वको भावनाको प्रकट रूपमै अभाव छ, इमानदार र सौहार्द पारस्परिक विश्वास हामी देख्दैनौँ, त्यहाँभित्र निरन्तर सुषुप्त संघर्ष छ, नेताहरूबीचको अविश्वासको विनिमयले चिडचिडाहटपूर्ण भावनाको मात्रा निर्धारण गर्छ । र, यही चिडचिडाहटको भावना दैनन्दिन लोकतन्त्रको सारभूत चरित्र भएको छ ।’

नेताहरूको अविश्वास तिनमाथि सर्वाधिक निर्देशित छ, जो आफ्नो संगठनलाई ‘कमान्ड’ गर्ने अभिलाषा राख्छन् । हरेक कुलीन नेता ती मानिसप्रति पूर्ण रूपले सशंकित छन्, जो तिनको ओहोदा वा पदमा आउन उद्यत छन् । यस्तो अविश्वास प्रकारान्तरमा उत्तराधिकारी हुने वा स्थापित नेताहरूको प्राकृतिक मृत्यु (राजनीतिक अर्थमा समेत) लाई नपर्खीकन तिनलाई बाहिर हुत्याएर (सप्लान्ट) पद लिन तयार बसेको छ । जो लामो समयदेखि हकाधिकार जमाएर (यो भौतिक वस्तुमा मात्रै होइन,

आध्यात्मिक र शारीरिक आधिपत्यको अर्थमा पनि उत्तिकै लागू हुन्छ) बसेका छन्, उनीहरू आफ्नो विगतप्रति गौरवान्वित रहन्छन् । त्यही कारण जसको संगठनको स्वामित्व दाबी तुलनात्मक रूपले पछिल्लो मितिमा आरम्भ भएको हो, उनीहरूमाथि हेय दृष्टि राख्छन् (*पोलिटिकल पार्टीज*, पृ १०५-१०६, सन् १९११) ।

यी सैद्धान्तिक सन्दर्भ कांग्रेसका हकमा कहाँ र कति लागू होलान् ? त्यसको थप प्रस्टीकरण सायद आवश्यक छैन । तर पनि तीन प्रस्ट परिणामलाई यहाँ एकीकृत गर्नु उचित हुनेछ । पहिलो, कांग्रेस मूलतः क्रान्तिको सन्तति नै हो । ००७ सालमा प्रजातन्त्र स्थापना र ०४६ सालको प्रजातन्त्र स्थापनाको जस यो पार्टीले आर्जन गर्न नसकेको भए यसको हैसियत धेरै पहिले नै थला परेको बूढो सिंहको जस्तो भइसक्थ्यो । समयक्रमसँगै आफूलाई व्यवस्थित गर्न नसक्ने धेरै 'क्रान्तिका सन्तान' शक्तिहरूको नियति यस्तै भएको छ । भारतीय राष्ट्रिय कंग्रेस, पाकिस्तानको पिपल्स पार्टी, बाङ्लादेश नेसनालिस्ट पार्टीलगायत संसारका धेरै राजनीतिक पार्टीलाई इतिहासको गौरवले मात्र बचाउन सकेको छैन । कांग्रेस मात्रै अपवाद हुनुपर्ने सादृश्य कारण उपस्थित छैन ।

दोस्रो, कांग्रेसले आफूलाई अभिजात्य वा 'मास' अथवा 'मास' वा 'क्लास' कुन प्रकृतिको पार्टीको पहिचानमा उभ्याउन चाहेको हो, अझै यकिन छैन । समाजवाद वा अलि देब्रेतिर झुकेका दस्तावेजको चाङ र उदारवादउन्मुख मध्यमार्गी कार्यनीतिको दोहोरोपन उसको सैद्धान्तिक अन्योलको सनातन कारक रहिरहेको छ । वामपन्थी दलहरू चुनाव लड्न आएपछि तिनले 'क्लास' पार्टीको ठाउँ लिए र त्यसमा आफू पछाडि परियो भन्ने चिन्ता कांग्रेसको नयाँ सदस्यता अभियानको लोभमा अभिव्यक्त भएको छ ।

तेस्रो, जडवत् 'अलिगार्की' बाट रूपान्तरण कांग्रेसको अहिलेको मूलभूत समस्या हो । सो दलका महाधिवेशन प्रतिनिधिसम्मलाई एकै ठाउँ राखेर हेर्दा यो करिब तीन हजारजति निश्चिन्त सुविधाभोगीको एउटा अभेद्य क्लबजस्तै भएको छ । रोबर्ट मिचेलले भनेझैं यसमा स्थापित सम्भावित नयाँ नेतृत्वप्रति आशंका र हेयभाव राख्छन् । यी 'अलिगार्क' हरूलाई अहिलेसम्म गरेको सत्ताको दोहनबाट गाडी, घर, अभिजात्य

वामपन्थी दलहरू चुनाव लड्न आएपछि तिनले 'क्लास' पार्टीको ठाउँ लिए र त्यसमा आफू पछाडि परियो भन्ने चिन्ता कांग्रेसको नयाँ सदस्यता अभियानको लोभमा अभिव्यक्त भएको छ ।

सामाजिक वृत्तको सहकार्य वा सुखसयल जे-जे प्राप्त भएको छ, त्यो कसैगरी पनि गुमाउनु भएको छैन । यो क्लबभित्रै जे खिचातानी वा तिकडम गरेर पदमा पुग्न वा रहिरहन सकिन्छ र सकेसम्म गाडीबाट नओर्ली जति लामो राजनीति गर्न सकिन्छ, त्यति नै मात्र गरेर समय बिताउने सोच अपरिवर्तनीय ढंगले उनीहरूको मनमस्तिष्कमा जमठ भएको छ ।

कांग्रेसको युगसापेक्ष रूपान्तरण कति नजिक छ ? यसका लागि तथाकथित युवा वा नयाँ पुस्ता कांग्रेसको नेतृत्वमा पुग्न सक्छ वा सक्दैन ? नेतृत्वको प्राकृतिक मृत्यु नपर्खीकनै, 'अलिगार्की' को किल्ला भत्काउन यो पुस्ता कति तयार हुन्छ, त्यसमै धेरै पेचिला प्रश्नको उत्तर निर्भर छ । राजनीतिमा युवा वा नयाँ पुस्ताको परिभाषा सधैं उमेरका आधारमा मात्र गरिनु एकांगी दृष्टिकोण हुन जान्छ । यस्तो पुस्ताको परिभाषा मुलुकका आकांक्षाको प्रतिनिधित्वको आधारमा हुनु समग्र दृष्टि (होलिस्टिक भ्यु) हो । जुन राजनीतिकर्मी र दृष्टिले मुलुकका वर्तमान पुस्ताका आवश्यकता, आकांक्षा र मनोभावको वास्तविक प्रतिनिधित्व गर्छ र भविष्यको पुस्ताका लागि आशावादिता सिँचाइ गर्छ, त्यो नै राजनीतिक दलको जीवनमा नयाँ वा युवा नेतृत्वको पदार्पण हो । यो पंक्तिले दलभित्र नेतृत्वको जिम्मेवारी वैधानिक तवरमै पाउनु अर्को चुनौती हो । यो उसको 'अलिगार्की' लाई भेदन गर्ने क्षमतामा सम्पूर्णतः निर्भर छ ।

यतिखेर कांग्रेसको अर्को (युवा ?) पुस्ताको नेतृत्वको चर्चा गर्दा गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल, गुरु घिमिरे आदिको नाम अक्सर आउँछ । उनीहरूले कांग्रेसको नेतृत्व पाउन र त्यसबाट पार्टीलाई युगको आवश्यकताअनुसार रूपान्तरण गर्न केही मौलिक आयाममा प्रस्टता ल्याउनु अपरिहार्य छ । एक, उनीहरूले आफूलाई विद्यमान 'अलिगार्की' कै अंश हो वा होइन, प्रस्ट पार्न सक्नुपर्छ । यसका लागि अहिलेको सांगठनिक र वैचारिक प्रपञ्चमा प्रतिक्रियात्मक, लाभ भागबन्डाको अंशियार र नयाँ मार्ग प्रस्टताको अभावमा मात्र रुमल्लिएर पुग्दैन । राज्य, समाज र राजनीतिमा देखिएको वैचारिक र शासकीय खालीपन भर्ने सपुष्ट विचार र मार्ग दिन सक्नुपर्छ । दोस्रो, यी विचार र मार्गचित्रको स्वार्थरहित स्वामित्वका लागि प्रश्नातीत इमानदारी प्रदर्शन आवश्यक छ । तेस्रो, र सबभन्दा महत्त्वपूर्ण, युवा भनिने पुस्ताले पनि जुन उचाइको अहंकार र अध्ययन शून्यतालाई स्थापित नेतृत्वबाट सग्लै ग्रहण गरेको छ, त्यसलाई आम जनतामा दशकौं घुलमिल हुन पर्याप्त हुने गरी विनम्रताको लयले विस्थापित गर्नुपर्छ । अन्यथा, कांग्रेसको नियति पनि समयसँगै अद्यावधिक हुन नसकेका संसारका अधिकांश 'क्रान्तिका सन्तति' कै जस्तो गौरवशाली इतिहास र अन्धकार भविष्यको विरोधाभासमा सीमित हुने सम्भावना अत्यधिक छ । ने

ट्वीटर : @DrAchyutWagle

कला मालामाल, कलाकार गुमनाम

व्यावसायिक सफलता पाए पनि मूलधारमा न नाम, न पहिचान

सुनिता लोहनी

ललितपुरको ठेचोमा बस्छन्, मूर्तिकार विनोद महर्जन, ३३ । उनले भगवान्‌को मूर्ति बनाउने पुर्ख्यौली पेसा अँगालेको दुई दशक भयो। विनोदले बनाएका मूर्ति मलेसिया, चीन, थाइल्यान्ड तथा युरोपेली मुलुक पुगेका छन्। तर मूर्ति कसले बनाएको हो भन्ने सेवाग्राहीले समेत थाहा पाउँदैनन्।

व्यावसायिक कलाकारिताबाट परिवार पालिरहेका विनोद त एक प्रतिनिधि पात्र हुन्। तर उनीजस्ता कलाकारको नाम न कुनै समाचारमा छापिन्छन्, न त कुनै पुरस्कार, सम्मानको हकदार बन्छन्। नेपाली कलाकारितालाई व्यवसायीकरण गरिरहेका यी कलाकार कर्मसियल आर्टिस्टको दायरामा खुम्चिन बाध्य छन्।

विनोदको पुर्ख्यौली घरमा कारखाना छ। घरको भुइँतलादेखि कौसीसम्मै तयारीका सामान र मूर्ति असरल्ल छन्। भुइँतलामा मूर्ति पोल्ने भट्टी छ। पहिलो तलामा मैनबाट मूर्ति बनाइन्छ। दोस्रो तलामा गोबर र माटोले बनाएका मूर्तिका साँचा छन्। छतमा माटो र गोबरले बनाएका मूर्ति सुकाउन राखेका छन्। कारखानामा पत्नी रीताले उनलाई सघाउँछिन्। ८ कक्षा मात्र पढेका विनोदले ५ जनालाई रोजगारी पनि दिएका छन्। भन्छन्, "म मात्र होइन, ठेचोमा काम गर्ने अरू मूर्तिकारको पनि उस्तै हो हालत। काम हामी गर्छौं, बेच्छन् अरू कसैले। हामीलाई थोरै दिएर सेवाग्राहीबाट धेरै असुल्छन्।"

थोरै विवरण दिएको भरमा मूर्ति बनाउन सक्छन्, विनोद। सुरुमा उनी मास्टरपिस बनाउँछन्, त्यसपछि साँचो। मैनलाई झोल बनाएर साँचोमा खनाउँछन्। माटो र गोबरले २/३ पटक र माटोले मात्र ४ पटक लिप्छन्। माटोलाई सुकाउँछन्। भट्टीमा ल्याएर पोल्छन्। पोल्दा मैन पग्लेर जान्छ। त्यसपछि पगालेको तामालाई तात्तातोमै पोलेको साँचोमा खन्याउँछन्। यसरी मूर्ति तयार हुन्छ।

चित्लाङ (मकवानपुर) का विजय बलामी, ३२, सानैदेखि चित्रकलामा रुचि राख्थे। ३ भाइमध्येका कान्छा उनी एसएलसीपछि ०६० सालमा ललितकला पढ्न काठमाडौं आए। घरमा पैसा अभाव थियो। सजावट कम्पनीमा चित्र कोर्ने मौका पाएपछि ३ वर्षका लागि साउदी अरब गए।

४०/४५ डिग्रीको तापक्रममा उनले चित्र बनाए, दमामका नयाँ घरमा। त्यहाँ उनीसहित ३ नेपाली, बंगलादेशी तथा भारतीय कलाकार थिए। महिनाको ८ सय रियाल पाउँथे। गर्मीले दाल उम्लेर गन्हाउँथ्यो, पसल नजिकै छ भने खान पायो नत्र भोकै सुत्नुपर्थ्यो। गुम्बजमा चित्र बनाउँदा हातबाट पसिना तपतप मुखमा झरेको उनी अझै सम्झन्छन्। कुनै घरमा एसी नहुँदा चित्र बनाउन

विनोद महर्जन ठेचोको आफ्नै घरको कारखानामा   तस्बिरहरू : सरोज बैजु

साह्रै सकस झेले, विजयले ।

साउदी छँदा भित्तामा तैल रङका थुप्रै ल्यान्डस्केप चित्र बनाए, विजयले । नेपाल फर्केपछि आर्ट ग्यालरीमा चित्र बनाएर बेच्ने कामलाई नै निरन्तरता दिए । उनी तैलरङ, पानीरङ तथा चारकोल सबै माध्यम चलाउँछन् । एक वर्ष भयो, उनले अट्कोनारायणमा आर्ट ग्यालरी खोलेको । गत वर्ष मात्र पहिलो पटक नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान (नाफा) को राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरेका विजय भन्छन्, "ढुंगा त ढुंगा हो, ठाउँमा परे हिरा हुन्छ, म पनि एक दिन ठाउँमा परूँला, यस्तै काम गर्दै गए ।"

विजयको अनुभवमा अधिकांश सेवाग्राही सस्तो खोज्छन्, ग्यालरीले बिक्री भएपछि पैसा दिन्छन् । बढीजसो हिमालको चित्र खोज्दै आउँछन् । घरतिर कोही-कोही केटी सेवाग्राही नग्न तस्बिर बनाउन आग्रह गर्छन् उनलाई । उनी हाँस्दै भन्छन्, "तर मैले बनाइनँ ।"

पाटनतिर मूर्ति पसल राखे आम्दानीका साथै सेवाग्राहीसँग सीधा सम्पर्क हुन्छ भन्ने विनोदलाई थाहा छ । तर धेरै लगानी गर्नुपर्ने भएकाले उनी सक्दैनन् । सहरबाट अलि टाढा बसेकाले मूलधारका कलाकारसँग सम्पर्क गर्न उनलाई गाह्रो छ । उनका अनुसार पाटनको मूर्तिकार समूहमा थेचोका मूर्तिकार अटेका छैनन् । ज्यापु समाजले समेत पाटनका मात्रै ज्यापु हो भनी गरेको विभेद भोगेका छन् ।

थ्रीडी कलाकारको पनि उस्तै

कलाकारको चित्रमा 'रिगर' ले हातखुट्टा मुख चलाउने गरेपछि एनिमेटरले बनाएको कार्टुन या एनिमेसन पर्दामा देख्न सकिन्छ । *नारुतो*को कार्टुन र *द लायन किङ* एनिमेसन फिल्म हेर्दा जति मज्जा आउँछ, बनाउन उत्तिकै कठिन । विश्वमा एनिमेसनको बजार ठूलो छ । हलिउडका कति फिल्मको भिजुअल इफेक्ट (भीएफएक्स) नेपालमा हुने गरेका छन् । सामान्यतः डिजिटल, थ्रीडी आर्टिस्ट भनेर चिनिने यी कलाकार अधिकांशले ललितकला पढेका र चित्र बनाउन पोख्त हुन्छन् । कस्तो छ त डिजिटलमा काम गर्ने कलाकारको अवस्था ?

डेढ वर्षदेखि काठमाडौंमा संघर्ष गरिरहेका छन्, विराटनगरका कलाकार सौरभ कोइराला, ३२ । उनी हिजोआज कम्प्युटरबाट पुरानो खुइलिएको तस्बिरलाई नयाँ बनाउने (फोटो मनिपुलेसन), सेवाग्राहीको इच्छाअनुसार सिर्जनात्मक चित्रकथा बनाइदिने, लोगो बनाउने, किताबको आवरण बनाउने काम गरिरहेका छन् । महेन्द्र मोरङ कलेजबाट अंग्रेजीमा स्नातक सौरभले कतै चित्र सिकेका छैनन् । भन्छन्, "म आफैंले आफैंलाई चित्र कोर्न सिकाएको हुँ । कम्प्युटरमा होस् या क्यानभासमा ।"

रङ लगाउन र ब्रस स्ट्रोक चलाउन सौरभले *युट्युब*बाट सिकिरहेका छन् । चित्रकलाको औपचारिक अध्ययन नहुँदा र यसका संघ-संगठनबारे थाहा नहुँदा मूलधारे

सौजन्य : मनोज तामाङ

पोखरामा लाइभ पेन्टिङ गर्दै मनोज तामाङ

चित्रकलाबाट धेरै वर्ष टाढा बस्नुपरेको अनुभव छ, सौरभको । उनले *नेपाल टेलिभिजन*ले बनाएको नयाँ थ्रीडी लोगोमा सगुन मानन्धरको नेतृत्वमा स्टोरी बोर्डमा काम गरेका थिए । तारागाउँ म्युजियममा भएको सगरमाथा नेक्स्ट प्रतियोगितामा फोहोरमैलाबाट डाँफे बनाएका थिए ।

०६९ देखि स्वतन्त्र काम गरिरहेका सगुन मानन्धर, ४१, ले आफू मात्र नभई अन्य कलाकारलाई समेत काम दिइरहेका छन् । एनिमेसन कला पढ्न उनी अमेरिका गए । तर पारिवारिक समस्याका कारण २ वर्षपछि नै नेपाल फर्के । यहाँ आएपछि २ महिना अडियो-भिडियोको कक्षा लिए र आफ्नै रहरले एनिमेसन सिके ।

नेपालमा इन्सेसेन्ट रेनबाहेक अझै पनि अन्यत्र एनिमेसनको ठूलो स्टुडियो छैन । एनिमेसनबारे खासै गतिविधि पनि छैन । काठमाडौँ अन्तर्राष्ट्रिय पर्वतारोहण चलचित्र महोत्सवमा भने एनिमेसन फिल्म देखाइन्छन् । बजारमा काम कम र कलाकार बढी हुँदा गाह्रो भएको सगुन स्वीकार्छन् । इन्सेसेन्ट रेन एनिमेसन स्टुडियोमै प्राजेक्ट सुपरभाइजर रहिसकेका उनी भन्छन्, "३० सेकेन्डको भिडियो बनाउन १ दिन पनि लाग्न सक्छ, ३ महिना पनि । नेपालीलाई यो बुझाउन कठिन छ ।"

व्यावसायिक कलामा आत्मनिर्भर छन्, उदयपुरका देव कोइमी, ३४ । स्कुले विद्यार्थी छँदै उपन्यासको आवरण डिजाइन गरेका देव ०५८ मा काठमाडौँ आए । उनले थुप्रै बालसाहित्यका पुस्तकमा आवरण तथा इलुस्ट्रेसन गरेका छन् । करिब १६ वर्षदेखि स्वतन्त्र काम गरिरहेका देव भन्छन्, "सेवाग्राहीको विश्वासबिना फ्रिलान्सर भएर काम गर्न सकिन्न । बजारले चिनेपछि नै काम पाउने हो ।"

नाम पनि, दाम पनि

कमर्सियल आर्टबाट दाम मात्रै होइन, नाम पनि कमाएका थुप्रै कलाकारमध्ये एक हुन्, राजन काफ्ले । किताब आवरणका लागि बजारमा उनी प्रसिद्ध छन् । पारिजातको किताब संग्रह, विश्वेश्वरप्रसाद कोइरालाका किताब संग्रहको आवरण डिजाइन गरिसकेका राजन किताब पढ्न औधी मन पराउँछन् । भन्छन्, "नपढीकन डिजाइन गर्न गाह्रो हुन्छ । पढेपछि किताबको कुरा बुझिन्छ, आवरणलाई फिल दिन सकिन्छ ।"

रौतहटबाट ०४३ मा ललितकला पढ्न काठमाडौँ आउनुअघि नै उनी स्कुलको ब्यानर, साइन बोर्डमा सुन्दर अक्षर लेख्थे, डिजाइन बनाउँथे । राजन कम्प्युटरमा काम गर्न उति रुचि राख्दैनन्, हातैले आवरण डिजाइन गर्छन् । भन्छन्, "आवरणले पुस्तक बिक्री हुँदैन । पुस्तक राम्रो लेखे मात्र बिक्री हुन्छ । त्यो सीमा लेखकले बुझ्नु जरुरी छ ।"

भैरहवाका केशवराज खनाल, ४९, विद्यालय जाँदा र फर्कंदा पेन्ट पसलमा बनाइरहेको चित्र हेर्न बस्थे । कोही बस्न दिन्थे भने कोही गाली गर्थे । ०४८ सालमा आफ्नै बुबाको साथीको पसलमा साइन बोर्ड बनाएर उनले व्यावसायिक कला सुरु गरे ।

लुम्बिनीदेखि भैरहवासम्म सडकमा पेन्ट गरेर त्यति बेलाको डेढ लाखको ठेक्का लिएको उनी सगौरव सुनाउँछन् । महिनाको ५/७ हजार कमाइ उल्टै बालाई खर्च पनि दिन्थे रे उनी । ललितकला पत्रकार समाजका अध्यक्षसमेत रहेका केशव भन्छन्, "यो क्षेत्र अन्य कलाजस्तो एकेडेमिक हिसाबले अघि बढ्न सकेन । यसमा अक्षर लेख्न जाने पुग्यो, अरू पढ्नुपरेन । शिक्षामा नभएपछि जसले पनि गर्ने भए । अनि पेन्टर भनेर होच्याउन थालियो । तर रङ चलाउने सबै पेन्टर हुन् ।"

कमर्सियल आर्टिस्ट संघमा ०५६ मा केशव स्कुल छँदै सदस्य भए । उनले ट्रकमा पेन्टिङ गर्नेदेखि ब्युटिपार्लरको बोर्डसमेत बनाउँथे । ब्युटिपार्लरमा श्रीदेवी बनाउन खोज्दा हेमा मालिनी बनेपछि सेवाग्राहीलाई चित्त बुझे पनि उनलाई बुझ्दैनथ्यो । कम्तीमा हिरोइन बनाउन सकौँ भनेर उनी ललितकला पढ्न काठमाडौँ आए । अहिले साइन बोर्डलाई फ्लेक्सले विस्थापित गरिसकेको छ । पेन्टिङ

र कार्टुन बनाउने उनी देश-विदेशमा पेन्टिङ प्रदर्शनी गरिरहन्छन् ।

फिल्मको पोस्टरदेखि पैसासम्म

जागिरको खोजीमा पाल्पाबाट काठमाडौं आए, सुन्दर श्रेष्ठ, ५२ । उनले नेपाल राष्ट्र बैंकमा चित्रकार पदमा फाराम भरे । अन्तर्वार्तामा तत्कालीन डेपुटी गभर्नर युधीरशमशेर थापाले यति सानो बच्चाले कसरी चित्र बनाउँछ भनेर सोधे । उनले तत्कालै डेपुटी गभर्नरको चित्र बनाएर देखाए र जागिर पाए ।

०४३ सालमा *गोरखापत्र* र *द राइजिङ नेपाल*मा विज्ञापनका लागि डिजाइन गर्न भनेर उनले साथीसँग मिलेर बागबजारमा पसल खोले । पसलमा विज्ञापनको मात्र नभई उनले थुप्रै नेपाली फिल्मका पोस्टर डिजाइन गरे । भन्छन्, "९० प्रतिशत नेपाली फिल्मको पोस्टर मैले नै डिजाइन गरेको छ ।"

उनले ०५३ सालमा राष्ट्र बैंकले निकालेको २५ र २५० को नयाँ नोटलाई डिजाइन गरेका थिए । उनले डिजाइन गरेको २ रुपैयाँको सिक्का विश्वको उत्कृष्ट सिक्का भन्दै अंग्रेजी पत्रिका *टेलिग्राफ*ले सन् २०१७ मा छापेको थियो । राष्ट्र बैंकले बधाई दिनेबाहेक कहिल्यै अन्य कुनै पुरस्कार नपाएको उनी बताउँछन् ।

पोखराको दुःख

कलाकारको जमघट हुने ठाउँ हो, सुन्दर सहर पोखरा । पोखराको लेकसाइडमा आर्ट ग्यालरी देखेपछि चित्र बनाउन सिकेका हुन्, कलाकार गोपाल दराई, २८, ले । १३ वर्षदेखि कला क्षेत्रमा काम गरिरहेका गोपालले १ महिने कलाशिक्षाबाहेक अन्त कतै कक्षा लिएका छैनन् । उनी ल्यान्डस्केप पेन्टिङ बनाउन रुचाउँछन् । तर धेरैले सस्तो खोज्ने भएकाले आर्ट ग्यालरीलाई चित्र बेच्न छाडेको र साझेदारीमा आफ्नै ग्यालरी खोलेको उनी बताउँछन् ।

विजय बलामी अट्कोनारायणस्थित आफ्नै आर्ट ग्यालरीमा

१८ वर्षदेखि पेन्टिङ गर्दै आएका छन् पोखराकै मनोज तामाङ, ३७ । प्राकृतिक दृश्य प्रत्यक्ष हेरेरै बनाउन रुचाउने मनोजले गुरुङ गाउँका थुप्रै चित्र बनाएका छन् । बिक्री भए ठीकै छ, नभए प्रदर्शनीमा राख्ने छँदै छ । पोखरामा ०७२ सालमा 'स्मृतिमा भूकम्प' शीर्षकमा एकल चित्र प्रदर्शनी गरेका मनोज राम्रो चित्रकार हुन धैर्य चाहिने बताउँछन् । भन्छन्, "छिटो बनाएर फेरि अर्को पनि छिटो बनाऊँजस्तो हुन्छ । यस्तो बानीले बनिसकेको चित्र पनि बिग्रन सक्छ ।"

व्यावसायिक कलामा लागेका अधिकांश कलाकारले आफ्नो रोजीरोटी राम्रोसँग चलाइरहेका छन् । तर प्राज्ञहरूले ललितकला पढेका कलाकारलाई मात्रै प्रदर्शनमा राख्ने, देश-विदेशमा सहभागी हुने मात्रै कलाकारजस्तो व्यवहार गरिरहँदा व्यावसायिक मर्कामा परेको कलाकार सुनाउँछन् । मनोज भन्छन्, "कला भनेको कला हो, विभेद गर्नु राम्रो होइन । कमर्सियल आर्टिस्टले सस्तोमा बेचिरहँदा ललितकलाका कलाकार महँगो मूल्यमा बेचिरहेका हुन्छन्, जुन कमर्सियल होइन ।" ने

के हो व्यावसायिक कला

१८ औं शताब्दीको औद्योगिक क्रान्तिसँगै विश्व बजारमा परिवर्तन आयो । एउटै सामान धेरै संख्यामा बन्न थाले । औद्योगिक क्रान्ति र संख्यामा सामान उत्पादन सुरु हुन थालेपछि व्यावसायिक कला अर्थात् एप्लाइड आर्टको उदय भएको कला समीक्षक देवेन्द्र थुम्केली बताउँछन् । उनका अनुसार व्यावसायिक कला धेरै प्रकारका छन् । औद्योगिक डिजाइन, टेक्स्टाइल डिजाइन, म्यागजिन डिजाइन, ग्राफिक्स डिजाइन, लेआउट डिजाइन, आवरण डिजाइन, फेसन डिजाइन, मूर्तिकला तथा काष्ठकला छन् ।

थुम्केलीका अनुसार साइन बोर्डमा लेख्नेदेखि पोस्टर, सामानका प्याकेजमा देखिने चित्र, वस्तुको साइज सबै कला हो । यस्तै, टेक्स्टाइल अर्थात् कपडामा डिजाइनका लागि मिथिला कला गर्दै आएका प्राज्ञ एससी सुमनका अनुसार चित्र बनाउने कलाकारकै कारण अहिले बुटिक चलिरहेका हुन् । पछिल्लो समय नेपालमा व्यावसायिक कलाको विकास तीव्र गतिमा भइरहेको छ । खुला अर्थतन्त्रका कारण व्यावसायिक कलाले उचाइ लिएको विज्ञहरू बताउँछन् ।

रम्य कलाको समेकता

समकक्ष व्यक्ति (पियर ग्रुप) द्वारा गरिने सार्वजनिक मानजति महत्त्वपूर्ण उपलब्धि अरू कुनै हुँदैन। केही उल्लेख्य कलाकारको कलाकृति प्रदर्शन सँगसँगै यस वर्षको 'कलापुन्ज-५' कार्यक्रममा सोसाइटी अफ मोर्डन आर्टिस्ट्स (सोमा) संस्थाले उमेर एवं विधागत उपलब्धिका दृष्टिकोणले वरिष्ठ कहलिन लायक कलाकारद्वय चिनीकाजी ताम्राकार एवं टेकवीर मुखियालाई सम्मान कार्यक्रम पनि राखेको थियो। समारोहमा सफलता सँगसँगै निरन्तर सक्रियताले महत्त्वपूर्ण पहिचान बनाएका कान्छाकुमार कर्माचार्य एवं शंकरनाथ रिमालजस्ता स्वनामधन्य सर्जकको उपस्थितिले प्रदर्शनी स्थलका सहभागी उत्साहित देखिन्थे। आयोजकका अनुहारमा सन्तुष्टिको भाव स्पष्ट पढ्न सकिन्थ्यो। कलानुरागीको जमात बढ्दै जानु निःसन्देह सुखद अनुभूति हुने रहेछ। पौभा, थांका एवं मिथिलाजस्ता परम्परागत चित्रकला सँगसँगै आधुनिक भनिने शैली पनि गुनज्ञहरूको सीमित घेराबाट सार्वजनिक स्थलमा देखिन थाल्नु दृश्यकलाको प्रदर्शन क्षेत्रमा परिपक्वता आएको संकेत हो।

समारोहको पार्श्व भेटमा अर्का वरिष्ठ कहलिन लायक कलाकार अशोकमान सिंहसँग एकैछिन भलाकुसारी गर्ने मौका मिलेको थियो। अशोक यशस्वी हुन् तर प्रसिद्धिकै लागि मरिमेट्ने कीर्तिकर्मी (सेलेब्रिटी) भने होइनन्। एक जमानामा उनी काठमाडौंका सबभन्दा सिद्धहस्त व्यावसायिक कलाकारमा गनिन्थे। आफ्नो समयको सर्वाधिक लोकप्रिय पत्रिकाको प्रकाशन समूहमा रहेर काम गरेका छन्। कलाकारिताबारे पाठ्यपुस्तक लेखेका छन्। कलाविधाका निपुण शिक्षकमा गनिन्छन्। तर उनी निपुण आलेखाकार (इलस्ट्रेटर) एवं कुशल वर्णिताकार (ग्राफिक आर्टिस्ट) पनि रहिसकेका हुन् भन्ने धेरैलाई थाहा नहुन सक्छ। रम्य कला (पप आर्ट) एवं वाणिज्यिक कला (कमर्सिल आर्ट) पनि 'सत्य, सुन्दर, ज्ञान एवं नवीनता' समाहित दृश्य कलाका अन्य विधाजत्तिकै महत्त्वपूर्ण व्यवसायका साथै स्वाभाविक चित्तवृत्ति पनि हो भन्ने मान्यता स्थापित हुन बाँकी छ। वाणिज्यिक कलाका वृत्तिकले अद्यापि अपेक्षित सम्मान पाउन सकेका छैनन्। त्यस दिन पनि अशोकले उच्छवाससहित टिप्पणी गरे, 'सँगै कति काम गरियो। आजभोलि त बिर्सिन थालेको छु।'

स्मृति-लोपजस्तो जटिल अवस्थामा बाहेक भुल्नु पनि मस्तिष्कको अनुकूलतम क्रियाशीलताका लागि सम्झिनुजत्तिकै महत्त्वपूर्ण प्रवृत्ति हो। बिर्सने क्षमता नहुँदो हो त जानी-नजानी विगतका गल्तीको अपराधबोधले चित्तलाई थिचेर उठ्नै नसक्ने गरी थचारी दिने थियो। बिर्सिन सक्नेले मात्रै अरूलाई होइन,



सीके लाल

स्वयंलाई समेत क्षमा गर्न सक्छ। र, त्यसपछि प्रेम र सिर्जना गर्न सक्छ। अशोक प्रयोगधर्मी कलाकार एवं शिक्षक हुनुका साथै असल व्यक्ति पनि हुन्। सायद त्यसैले उनमा भुल्ने बानी औसत व्यक्तिभन्दा बढी रहेको हुन सक्छ। उनीसँगै काम गरेकाहरू भने तिनको क्षमता एवं लगनशीलतालाई सहजै बिर्सिन सक्दैनन्। त्यो कुरा उनका एकताकाका सहकर्मी एवं अहिले सोमाका पदाधिकारी रहेका कलाकर्मी जीवन राजोपाध्याय पनि सत्यापित गर्न तयार भए।

निर्धारक दशक

वाणिज्यिक कलाको इतिहास मानव सभ्यताको विकाससँगै जोडिएको हुनुपर्छ। गुफाका भित्तामा कोरिने आदिम चित्रकला बसिबियाँलो मात्र रहेको पनि हुन सक्छ। वस्तु विनिमय प्रणालीको सुरुआतपछि भने कलात्मकताले मूल्य अभिवृद्धि हुने यथार्थ स्थापित भएको हुन सक्छ। धनुष र वाण एवं हँसिया-हथौडाजस्ता गुजाराका औजारमा समेत सौन्दर्य समेट्न सकिन्छ। व्यावहारिक कलाकर्मको उल्लेख्य अभिव्यक्ति भने बस्ती विकास सँगसँगै आएको स्थापत्य कलामा देख्न सकिन्छ। उपयोगिता सँगसँगै आकार, अनुपात, सन्तुलन, सामन्जस्य एवं नयनाभिराम निर्माणले उत्पन्न गराउने सौन्दर्यानुभूति वास्तुकलाभित्र प्रकट हुन्छ। सहर एवं घरको लघुचित्रित प्रारूप तयार गर्ने सीप आलेखाकार एवं वर्णिताकारले बिक्रीका लागि राखिने वस्तुको डिजाइन, प्याकेजिङ एवं प्रस्तुतिदेखि विज्ञापन सामग्री बनाउँदासम्म लगाउँछन्। अशोकले सम्झिएको सन् १९८० दशकको सिर्जनात्मक उर्वरता हुन सक्छ।

सन् १९८० को दशकलाई अर्थराजनीतिक उथलपुथलको कालखण्ड मान्न सकिन्छ। जनमतको प्रक्रिया/परिणाम जे-जस्तो भए पनि त्यस ऐतिहासिक घटनाले राज्य एवं समाजमा अपेक्षाकृत खुलापन आएको थियो। कतिपय राजनीतिकर्मी स्वनिर्वासनबाट नवाचारका मान्यताका साथ घर फर्किएका थिए। शीतयुद्ध उत्कर्षोन्मुख हुन थालेकाले अन्तर्राष्ट्रिय, द्विपक्षीय एवं बहुपक्षीय दाता तथा साहूकारले 'सहायता होइन, व्यापार विस्तार' भन्ने सिद्धान्त प्रतिपादन गर्न थालेको अवस्था थियो। व्यापार विस्तारका लागि पूर्वाधार तयार गर्ने नाउँमा विदेशी ऋण ओइरिन थालेको थियो। तराई-मधेसको निर्वनीकरणबाट हुने आम्दानी अन्ततः काठमाडौं नै छिर्थ्यो। अनधिकृत व्यापारबाट मालामाल हुनेहरू महँगो मोटरमा सयर गर्न थालेका थिए। कुलेखानी जलविद्युत् आयोजनाको बिजुलीले राजधानी झलमल्ल भइसकेको थियो। सामाजिक न्यायको जतिसुकै मन्त्र भट्याए पनि पञ्चायत व्यवस्था

^ टेकवीर मुखिया र चिनीकाजी ताम्राकार

यथार्थमा मालिक-रैती सम्बन्धमा अडेको थियो । त्यसलाई 'पाखण्डी पुँजीवाद' व्यवस्थामा रूपान्तरित गर्ने प्रक्रिया सन् १९८० को दशकमा अन्तर्राष्ट्रिय मुद्रा कोषको संरचनात्मक समायोजन कार्यक्रम निम्त्याउने गतिविधिबाट सुरु भयो भन्दा हुन्छ । सहरी उपभोक्ताको यथेष्ट समूह व्यापार विस्तारका लागि तयार हुने क्रममा थियो ।

अवसर देखिन थालेपछि लगानीकर्ता ओइरिन्छन् । उपभोक्तामाझ 'रक्सी, बिस्कुट, चाउचाउ, चुरोट' संस्कृति फैलिन सुरु भयो । आयाधिक्य संकलन एवं ऋण प्रवाहबीच खेलेर नाफा कमाउन खप्पिस विदेशी बैंकहरू भित्रिएको पनि सन् ८० कै दशकमा हो । रंगीन टेलिभिजनको प्रवेशपछि आधुनिक भनिएका वस्तुको आकर्षण बढ्ने नै भयो । विज्ञापन फगत सूचना नभएर चाहना जगाउने प्रचार सामग्री पनि हो । त्यसका लागि घरघरमा उपलब्ध श्रव्यदृश्यजति उपयुक्त माध्यम अरू हुन सक्दैनथ्यो । यस्तै परिवेशमा पंक्तिकारको परिचय वाणिज्यिक कलाका विभिन्न आयामसँग भएको थियो । अभिव्यक्तिका श्रव्यदृश्य एवं स्पर्शात्मक माध्यमलाई संयोजन गरेर अपेक्षित प्रतिक्रिया उत्पन्न गराउने वाणिज्यिक कला नेपालको अर्थतन्त्रको प्रारूप पाखण्डी एवं परजीवी हुँदै चाकर पुँजीवादको चरणमा पुगिसकेको भए पनि अझैसम्म शैशवावस्थामै रहेजस्तो लाग्न सक्छ । बिक्रीका लागि उपलब्ध वस्तुको 'इस्तिहार' *गोरखापत्र*मा उहिल्यै सुरु भइसकेको भए पनि संयोजित विज्ञापन अभियानको चलन सन् ८० को दशकमा संस्थागत हुन थालेको हो । माग सर्वेक्षण, विज्ञापन डिजाइन, पूर्वप्रयोग, मिडिया मिश्रणको छनोट, रेडियो जिंगल, सिनेमामा देखाइने प्रवर्द्धन चलचित्र, टेलिभिजन कमर्सियलदेखि होर्डिङ बोर्ड एवं साइन बोर्डसँगै प्रचार पताका (लिफ्लेट) सम्मको परिकल्पनामा कलात्मकता भएन भने अपेक्षित परिणाम हासिल गर्न सकिँदैन । शब्दकार भएकाले पंक्तिकारको काम संकल्पना, संकथन एवं अभिव्यक्ति निर्माणमा सीमित हुने गर्थ्यो । त्यसलाई वाणिज्यिक कलामा रूपान्तरण गर्ने काम भने आलेखाकार, वर्णिताकार, छविचित्रिक, छायाचित्रकार एवं अन्य कलाकारको पूरै समूहले गर्थ्यो ।

अशोकले सम्झाएको 'सँगै धेरै काम गरियो' टिमका नेता सन् ८० को त्यस रोमाञ्चक दशकमा मणिध्वज जोशी थिए । शिक्षाले वाणिज्य

भित्तामा झुन्ड्याइने फ्रेम मात्र कलाकृति होइन । जहाँ जीवन छ, त्यहाँ पनि हुन्छ । उपयोगितावादी दर्शनले सौन्दर्य चेतनालाई गौण ठहऱ्याउँछ ।

शास्त्री, दक्षताले चित्रकार, रुचिले प्राविधिक, चाहनाले व्यवस्थापक एवं आवश्यकताले उद्यमी भएका मणि विलक्षण प्रतिभाका धनी व्यक्ति हुन् । अशोकको बहुआयामिक दक्षता उजागर गर्नमा उनी पोख्त थिए । मोहन खड्का कुरोको चुरो समातेर चित्रित गर्न सक्ने अब्बल वर्णिताकार थिए । उनी कम उमेरमै बिते । जीवन पनि बहुआयामिक क्षमताका कलाकर्मी हुन् । उनको विशिष्टता भने आलेखाकारिता (इलस्ट्रैसन) हुने गर्थ्यो । मानचित्रदेखि हस्तलिपिसम्ममा नवीनता झल्काउन सक्ने मणिको आर्ट स्टुडियो आफ्नो समयको नयाँ चलन स्थापित गर्ने अग्रणी उद्यम थियो । कालान्तरमा कम्प्युटर डिजाइन क्षमता एवं मानवीय परिकल्पनालाई संयोजन गरेर तत्काल कलाकृति तयार गर्ने पूर्वाधार मणिले सुरु गरेका थिए । वाणिज्यिक कलाले यथेष्ट सामाजिक सम्मान र अनुमोदन पाउँदो हो त पसलमा भड्किलो प्याकेजिङ, छापामा निष्प्राण विज्ञापन, रेडियोमा अनर्थक जिंगल एवं टेलिभिजनमा अनर्गल प्रचारको साटो कलात्मक सम्प्रेषण देखिँदो हो । मान र सम्मानकै खोजीमा होला, मणि प्रतिष्ठित उद्यमी भएका छन् । अशोकको प्राथमिक पेसा कला शिक्षण हो । जीवन आधुनिक कलाकार छन् । र, नेपालमा वाणिज्यिक कला विधाको आकारमा अथाह विस्तार भएको भए पनि गुणस्तर भने सन् ८० को दशकभन्दा खासै माथि जान सकेको देखिँदैन । राजनीतिक रूपमा उद्देश्यमूलक अभिव्यक्तिको अवधारणा स्वीकार्य भइसकेको छ । दृश्यकलामा स्वान्तसुखाय एवं 'कलाका लागि कला' भन्ने मान्यताको आकर्षणले वाणिज्यिक कलाका वृत्तिकहरूले आफ्ना सिर्जनामा अझैसम्म पनि रमाउन सकिरहेका छैनन् । नेपालका १० सर्वोत्कृष्ट वाणिज्यिक कलाकारको नाउँ सम्बन्धित पेसामै रहेकाहरूलाई पनि थाहा नहुन सक्छ । प्रसिद्ध भएकाले मात्रै प्रसिद्धि पाउने कीर्तिकर्मीको तालिकामा वाणिज्यिक कलाकारको नाउँ आउँदैन ।

प्रवर्द्धन कलाकर्म

सन् २०१९ का लागि तयार गरिएको संसारका सर्वाधिक महँगा नामछाप (ब्रान्ड्स) सूचीमा *एप्पल* सबभन्दा माथि छ । त्यसको प्रतीक चिह्न (लोगो) टोकेको स्याउको वर्णिति (ग्राफिक्स) हो । दोस्रो स्थानमा रहेको *गुगल*ले स्वयंलाई विशिष्ट अक्षरले चिनाउँछ । *कोकाकोला*को खास हस्तलिपि दशकौंदेखि उस्तै छ । प्रविधि क्षेत्रमा काम गर्ने एप्पलको व्यापारिक पहिचानको बजारमूल्य फोर्ब्सको आकलनमा २ सय ५ अर्ब डलरभन्दा बढी छ । नामछाप एवं प्रतीक चिह्नको शक्ति ठम्याउन जापानको 'मुजी' भनिने उपक्रमको इतिहास नियाले पुग्छ । सन् ८० कै दशकमा नामछापविहीन तर गुणस्तरीय सामानको परिचायकका रूपमा 'नो लोगो' एवं 'नो ब्रान्ड' उपभोक्ता आन्दोलनको पर्याय रहेको 'मुजी' अब आफैँमा एउटा प्रतिष्ठित ब्रान्ड बन्न पुगेको छ । जस्तोसुकै पुँजीवादमा उपभोग्य वस्तु वा सेवाको सबभन्दा महँगो सिर्जना सामान्यतया त्यस उपक्रमको 'ट्रेड मार्क' हुन पुग्छ ।

सामानको उपयोगिताभन्दा बजारमा महँगोमा बिक्ने उपभोक्ताको आश र विश्वास हो । त्यो सन्देश सम्प्रेषण गर्न अपवादबाहेक शब्दकर्मीभन्दा आलेखाकार एवं वर्णिताकारको भूमिका महत्त्वपूर्ण हुन्छ। शब्दशक्तिलाई तीन किसिममा वर्गीकरण गरिएको छ- अभिधा, लक्षणा एवं व्यञ्जना। शब्दकोशले दिने परिभाषा अभिधा हो। लक्षणाले शब्दसँग सम्बद्ध अन्य अर्थलाई बुझाउँछ। अर्थ निर्धारणलाई वैयक्तिक अवस्था एवं क्षमतामा छाडिदिने व्यञ्जना शब्दशक्तिको प्रयोग सबभन्दा सहज एवं अत्यन्त जटिल सँगसँगै हुने भएकाले त्यसको व्याख्या कलामा मात्र सम्भव छ। कोकाकोलाको प्रचार वाक्य (ट्यागलाइन) 'कोक इज इट' प्रसिद्ध हुनुमा नियमित पुनरावृत्तिको भूमिका त जे छ, छँदै छ। त्यसका साथै वर्णिताकारले मात्रै व्यञ्जना अभिव्यक्तिको शक्तिलाई सबभन्दा सहजताका साथ सम्प्रेषित गर्न सक्छन् भन्ने पनि उत्तिकै सत्य हो।

कलापुन्ज-५ समारोहमा सम्मानित टेकवीर मुखिया साझा प्रकाशनका पुस्तकको आवरण पृष्ठ डिजाइन गर्थे। रेखाचित्रमा समेटिएको पुस्तकको मर्म बुझ्न ती आवरण आकर्षक हुने गर्थे। महँगो गाता वा रंगीचंगी आवरणको प्रयोग बढेको छ। तर लाग्छ, पुस्तक डिजाइनरमा पाठ्यभाग (टेक्स्ट) पढ्ने संयम हराउँदै गएको छ। सबैजसो पुस्तकको आवरण एकनासे देखिँदै जानु सिर्जनात्मकता हराउँदै गएको संकेत हो। हुलाक टिकटको प्रचलन कम हुँदै गएको छ। प्रत्येकजसो टिकट एउटा कलाकृतिको लघुरूप मुद्रण ठहरिने चरण सुस्तरी लोप हुनेछ वा गुणग्राहीको व्यसनमा सीमित हुँदै जानेछ। त्यसपछि सामान्यजनलाई कलात्मकतासँग साक्षात्कार गर्ने अवसर टिसर्ट, तयारी चाउचाउको प्याकेट एवं रेस्टुराँको मेनुमा खोज्नुपर्ने अवस्था आउन सक्छ। त्यस्तो परिस्थितिको परिकल्पना सबभन्दा पहिले दृश्यविधामा रम्य कला (पप आर्ट) आन्दोलनका प्रणेतामध्ये प्रमुख मानिने अमेरिकी कलाकार एन्डी वारहोलले गरेका थिए। अभिव्यक्ति, विज्ञापन एवं कीर्तिकर्मी संस्कृति एकअर्कासँग जोडिएका हुन् भन्ने मान्यतालाई (अ) सामाजिक सञ्जालले व्यापक बनाउँदै लगेको छ। समाजमा '१५ मिनेटको प्रसिद्धि' वारहोलको सूत्रीकरण हो। त्यस सूत्रलाई *ट्वीटर*का बौद्धिक, *इन्स्टाग्राम*का उत्प्रेरक (इन्फ्लुएन्सर), *युट्युब*का आन्दोलनकर्मी तथा *फेसबुक*का अभियन्ताहरू सिद्ध गर्न लागिपरेका देखिन्छन्। वारहोलले आफ्नो कलाकोठालाई प्रचलित स्टुडियोको साटो 'द फैक्ट्री' नामकरण गरेका थिए। कला कारखाना सुस्तरी कार्यशालामा रूपान्तरण हुने क्रममा छन्, जहाँ उही व्यक्ति परिकल्पनाकार, शब्दकर्मी, आलेखाकार, वर्णिताकार एवं प्रसारक हुन सक्छ। एकताका उबेलाका 'प्रचण्ड' भनिने मनुवाले 'कलाविहीन नाटक' अभिव्यक्ति खुबै प्रचलित तुल्याएका थिए। त्यो प्रवृत्ति अब पुष्पकमल दाहाल भनिने व्यक्तिको सबैजसो मुद्दामा अकरण स्थिति (डिफल्ट पोजिसन) बन्न पुगेको छ। कलाविहीन परिवेशमा सिर्जनात्मकता कुन्द हुँदै जानु अस्वाभाविक होइन। नेपालमा प्रवर्द्धन कलामा व्याप्त रहेको दरिद्रता ठम्याउन सामान्य पसलमा झुन्ड्याएका रंगीचंगी पोका-पन्तुरामा नजर डुलाए पुग्छ। आँखा खाने रंगलाई आकर्षक ठहऱ्याउने प्रवृत्ति व्याप्त हुनु वाणिज्यिक कलाकर्म रचनात्मक हुन नसकेको संकेत हो।

जीवनोपयोगी कला

शब्दकर्मीहरूको कला चेतना अपेक्षाकृत न्यून हुनुका साथै आफ्ना विधाप्रतिको ऐक्यबद्धताले पनि होला, ट्रक साहित्यबारे बरोबर चर्चा हुन्छ तर त्यसभन्दा व्यापक रहेको 'ट्रक कला' सधैँ ओझेल पर्ने गर्छ। कलाको सबभन्दा सहज परिभाषामा हातखुट्टाले गर्ने काम मजदुरी हो। त्यस कर्ममा दिमागको शक्ति जोडियो भने शिल्पकारिता हुन पुग्छ। शिल्पकारितामा मस्तिष्कका साथै मन पनि थप्न सकियो भने जुनसुकै कर्म कला भएर फक्रिन्छ। त्यस्तो व्यापक अर्थले मात्रै विधि पूरा भएपछि मेटाइने मिथिलाको अरिपन, उपहार खोलिसकिएपछि मिल्काइने आकर्षक डोरीको गाँठो एवं बिरलै आँखा लगाइने चुइँगमको रैपरलाई समेत कलात्मक भन्न सकिन्छ। भित्तामा झुन्ड्याइने फ्रेम मात्रै कलाकृति होइन। जहाँ जीवन छ, त्यहाँ कला पनि हुन्छ। उपयोगितावादी दर्शनले सौन्दर्य चेतनालाई गौण ठहऱ्याउँछ। त्यसैले होला, सहरमा बिजुलीका खम्बामा गुजमुज्ज परेका तार झुन्डिएका हुन्छन्। विश्वविद्यालयको भित्ते घडीले गलत समय देखाइरहेको हुन्छ। कला चेतनाबिनाको समाज जस्तो हुनुपर्ने हो, नेपालमा त्यस्तै सबथोक छ।

स्वीकार गर्न असहज लागे पनि नेपालको राज्य एवं समाजले पुँजीवादी अर्थ-राजनीति अंगीकार गरेको हो। पाखण्डी, परजीवी वा चाकरजस्तै समाजवादोन्मुख विशेषणले मूल शब्दको अर्थमा गुणात्मक नभएर मात्रात्मक पहिचान मात्र थप्छ। त्यसैले विद्यमान व्यवस्था समाजवादोन्मुख पुँजीवाद हो वा चाकर पुँजीवाद (क्रोनी क्यापिटलिज्म) भन्ने बहस जति पनि लम्ब्याउन सकिन्छ। तर नेपालमा जे छ, त्यो पुँजीवादी अर्थ-राजनीतिक व्यवस्था हो भन्ने यथार्थ त विवादरहित छ। पछाडि परेकाहरूप्रति निर्मम हुनु पुँजीवादको अन्तर्निहित चरित्र हो। त्यसलाई सह्य बनाउनमा रम्य कला एवं सुगम संगीतको ठूलो भूमिका रहेको हुन्छ। भित्तामा नारा लेख्नुको साटो चित्र कोर्ने एवं 'लरक्कै परेको जीउ मेरो' गीतमा नाच्नेहरूलाई विद्रोह गर्न गाह्रो हुन्छ। जीवनोपयोगी सूचनामा समेत सौन्दर्यानुभूति (एस्थेटिक्स) समाहित गर्नु यथास्थितिको स्थायित्वका लागि जरुरी अवयव हुने गर्छ। विशाल स्मारकको निर्माणमा दम्भ झल्किन्छ भने कलात्मकताले तादात्म्य स्थापित गर्न सघाउँछ। वर्तमान यथास्थितिवादी सत्ताले आफ्नै हित प्रवर्द्धनका लागि कला चेतनाको विस्तारमा लाग्नुपर्ने बाध्यता छ। हिन्दीका प्रख्यात साहित्यकार एवं सम्पादक रघुवीर सहायको 'कला क्या है' शीर्षक कविताको अन्तिम पंक्ति मननीय छ, 'कला बदल सकती है क्या समाज ?/ नहीं, जहाँ बहुत कला होगी, परिवर्तन नहीं होगा।'

कलात्मकताले क्रान्तिकारितालाई कुन्द गरे पनि क्रमिक सुधारको उपक्रमलाई भने 'उपयोगी कला' विधाले सघाउन सक्छ। दक्ष आलेखाकारले सार्वजनिक सूचनालाई प्रभावकारी बनाउन सक्छन्। कुशल वर्णिताकारको हात नपरेकाले होला, सरकारी विज्ञापनमा आउने अनुरोध पनि आदेशजस्ता लाग्छन्। रम्य कलाको खडेरी स्वागत चिह्नमा देखिन्छ, जहाँ हात जोडेको चित्र प्रायशः परम्परागत महिलाको मात्रै हुन्छ। रघुवीर सहाय सही हुन सक्छन् तर सोद्देश्य कलाको निहितार्थ पनि परिवर्तन नभएर जीवनका जटिलतालाई सहने एवं त्यसैमा रमाउने क्षमता प्राप्त गर्नु हो। कीर्तिकर्मी 'ब्रान्ड एम्बेसडर', लब्धप्रतिष्ठित व्यक्तिद्वारा उत्पाद अनुमोदन एवं निरन्तर चल्ने सूची विज्ञापनले वाणिज्यिक कलाको महत्त्वलाई केही घटाएको पक्का हो। टेलिभिजनमा बाहिरी विज्ञापनविहीन 'क्लिन फिड' नीति साँच्चै लागू भयो भने मणि, अशोक, मोहन एवं जीवनजस्ता वाणिज्यिक कलाका सन् १९८० दशकका अग्रदूतको नयाँ पुस्ताका संस्करणको प्रतिभा परख हुनेछ। ने

जय भोले, खालास् खोले



खगेन्द्र संग्रौला

अर्को बिहान । नवसिकुवा वाकेको नूतन प्रयोगको बिहान । म साबिककै समयमा उठेँ । र, सोचीविचारी गुरूद्वयको विकल्पको बन्दोबस्त गरेँ । एक हातमा चाइना मेड टर्च लाइट, अर्को हातमा डेढ हाते लठ्ठी । एक्लो वाकमा मेरा साथी भने पनि यिनै, भरअभरका सहारा भने पनि यिनै । बस्, आज भने गुरूजीको बाटो नहेरी म फटाफट लागेँ, आफ्नो बाटो । निर्बन्ध एवं विलम्बमुक्त बाटो । हैरानीयुक्त उच्छ्वासरहित बाटो । सेरोफेरो अन्धकार छ । यो अन्धकारमा मनको अन्तरमा कताकता डर चलखेल गर्छ । गुरूजीले देखाएका हाउगुजी चित्तको भित्तोमा सल्बलाउँछन् । सर्प, स्याल, चितुवा, चोर आदि । एयरपोर्टमुन्तिर यही बाटोमा पोहोर एक वाकेलाई चितुवाले झम्टेको घटनाले मलाई झस्काउँछ । एक्लै छु । गुरूको आज्ञाको ठाडो अवज्ञा गरेर हिँडेको छु । एक बारको ज्यानलाई चितुवाले बिताउने पो हो कि ! आफ्नै रोजाइले समरमा निस्कनु, अनि बैरीदेखि डराउनु ! धइत्, पामर ! नडराई अघि बढ् !

उही पिपलको बोट, गौरीघाट, गुह्येश्वरी । टर्च लाइटको मार्गदर्शनमा म फटाफट हिँड्दै छु । बाटो सुनसान छ । दुई-ढाई सौ मिटरमा एउटा वाके भेटिन्छ । आफूजस्तै एक्लो । उस्तै फटाफट । ऊ बोल्दैन, म बोल्दिनँ । उसलाई उछिनेर म अगाडि टाप दिन्छु । दायाँतिर पाखो छ । पाखामा बुट्यान र पोथ्राहरूको वन छ । कतै खस्याक्क गर्‍यो कि मेरो सातो जालाजस्तो हुन्छ । सास दबाएर हुत्तिँदै लम्किन्छु म । जब म गोठाटारको टुप्पो टेकेर फिर्ती यात्रामा ओरालो लाग्छु, उकालोमुखी गुरूद्वय झ्वास्स भेट हुन्छन् । 'खगेन दाइ, हामीलाई छलेर तपाईं एक्लै ?' प्रेमिल स्वरमा भोला गुरू भन्छन् । 'मलाई त वाक छाड्नुभो क्यार भन्ने लाग्याथ्यो । यति छिट्टै यहाँ एक्लै ?' केशव गुरू विस्मय प्रकट गर्छन् । म केही नबोली, लठ्ठी हल्लाउँदै ओरालो हुइँकिन्छु । गुरूद्वयले चित्त दुःखाउँदै तर्कना गरे हुनन् सायद- इहलोकमा अघोरीसँग केही लाग्दैन । मुन्टिओस् नाथे !

घामको अघि लागेर झिसमिसे उज्यालो धर्तीमा फैलियो । अब भने वाकेको देखादेख हुन थाल्यो । र, सुरू भयो 'जय शम्भो' को अविरल राग-रटना । यो पनि 'जय शम्भो' भन्छ, ऊ पनि 'जय शम्भो' भन्छ, जो पनि 'जय शम्भो' भन्छ । पहिले गुरूद्वयले प्रत्युत्तर नदिँदा मलाई बडो असहज लागेको थियो । अहिले म आफैँ घेराउमा परेँ, गाँठ्ठे ! प्रत्युत्तरमा मैले के भन्ने ! एक मन त मलाई सारा जगत्ले चिन्दो रहेछ भनेर मेरो नाक घिरौँलोजत्रो भयो । तर कुराको तत्त्व अर्कै रहेछ । वाकेलाई वाके को हो चिन्नु छैन, केवल जमाएर दिनु छ- 'जय शम्भो !' अचम्म भयो ! एक शम्भो अर्को शम्भोमा, अर्को शम्भो अझ अर्को शम्भोमा खापियो । र अविच्छिन्न शम्भोहरूको विराट् शृंखला बन्यो । र, त्यो शृंखला मानौँ सर्पले झैँ मलाई लपेट्न तम्सियो । ममाथि यो कत्रो धावा ! म त्यसैत्यसै अत्तालिएँ । बिनाप्रत्युत्तर सुमुसुमु हिँडू, आफू अहंकारी ठहरिने । वाकेले चिताएअनुसारको प्रत्युत्तर दिऊँ, आफ्नो आस्था धूलिसात् हुने । अहो ! मलाई यो क्या संकट !

सुनेको नसुन्यै गरेर, दायाँ-बायाँ फिटिक्क नहेरी वेगवान् गतिमा म अघि बढेँ । अझ भनूँ, शम्भोको अविरल प्रहारलाई छल्दै म बेतोडले भागेँ । तर के लाग्छ, म जति भाग्दो छु, शम्भो मलाई उति लखेट्दो छ । अझ भाका फेर्दै ऊ त 'जय भोले' पो भन्छ बा । म कानमा प्युरी कोचेर हिँडू कि ! अथवा म यो वाकै पो त्यागूँ कि ! एक महिना, दुई महिना, तीन महिना । आस्थाघाती 'जय शम्भो' र 'जय भोले' ले कान खाएर म आजित भएँ । तर एक बिहान उल्का भयो । चरम् झोकको मुडमा 'जय भोले' को प्रत्युत्तरमा मेरा ओठबाट वचन फुत्कियो- 'खालास् खोले !' वचन नाथेको स्वभावै अप्ठ्यारो । भुइँमा खस्यो कि कसै गरी मुखमा फर्काउन नसकिने । भोलेमार्गीको प्रतिक्रियाको कल्पनाले मेरा नौनाडी गले । ल है, आज बजियाले बिताउने भो ! तर भाग्यवश, त्यस्तो केही भएन । गजब छ बा ! मूढाग्रही मनुवा भन्नेले भनेको सुन्दैन, केवल आफूले चिताएको सुन्छ । 'खालास् खोले' लाई उसले सायद 'जय भोले' सुन्यो होला । र, नै धर्मभीरूको भौतिक प्रहारबाट मेरो चर्मरक्षा भयो । जय शम्भो ! ने



नदीपुर थिएटर

गोकर्ण गौतम
तस्बिर : सरोज बैजु

साढे तीन दशकमा अनुप बरालले काठमाडौंका सबैजसो थिएटरमा नाटक देखाइसकेका छन् । तर उनलाई लामो समयसम्म मण्डला थिएटरमा त्यो संयोग जुरेन । गाइँगुइँ चल्न थाल्यो, 'मण्डला टिम र अनुपबीच सुमधुर सम्बन्ध छैन । त्यसैले मण्डलामा नाटक गर्दैनन् ।'

अन्ततः यो अफवाह चिरेका छन्, प्रतिष्ठित रंगकर्मी अनुप र मण्डलाले । मण्डलामा आफू निर्देशित *महाभोज* मञ्चन भइरहँदा अनुपले सुनाए, "मण्डला र मेरोबीच रिसराग छैन भनेर प्रमाणित गर्न पनि नाटक गर्नैपर्ने थियो । दुई-तीन वर्षको तयारीपछि बल्ल मञ्चन गर्न सकियो ।"

दर्जनौं नाटक बनाइसकेका अनुपका लागि अलग र विशेष छ, *महाभोज* । भन्छन्, "यो हाम्रै समाजको पूरापूर प्रतिविम्ब हो तर केही फरक शैलीमा पस्कन खोजेका छौं । नाटकसँग दर्शकको भावनात्मक सम्बन्ध गाँसिएर हामीले प्रवाह गर्न खोजेको सन्देश नछुटोस् ।"

मन्नु भण्डारीको उपन्यासमा आधारित नाटकमा सन् सत्तरी दशकको भारत र अहिलेको नेपालको अवस्था करिब उस्तै छ । प्रदेशको बाँडफाँट, सत्ताद्वारा मिडियाको उपयोग, बलात्कार र हत्या, मान्छेका निराशा, छटपटी, आक्रोश आदि-इत्यादि । अपराध र राजनीतिको जालोले समाजलाई कसरी अमानवीकरणतिर लग्दै छ भन्ने नियति नाटकमा प्रतिविम्बित हुन्छ ।

मन्नुको लेखनीलाई हुबहु अनुवाद नगरी वरपरकै सान्दर्भिक घटना समेटिएको छ । कलात्मक मूल्यका लागि आजको कथालाई पुरानो समयको अनुभूत हुने गरी डिजाइन गरिएको छ । अनुप भन्छन्, "उपन्यासमा लेखिएका शब्द जीवित बनाएर मञ्चमा उतार्ने प्रयास हो हाम्रो ।"

विषयवस्तु मात्र होइन, नाटकमा अभिनय गर्ने कलाकारले पनि *महाभोज*को भाउ बढाएका छन् । २८ जनाको जम्बो टोलीमा रमेश बुढाथोकीजस्ता दिग्गजदेखि दयाहाङ राई, राजन खतिवडा, सिर्जना सुब्बा, सोमनाथ खनाल हुँदै नयाँ पुस्ताका प्रभावशाली कलाकार मिलन कार्की, प्रमिला खनालसम्म अटाएका छन् । अर्थात्, तीन पुस्ता एकैसाथ ।

निर्देशनसँगै अभिनय र प्रशिक्षकमा प्रभावशाली पहिचान बनाएका अनुपको यात्रा सुरूआत भयो, पोखराबाट । स्कुले उमेरमै सामाजिक नाटक खेल्थे उनी । त्यही क्रममा सरूभक्तसँग भेट भयो । सरूभक्तसँग सान्निध्यले नाट्यकारिताप्रतिको प्रेम घनीभूत त भयो नै, अझ सिक्नुपर्ने हुटहुटी बढायो । त्यसैले त भारतको प्रतिष्ठित नेसनल स्कुल अफ ड्रामा (एनएसडी) पुगे । ०५४ मा पढाइ सकेर नेपाल आए । अनुप विगत दिनतिर फर्किए, "नेपाल त आइयो तर यहाँ खास अवसर थिएनन् । रंगमञ्च शैशवावस्थामै थियो ।"

तुलनात्मक रूपमा काठमाडौंमा ज्यादा अवसर भए पनि अनुप गृहनगर पोखरा नै फर्किएर सुचारू गरे, प्रतिविम्ब थिएटर ल्याब्रोटरी । उद्देश्य एउटै, नयाँ पुस्तासँग ज्ञान आदानप्रदान गरेर रंगमञ्च समृद्ध बनाउने । दुई ब्याच मज्जाले चल्यो । तर पढ्ने सबै काठमाडौं जान थालेपछि पोखरामा नाटक गर्न कलाकारकै अभाव भयो । उनी सम्झन्छन्, "त्यसपछि मसँग पनि काठमाडौं आउनुको विकल्प भएन । तर यहाँ आएर पनि के गर्ने, टुंगो थिएन । बाँच्ने धौ-धौ हुन थाल्यो ।"

“ अभिनेताको रूपमा काम गर्न नपाएको असन्तुष्टि पूरा गर्न निर्देशनमा लागेको हुँ ताकि नयाँ पुस्ताले मैलेजस्तै भोग्नु नपरोस् ।

राष्ट्रिय नाचघरमा एक-दुई कक्षा लिन पाए तर न गोजी भरिन्थ्यो, न त मन । त्यसैले यहाँ पनि अड्न सकेनन्, सपनाको सहर मुम्बई पुगे । *जय हनुमान*लगायतका टिभी सिरियलमा 'एक्स्ट्राज' बने, अडिसन दिन गल्लीगल्ली चहारे । बल्लतल्ल शाहरूख खानको *अशोका*मा राम्रै रोल मिल्ने भयो । तर त्यही बेला आमा बिरामी भएर नेपाल आउनुपर्‍यो । फर्कंदा अरू कलाकार छानिसकेछन् । अनुप भन्छन्, "त्यसपछि मुम्बईमा पनि बस्न मन लागेन । यहाँ आएर एक्टर्स स्टुडियो खोलें ।"

त्यो सन् २००६ को कुरा हो । त्यसयता २४ औं ब्याच निस्किसक्यो । कलाकार उत्पादनमा एक्टर्स स्टुडियो खानी नै मानिन्छ । सौगात मल्ल, दयाहाङ राई, दिया मास्के, विमल सुवेदी, खगेन्द्र लामिछाने, उषा रजकलगायत अनुपकै चेला हुन् । एक्टर्स स्टुडियो फस्टाएसँगै अनुपले निर्देशनलाई तीव्रता दिए । उनका *जात सोध्नु जोगीको, खुमा, काफ्का: एक अध्याय, मलामी, ओ स्टार दुनियाँ*लगायतका नाटक रंगमञ्चकै सर्वकालीन उत्कृष्ट मानिन्छन् । राजेश हमालले अभिनय गरेको *कोर्ट मार्सल*ले १६ लाख आम्दानी गरेर मानक नै खडा गर्‍यो ।

अनुप अभिनयमा पनि उत्तिकै खारिएका छन् । एनएसडीबाट फर्किएपछि *अशंबन्डा* फिल्म खेले । तर उनको सोच र त्यो फिल्ममा काम गर्ने शैली मेल खाएन । १० वर्ष विश्रामपछि *दासढुंगा*मा अभिनय गरे । यसको कास्टिङ डाइरेक्टर पनि उनै हुन् । *एक दिन एक रात, पल, बधशाला, तान्डव, डमरूको डन्डिबियो*लगायत फिल्ममा अभिनय कौशल पस्किएका छन् ।

फिल्मी अभिनयबाट अनुप सन्तुष्ट हुनै सकेनन् । फिल्मको विषय र प्रस्तुतीकरण मात्र होइन, अभिनयशैली पनि चित्त बुझ्दैनथ्यो । सोही कारण निर्देशनमा होमिए । भन्छन्, "अभिनेताको रूपमा काम गर्न नपाएको असन्तुष्टि पूरा गर्न निर्देशनमा लागेको हुँ ताकि नयाँ पुस्ताले मैलेजस्तै भोग्नु नपरोस् ।" *फिट्किरी*बाट डेब्यु गरेका उनको दोस्रो फिल्म *दोख* प्रदर्शनका लागि तयार छ । दुई विदेशी फेस्टिभलमा पठाएका छन्, त्यसको परिणामको प्रतीक्षा छ । माओवादी द्वन्द्वकालको पृष्ठभूमिमा दुई गाउँबीचको दुस्मनी र उनीहरूबीचको फुटबल खेल फिल्मको केन्द्रमा छ । भन्छन्, "बजारको आँखाबाट हेर्दा व्यापारिक मसला र सूत्रबद्धता छैन । यथार्थवादी र कलात्मक बनाउने प्रयास गरेको छु ।"

फेरि पोखरा फर्किएका छन्, अनुप । काठमाडौं काम पर्दा मात्र आउँछन् । त्यहाँ आफ्नो 'ड्रिम प्रोजेक्ट' सुरू गर्दै छन्, नदीपुरस्थित आफ्नै थातथलोमा थिएटर । ■

सर्वोत्तम नारी

KMG
KANTIPUR MEDIA GROUP

भदौ अंक

बजारमा उपलब्ध छ।

nari.ekantipur.com | narimagazine | @narimagazine

पाउजेब

विमल निभा

एक जोडी पाउजेब
ससाना सुन्दर पयरमा

के तिमी सुनिरहेका छौ
पाउजेबको आवाज ?
हलुका-हलुका ध्वनि
छमछम-छमछम
छमछम-छमछम
सँगसँगै अस्फुट स्वर
केके, केके, केके...
अलिकति हाँसो मिश्रित
अनि चुराको बोली
छनछन-छनछन
छनछन-छनछन
एउटा अन्तरालमा सुनिन्छ
मन्द-मन्द पदचाप
थपथप-थपथप
थपथप-थपथप
र सुन
सुन फेरि
कलिलो पाउजेबलाई
छमछम-छमछम
छमछम-छमछम

हो, झन्डै एक दशकअघिको
यो पाउजेबको आवाज
छमछम-छमछम
छमछम-छमछम
कहाँ हराएको छ ?
छिमेकी हिन्दुस्तान र पाकिस्तानको
मुम्बईको कमाठीपुरामा
या लाहोरको हीरामण्डीमा ?
कहाँ-कहाँ हैं ?
अथवा केही परको
कुनै अरब नगरीमा ?
दुबईको गोल्डेन सैंड्स होटलमा
या दोहाको रेडलाइन क्लबमा ?

एक जन्मदाता पिता
र सहोदर दाजुभाइहरू हो
एक पटक आ-आफ्ना छातीमा
हात राखेर भन
अहिले कहाँ छ
हराएको छ कहाँ
छमछम-छमछम
छमछम-छमछम
सुन्दर पयरको एक जोडी
निर्दोष पाउजेबको
मर्मर ध्वनि ?

बसाइँसराइ बयान

सिपी अर्याल

जनकराज सापकोटाको नेपाली उपन्यासमा *बसाइँसराइ : दुःखदेखि दुःखसम्म*मा ८ दशकयताको नेपाली समाजको बसाइँसराइको चित्रण छ । २० उपन्यासका पात्रले किन बसाइँ सर्ने मेलो गर्छन् भन्ने प्रश्नको मूल उत्तर खोज्नु लेखकको ध्येय हो ।

पुस्तकले नेपाली समाजमा रहेको बसाइँसराइको नयाँ पाटो उजागर गर्दै यसलाई नयाँ विधाका रूपमा उभ्याउने जमर्को पनि गरेको छ । वैज्ञानिक लेखनमा रूचि राख्ने पाठकलाई लाग्छ, पुस्तकलाई पूर्ण प्राज्ञिक बनाउन लेखकले बसाइँसराइका परिवेशमा निर्मित सिद्धान्त र दक्षिण एसियाली सन्दर्भका विभिन्न प्राज्ञिक अध्ययनलाई हाम्रो परिप्रेक्ष्यअनुसार दाँज्दै तथ्य र तर्कसाथ विश्लेषण गर्नुपर्थ्यो ।

केही क्लासिक नेपाली उपन्यासमाथि गरिएको अध्ययनमा समाजशास्त्रीय फ्रेमका मिहीन वर्णन छन् । उपन्यास चयनको आधार प्रस्ट नभए पनि यी पुस्तक नेपाली समाजको चरित्रको प्रतिनिधि हुन् भनेर चित्त बुझाउने ठाउँ छँदै छ ।

८० वर्षअघि र हालको नेपाली समाजको चरित्र कस्तो थियो, उतिबेला बसाइँ सर्नुपर्ने बाध्यता वा रोजाइ के थिए र अहिलेको परिप्रेक्ष्यमा पात्रले सोही काम किन र कसरी रोज्ने गरेका छन्, ती बाध्यता हुन् कि रोजाइ भन्ने बुझ्न छानिएका यी उपन्यासले सघाउन सक्छन् ।

पात्रहरूले बसाइँसराइ गर्नुको विभिन्न कारण पत्ता लगाउने र तिनको विश्लेषण गर्दा सापकोटाको जिरह आन्तरिक वा बाह्य बसाइँसराइको मुख्य कारण आर्थिक पाटो हो । समृद्ध भविष्यको खोजीमा पात्रहरू भवसागरको ऐँठनमा पर्छन् । उपन्यासका केही पात्र गाउँले साहूको शोषण र दमनबाट आजित भएर गाउँ छाडेर हिंडेका छन् भने केही कमाउने, रमाउने र धनी बन्ने सपना देखेर थातथलो छाडेका छन् । कोही तत्कालीन शासक वर्गको कोपभाजनमा परेर हिंडेका छन् । सामाजिक प्रतिष्ठा र आर्थिक हैसियत बलियो रहेका पात्रको विभिन्न प्रसंग केलाउँदै लेखकले *सोतालाजस्ता* उपन्यासको विश्लेषण गर्दै निर्क्योल गर्छन्, केही समृद्ध भए पनि तत्कालीन शासकले आम जनताको समृद्धि देखिनसहेर जनता बसाइँ हिंड्न बाध्य थिए ।



नेपाली उपन्यासमा बसाइँसराइः दुःखदेखि दुःखसम्म
लेखक : **जनकराज सापकोटा**
प्रकाशक : **हिमाल किताब**
पृष्ठ : ११४
मूल्य : **२६० रुपैयाँ**

पुस्तकको निष्कर्ष छ, उपन्यासका पात्र जिन्दगीमा केही हात लाग्ने आकांक्षा पछ्याउँदै बसाइँ सर्ने गरेका हुन् तथापि यिनीहरूले अन्ततः दुःख नै भोग्नुपरेको छ, समृद्धि हात लाग्ने त परको कुरा । यस्ता दुःखका अनवरत शृंखला अन्त्य गर्ने लालसा ६२ वर्षअघि *बसाइँ* उपन्यासको पात्रमा देखिएको थियो, अहिले पनि उस्तै परिबन्दमा परेर विमानस्थलमा लाम लाग्ने १८ वर्षे कुनै नेपाली युवाको कथा पनि रूपमा खास भिन्न छैन, सारमा छ कि ! नेपाली समाजको दुःखहरणको सिलसिलामा यो ८० वर्षमा खास परिवर्तन के आयो त ? यसै प्रश्नको उत्तर खोज्न समाज विज्ञानमा रूचि राख्नेहरूलाई पुस्तकमार्फत आह्वान गरिएको छ । ने

तीन किताब

ऋचा भट्टराई | लेखक

क्रान्तिको अँध्यारो पाटो

ला**मो समयसम्मको रहस्यमयी महाशक्ति चीनका केही गुप्ती उजागर हुने लोभले पढेँ,** वाइल्ड स्वान्स । जुङ चाङको यो आत्मसंस्मरणमा तीनपुस्ते महिलाको आरोह-अवरोह छ । ल्याइतेकी रूपमा भित्रिएकी हजुरआमा यु फाङले धनी खानदानको सुख भोग गरिन् । कमलको फूल खाने, चपस्टिक प्रयोग गर्ने र सुकिलामुकिला लुगा लगाउने यु फाङको पालामा सानो खुट्टा भएकी महिला सुन्दर मानिने हुंदा जति नै पीडा भए सानो फलामको जुत्ता लगाइन्थ्यो । त्यो 'सौन्दर्य' पुरूषका खातिर मात्रै थियो कि महिला आफैँलाई पनि मन पर्थ्यो ?

१५ वर्षे उमेरमा कम्युनिस्ट पार्टीमा जोडिएकी आमाको कथा लेखकले वर्णन गर्दा चीनभित्रैबाट कसैले पर्दा उठाएझैँ लाग्छ । कम्युनिस्ट अनुशासनअनुसार उनको बुबा गाडीमा चढ्ने तर गर्भवती आमाले समेत हिंड्नुपर्दा बच्चा तुहिएको वर्णनले कम्युनिस्टहरूको आडम्बरपूर्ण सोपानक्रम प्रस्ट्याउँछ । नातावादलाई प्रश्रय नदिन कठोर अनुशासन पालना गरे पनि पछि गद्दारको आरोपमा लेखकका बुबालाई पार्टी निष्कासनसहित जेल हालिन्छ र त्यही रहस्यमय मृत्यु हुन्छ । आमासमेत जेल चलान हुन्छिन् । पढ्न अनुमति नपाएकी जुङको घरमा छापा मारेर किताब जफत गरिन्थ्यो । आमाको सहयोगमा भागेर जुङले पढ्न पाए । देशमा भोकमरी लागे पनि रेडियोले जनता सुखी र खुसी रहेको दाबी गर्थ्यो । त्यतिबेला चीनमा धान उत्पादन दस गुणाले बढेको प्रचार गरिए पनि त्यो मिथ्या रहेको खुलासा छ, किताबमा । अंक र प्रतिशत सगर्व रटान लगाए पनि मजदुर र किसानलाई बिर्सिएको हुन्छ । चिनियाँ पार्टीका समर्थकले यो किताबलाई प्रोपागन्डा भनेपछि सोचेँ, सांस्कृतिक क्रान्तिताका जनताका यस्तै अनेक पीडा लुकाउन खोजिएको हुन सक्छ । इस्पातमा धनी बन्न माओको निर्देशनमा घरघरबाट भाँडाकुँडा निकालेर आगोमा गाल्दा समय र मानव संसाधनको नाश मात्रै भएको घटना हेर्दा शासकको अदूरदर्शिताप्रति टिठ लाग्छ । युवामा छाएको वितृष्णा र नकारात्मक ऊर्जा डरलाग्दो छ । अनुशासित कम्युनिस्ट सेनाकी छोरी भए पनि जुङ बाल्यकालदेखि प्रश्न गर्ने स्वभाव थिइन् । रूचिबिनाको राज्यनियन्त्रित र निर्देशित काम गर्नुपर्ने बाध्यताप्रति सानैदेखि उनमा विद्रोही चेत थियो । नेपालमा पनि जनयुद्धमा होमिएका महिला प्रशस्तै छन् तर *वाइल्ड स्वान्स*जस्तै निर्धक्क र विस्तृत रूपमा लेखिएका छैनन् ।

हान्या यानागिहारालिखित अ लिटिल लाइफमा बलियो कथानक नभए पनि प्रमुख पात्रको उथलपुथल, उत्कण्ठा नियाल्दा लाग्छ- हामीभित्र पनि जुड जिउँदो हुन सक्छ । ऊभित्रको निरीहता, डर र ग्लानि हाम्रै भावना हो कि ! माया, प्रेम, मित्रता आदिमा भरोसा नगर्ने ऊ आफैँमाथि पनि भित्रैदेखि विश्वास गर्दैन । बालयौन शोषणमा परेको समलिंगी जुडले आफूलाई अपूर्ण र घृणित पात्र ठान्छ । भेटेजति साथीले प्रयोग मात्रै गरेकाले ऊ अरूलाई छुन सक्दैन र अरूले छोएको पनि मन पराउँदैन । एउटा मानिसले सहन सक्नेजति सबै पीडा उसले सहेजस्तो लाग्छ । यत्तिसम्म भाँचिएको र नाजुक चरित्र हेरेर निकै रोएपछि अनुभव गरेँ- शब्दको शक्ति यति बलियो हुंदो रहेछ । बालमनोविज्ञानमा परेको असरले जीवनभर नछोड्ने यथार्थलाई बुलन्द ढंगले किताबले बोलेको छ । निकै मर्मस्पर्शी भाषामा अभिघातका गहिराइलाई प्रभावकारी शैलीमा लेख्न सक्नु लेखकको खुबी लाग्यो । यानागिहाराको अन्तर्वार्ताबाट थाहा पाएँ, लेखकले एउटै पात्रलाई अत्यधिक दुःख दिएकामा प्रकाशकले असन्तुष्टि पोखेछन् । पाठकले जुडको दुःखलाई नपत्याउन सक्छ भनेका रहेछन् । मित्रता र संवेदनाले मानिसलाई परिवर्तन गर्न सकिने सन्देश दिए पनि हान्याले पात्रलाई लेखकीय न्याय भने नदिएझैँ लाग्छ । फरक लैंगिकतालाई अप्राकृतिक र पश्चिमा मुलुकबाट भित्रिएको विकृति ठान्ने हाम्रोजस्तो समाजको दृष्टि फराकिलो पार्न यस्ता किताब गतिलो पथप्रदर्शक हुन सक्छ ।

बिनासोचविचार शासकद्वारा लादिएको नीति-नियमले समाजका भुइँतहका जनतालाई कति असर पार्छ भन्ने देखाइएको छ, अ फाइन ब्यालेन्समा । रोहिन्टन मिस्त्रीको यो उपन्यासमा सन् १९७५ मा इन्दिरा गान्धीले भारतमा संकटकाल लगाएपछिको कथा छ । कथानक उति रोचक त होइन तर चार पात्रको जीवनमा आइपर्ने घटनाले भारतीय समाजको एउटा अनुहार उदांगो पारिदिन्छ ।

जातीय छुवाछूतको चेपुवामा परेर गाउँबाट निकालिएका दुई जना दर्जीले भोग्नुपरेको उत्पीडन कहालीलाग्दो छ । विभिन्न स्वार्थवश राज्यद्वारा धेरै युवालाई जबर्जस्ती परिवार नियोजन गरिन्छ । खासगरी आदिवासीको जनसंख्या घटाउन राज्यसंयन्त्र यति निर्मम बनिदिन्छ कि अविवाहित दलित युवकलाई समेत बन्ध्याकरण गरिन्छ । मानौँ, भाषणबाजीमा मात्रै जनता छन् तर राज्यनीतिमा जनताका लागि कुनै दयामायासमेत छैन ।

यो उपन्यासको दलित पात्रका ठाउँमा जब आफैँलाई राखेर सोचिन्छ, तब असह्य पीडा हुन्छ । सत्ता हत्याउन-टिकाउन राज्यव्यवस्था र उसले अँगीकार गरेको विचारधाराप्रति प्रतिरोधी भाव उम्लिन्छ । कथित 'अछूत' लाई घरमा नराख्न दिइएको दबाबलाई समेत वास्ता नगर्ने डिनामा भने सशक्त पात्रता र आशा देख्छु ।

■ प्रस्तुति : गुरुङ सुशान्त

खेलभित्र झेल

मतदाता संख्या २७ । १९ पदमा २६ जनाको उम्मेदवारी । नेपाल ओलम्पिक कमिटी (एनओसी) को २० भदौमा हुने निर्वाचनको राप र ताप बुझ्न यिनै आँकडा पर्याप्त छ । दुई कार्यकाल अध्यक्ष भइसकेका ध्रुवबहादुर प्रधान विधानतः कुनै पनि पदमा उठ्न नपाउने भएकाले मात्रै निर्वाचनको रिङबाहिर पुगेका हुन् । नत्र कमिटीमा २७ मा २७ नै उम्मेदवार हुने स्थिति बन्न सक्थ्यो ।

एनओसीमा आबद्ध २७ राष्ट्रिय खेल संघका एक-एक प्रतिनिधिसँग मताधिकार रहन्छ । अध्यक्षसँगै ५ उपाध्यक्ष, महासचिव, सह-महासचिव, ३ सचिव, कोषाध्यक्ष र ७ सदस्य गरी एनओसीमा १९ सदस्यीय कार्यसमिति रहन्छ । २० साउनको विशेष साधारणसभाले उपाध्यक्ष र सचिव पद मात्र थपेन, मानार्थ अध्यक्ष र उपाध्यक्षको परिकल्पना पनि गरेको छ ।

दुई कार्यकाल महासचिव रहेका जीवनराम श्रेष्ठ ४ वर्षअघि एनओसीको अध्यक्ष चुनिए । अध्यक्ष भएलगत्तै उनले स्की संघ गठन गरेर आफैं अध्यक्ष बने । एनओसी अध्यक्षका रूपमा हुने वैदेशिक भ्रमण, त्यस दौरान पाइने आतिथ्य र अन्तर्राष्ट्रिय सम्बन्धमा पुग्ने मलजलको स्वाद चाखिसकेका काठमाडौँ-८ का नेकपाका सांसद जीवनराम अध्यक्षको एक कार्यकाल थप्ने मुडमा छन् ।

अध्यक्षका अर्का प्रत्यासी उमेशलाल श्रेष्ठ पनि व्यावसायिक हिसाबले हेभिवेट हुन् । ४ वर्षअघि जीवनरामसँग अध्यक्षमा पराजित उनी त्यसको बदला लिने सुरमा छन् ।

क्वेस्ट फर्मास्युटिकल्स संस्थापकमध्येका एक उनी उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हुन् । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठ र सहाना प्रधानका छोरा उमेशलाल यसअघि एनओसीमा दुई कार्यकाल उपाध्यक्ष रहिसकेका छन् । नेकपाको संस्थापन निकट उनी भन्छन्, "यस पटक तयारी राम्रै गरेर आएको छु ।"

राखेपको नेतृत्वमा हुँदा ओलम्पिकलाई गाली गर्ने र त्यहाँ पुगेपछि राखेपलाई सत्तोसराप गर्ने नेपाली खेलकुदको रोग नै हो । तर अचम्मलाग्दो तथ्य, तिनै व्यक्ति जस्केलाबाट भए पनि ओलम्पिक कमिटी छिर्ने छिर्के दाउ खोजिरहेका हुन्छन् ।

यस पटक राखेप उपाध्यक्ष पीताम्बर तिम्सिना एनओसीको उपमहासचिवमा निर्विरोध भए । एथ्लेटिक्स संघबाट प्रतिनिधि बनेका तिम्सिनालाई चुनौती दिने कोही निस्केनन् । वर्तमान कोषाध्यक्ष रतन टण्डन पनि सोही पदमा निर्विरोध भए । एनओसीको विधानअनुसार पहिलो पटक साधारणसभामा भाग लिनेले सदस्य, उप-महासचिव र सचिवमा मात्रै उम्मेदवारी दिन पाउँछन् । एथ्लेटिक्स संघका अध्यक्ष राजीव शाहले आफ्नो नाम फिर्ता लिएर अन्तिम समय तिम्सिनाको नाम प्रतिनिधिका रूपमा पठाएका हुन् । संघको साधारणसभा गर्न र चितवनमा भएको सीमित जिल्ला प्रतिनिधि सहभागी साधारणसभालाई वैधानिकता दिन तिम्सिनाले खेलेको भूमिकाको बदलामा शाहले उनलाई ओलम्पिक कमिटीमा एथ्लेटिक्स संघको प्रतिनिधिको गुन लगाएका हुन् ।

संवेदनाको सतही प्रस्तुति

बाहिरबाट आकर्षक देखिए पनि भित्र भने संवेदित बनाउने ताकत छैन, नवल नेपालको *मारुनी*मा । केन्द्रीय कथामा रहेको एउटा सस्पेन्सचाहिँ नेपालीका लागि रोचक लाग्न सक्छ ।

यश (पुष्प खड्का), राज (आयुश प्रधान) र मधु (रेबिका गुरूङ) सँगै कलेज पढ्छन् । यश र राजको मित्रता बाल्यकालदेखिकै हो । धनी बाबुको छोरा भएकाले यशको हरेक समस्या राजले समाधान गरिदिन्छन् । मधुचाहिँ यशलाई मन पराउँछिन् । सामान्य मनमुटाव भएपछि राज एकाएक हराउँछन् । यशले आफैं व्यवसाय थाल्छन् । त्यही बेला कथामा अर्की युवती सुमन (साम्राज्ञीराज्यलक्ष्मी शाह) को प्रवेश हुन्छ । उनी को हुन्, मधुचाहिँ कता छिन् ? यी सवाल वरपर घुमेको छ, फिल्म ।

यशको व्यावसायिक समस्या, सुमनसँगको भेट, प्रगाढता र त्यसपछिको उन्नति रफ्तारमा हुन्छ, उतिविघ्न पत्यारिलो लाग्दैन । तर सुमनको प्रेमले सीमा नाघ्न थालेपछि रोचकता थपिँदै जान्छ । सुमन र उनका बाबुको सम्बन्धलाई मार्मिक शैलीमा देखाइएको छ । यशको बेचैनी र मधुको व्यवहार चाखलाग्दो हुन्छ । 'ट्वीस्ट' को आयतनअनुरूप त्यसको आवश्यकतालाई अर्थपूर्ण बनाइएको छैन ।

*मारुनी*का दृश्य-दृश्यबीचको सम्बन्ध कसिलो छैन । आउँछ-जान्छ तर दिलमा बस्दैन । क्लाइमेक्स नजिकिँदै जाँदा पर्दातिर दर्शकको ध्यान खिचिँदै जान्छ । यसमा मधुको भूमिका प्रभावकारी छ । खासमा *मारुनी*को

राखेप सदस्यसचिवको कार्यकाल ९ असारमा मात्रै सकाएका केशवकुमार विष्ट पनि सचिवका उम्मेदवार छन् । विष्ट तिनै व्यक्ति हुन्, जसले उसु संघमा हस्तक्षेप गरी नेपाल उसु फेडेरेसन स्थापना गरे । तर सचिवमा उम्मेदवार बन्न उनले उसु संघकै सहारा लिएका छन् ।

सदस्यसचिव रहँदा खेल संघलाई नियन्त्रणमा राख्न सफल हुनेहरूलाई ओलम्पिक यात्रा सहज हुन्छ । खेल संघहरू राखेपमा दर्ता हुनुपर्छ । कार्यक्रम सञ्चालनमा पनि सरकारी अनुदान, सहयोग चाहिन्छ । यसैको फाइदा उठाउँछन्, त्यहाँका नेतृत्वले । कमिटी छिर्न खेल अधिकारीहरू लालायित रहेको अर्को उदाहरण बक्सिङ संघका पूर्वअध्यक्ष राजीव श्रेष्ठ हुन् ।

एनओसीका उप-महासचिव श्रेष्ठले यस पटक ऱ्याफ्टिङ तथा क्यानोइङ संघमार्फत ओलम्पिकको प्रतिनिधित्व हात पारे । बक्सिङ संघबाट अध्यक्ष राम अवाले नै प्रतिनिधि भएपछि उपाध्यक्षको उम्मेदवार बन्न उनले जस्केलो प्रयोग गरे । मुस्लिम आयोगका अध्यक्ष समीम मियाँ अन्सारी पनि उपाध्यक्षको उम्मेदवार बनेका छन् । संवैधानिक आयोगका अध्यक्षजस्तो व्यक्तिलाई ओलम्पिक-मोह किन भयो ? बुझिनसक्नु छ ।

▪ **पवन आचार्य**

साख बचाएकै पछिल्लो आधा घन्टाले मात्र हो । अधिकांश दृश्यमा देखिने पुष्प खड्काकै अभिनय बनावटी लाग्छ । न संवाद स्वाभाविक छ, न त भावभंगीमा नै । यही स्तरको अभिनय उनको करिअरका लागि घातक छ ।

पछिल्ला फिल्ममा झैं साम्राज्ञीले फेरि निराश बनाएकी छन् । सबभन्दा पहिले उनले नेपाली शब्दको शुद्ध उच्चारण गर्नु आवश्यक छ । यसै फिल्मबाट डेब्यु भएकी रेबिका गुरुङले भने केही आशा जगाएकी छन् । छोटै भूमिकामा पनि आयुश प्रधानले सम्झनलायक काम गरेका छन् । अहिलेका नेपाली फिल्ममै चित्त बुझाउनेले *मारुनी* हेर्दा निराश हुनु पर्दैन । थप अपेक्षा राख्नेलाई भने झेल्न मुस्किल पर्छ ।

▪ **गोकर्ण गौतम**

मोहनकुमार सुनार ८ प्रश्न

'सुन किन्नेभन्दा बेच्ने र साट्ने धेरै'

लोकआहान छ, ल्हासामा सुन छ, कान मेरो बुच्चै । तर एक्कासि भाउ अकासिएपछि बजारमा सुन छ, कान मेरो बुच्चै भनेझैं छ, सुन बजार । १३ भदौमा छापावाल सुनको भाउ ७२ हजार ४ सय रूपैयाँ थियो । नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष मोहनकुमार सुनारसँगको संवाद :

नेपाली समाजले सुनको भाउमा किन यति साह्रै ध्यान दिएको ?

सुन विश्वमै मान्यताप्राप्त र विश्वासिलो चीज हो । लगाउने मात्र होइन, पुँजी निक्षेप गर्ने हिसाबमा प्रयोग भयो । सानो वस्तुमा उच्च मूल्य भयो । यसमा लगानी गरेपछि जहाँ गए पनि सुरक्षित भयो । संसारको विश्वास सुनमा छ ।

गहना किन्दाको मूल्य बेच्दा पाइँदैन नि ?

हामी ढिका सुनमा थोरै नाफा राख्छौं । गहना बनाइसकेपछि कालीगढको लागत परेको हुन्छ । ढिका सुनलाई पगालेर अर्को बनाउँदा स्वाभाविक रूपमा उक्त वस्तुमा हानि हुन्छ । यो कुरा ग्राहकले बुझ्नुपर्छ ।

सुनको भाउ यति धेरै बढ्नुको कारण ?

अमेरिकासँग चीन, इरान, उत्तर कोरियाको द्वन्द्व नै मुख्य कारण हो । अमेरिकी रिजर्भ बैंकले ब्याजदर घटाउनु, अमेरिका-चीनबीचको व्यापार युद्धलगायत अन्तर्राष्ट्रिय परिस्थितिका कारण सुनप्रति मानिसको आकर्षण बढ्यो ।

सुनको भाउ कतिसम्म पुग्ला ?

सुनको मूल्यबारे हामीले भविष्यवाणी गर्नु मूर्खता हुन्छ । शक्तिशाली मुलुकबीचको सम्बन्ध कस्तो हुन्छ, त्यसमै भर पर्छ ।

सुनको भाउले अर्थतन्त्रमा असर देखिएका छन् ?

बजार चलायमान भएको छैन । यो बेला अघिल्लो वर्ष प्रतिदिन ३० देखि ३५ किलो सुन बिक्री हुन्थ्यो । अहिले १० प्रतिशत पनि छैन । किन्नेभन्दा बेच्ने, साट्ने मानिस बढी छन् ।

बेच्न चाहनेले सजिलै बेच्न सक्छन् ?

हामीले किन्नैपर्छ, किनिरहेका छौं । बैंकहरूबाट पनि किनिरहेका छौं ।

तर बैंकहरूले त आफ्नो ढुकुटीमा सुन थन्कियो भनिरहेका छन् नि ?

थोरै-थोरै किनिरहेका छौं । सुन बैंकमा थन्किनुको कारण बैंकहरू नै हुन् । शक्तिराष्ट्रबीच द्वन्द्व बढ्न थालेपछि अन्तर्राष्ट्रिय अर्थविद्ले सुनको भाउ बढ्ने अड्कल काटे । हामीले दुई महिना पहिल्यै नेपाल राष्ट्र बैंकलाई सुन नझिकाउन पत्राचार गरेका थियौं । तर नाफामुखी भएर उसले नमान्दा सुन थन्कियो ।

तस्करीको सुन किन्नुपर्ने बाध्यता हो, तपाईंहरूको ?

अवैध बाटोबाट कुनै पनि सामान भित्रिनु हुँदैन । तस्करी सामानसँग व्यवसायीको लेनदेन, सम्बन्ध छैन । हामीले व्यवसाय सञ्चालन गर्दा कर तिरेका छौं । व्यवसाय चलाउन कच्चा पदार्थ चाहियो भनेर सरकारसँग पटक-पटक भनेका छौं, सुन्दैन ।

▪ **मनबहादुर बस्नेत**

रेड ब्युटी

बोल्ड र ब्युटिफुल एकसाथ देखाउने रङ हो, रातो । यो सदाबहार रङ पनि हो । धार्मिक अनुष्ठानदेखि पार्टीमा पनि विशेष हुने रातो रङको महिमा अपरम्पार छ । यही जोसिलो रङमा सजिएकी छन्, मोडल मोनिका कर्माचार्य । लबिम मलमा रहेको रेड भेल्भेटले प्रयोजन गरेको रातो टु पिस गाउनमा मोनिका सुन्दर देखिएकी छन् ।

महेश प्रधान

स्पेनी खान्की

फुटबल पारखीमाझ मात्र चर्चित होइन, स्पेनको खाना पनि चानचुने छैन । त्यसैले होला, ला क्यासिता रेस्टुराँ चर्चित बनेको ।

बौद्धमा रहेको ला क्यासितामा शाकाहारी पेला, सालमन्ड सलाद, विफ ताकोज, फ्रेन्च फ्राईसहितको अमलेट र मिठाईमा मैदामा केरा हाली बनाइएको क्रिप पाइन्छ । बौद्ध स्तुपा हेर्दै स्पेनिस खाना खान तपाईं पनि जाने कि ?

तीजमा शिक्षिका

पहिले छोरीचेली नौ डाँडापारि बिहे गरिदिन्थे । तिनै छोरीलाई माइतीमा रमाइलो होओस् भनेर तीज मनाउन थालियो । धार्मिक आस्थासँगै अहिले पर्वसँग ग्ल्यामर जोडिएको छ । हिजोआज तीज पर्व गाउँटोलमा सामूहिक कार्यक्रम गरेर मनाउन थालिएको छ ।

एसोसिएसन अफ प्रि-स्कुल एजुकेटर्स नेपाल (अपेन) टोखा कमिटीले भने तीजको प्लेटफर्मलाई नयाँ ढंगले प्रयोग गरेको छ । गत साता अपेनको तीज विशेष कार्यक्रममा शिक्षिकाले सामूहिक तथा एकल नृत्य प्रस्तुत गरे । अरू बेला कक्षाकोठा तथा बालबालिकामाझ रमाउने शिक्षिका हामी पनि नाच्नुपर्छ बीचबीचमा..., चिटिक्कै भाछु रे..., तीजको लहर आयो बरी लै... जस्ता गीतमा कम्मर भाँचिरहेका थिए ।

नाफाको मित्रता

डच कलाकार भिन्सेन्ट भ्यान गगले भनेका छन्, ठूला कलाकार सरल हुन्छन् । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान (नाफा) को प्रदर्शनीमा राखिएका पेन्टिङ त्यस्तै छन् । कुनै मुखावटबिनाका यी पेन्टिङ मनमा सजिलै पस्छन् ।

बटुवाहरू स-साना नाउमा चढेको देखिन्छ, बंगलादेशी कलाकार साहनुर ममुनको पेन्टिङमा । खोलामा कञ्चन पानी बगिरहेको छ, पींधमा रहेको रंगीबिरंगी ढुंगाले सपाट हेरिरहेको छ । यो पेन्टिङ हो, चीनका कलाकार पेन गुओको ।

यस्तै, नेपालका सन्त हिताङले बनाएका छन्, कपाल बाटिरहेकी बूढी आमाको पेन्टिङ । अनुहारमा परेको मुजाले आमाले कैयौं वर्षको असिनापानी खपिसकेजस्तो लाग्छ । भारतीय कलाकारले नेपालका ऐतिहासिक मठमन्दिर बनाएका छन् ।

नेपाल, बंगलादेश, भारत र चीन गरी ८० कलाकारले भाग लिएको एमिटी (मित्रता) पेन्टिङ प्रदर्शनी ७ देखि १७ भदौसम्म चल्नेछ ।

नोटबुक

गोकर्ण गौतम

चोर्न लगाउने आमिर

लेखक रोबिन भट्टलाई *हलिउडका उत्कृष्ट २० पटकथा* नामक पुस्तक थमाउँदै आमिर खानले भनेछन्, 'यहाँमध्ये मेरा लागि एउटा स्क्रिप्ट छान्नुस् र हिन्दीकरण गर्नुस् ।' *आशिकी* लेखेर वाहवाही कमाएका रोबिनलाई सुरूकै स्क्रिप्टले तानेछ, *इट् हयापेन्ड वन नाइट* । पढ्दै जाँदा कता-कता हेरेको फिल्मजस्तो लाग्यो । पछि थाहा पाए, त्यही फिल्म चोरेर हिन्दीमा *चोरीचोरी* बनिसकेको रहेछ । रोबिनले सुनाउँदा आमिरले निर्धक्क भनेछन्, '*चोरीचोरी* धेरैले हेरेका छैनन्, क्लाइमेक्स पनि फरक छ । त्यसैले अंग्रेजीमा जस्तो छ, हुबहु त्यसरी नै लेख्नुस् । फरक पर्दैन ।'

बाजीगर, सडक, मेला, क्रिस सिरिज, *गोलमाल* सिरिजजस्ता ६६ फिल्म लेखिसकेका सफल भारतीय पटकथाकार रोबिन नेपाल आएका थिए, मकवानपुरको चित्लाङमा ४ भदौबाट एक साता चलेको कार्यशालाको मेन्टर बनेर । सन् नब्बेको दशकमा हलिउडबाट चोरी गर्ने महामारीले बलिउडलाई कति गाँजेको थियो भन्ने अनेक प्रसंग सुनाए उनले । कतिसम्म भने अहिले मौलिक सिनेमाको हिमायतीको पहिचान बनाएका अभिनेता आमिरसमेत यो 'भाइरस' बाट बच्न सकेनन् ।

आमिरले भनेजस्तै गरेर रोबिनले *इट् हयापेन्ड वन नाइट*लाई हिन्दीमा लेखिदिए, *दिल हे की मानता नहीं* । ५ दिनमै पटकथा तयार भयो । सुटिङअगाडि अंग्रेजी फिल्म हेर्न रोबिनले अनेक प्रयास गरे तर मुम्बईमा उपलब्ध भएन । यो फिल्मबारे आम दर्शक बेखबर थिए । यही कारण हुनुपर्छ, *दिल हे की मानता नहीं* बम्पर हिट भयो । रोबिनले भने, "चोर्दा पनि हिट हुने जमाना थियो । अहिले त फिल्ममेकरभन्दा दर्शक बाठा भइसके ।"

आइन्दा नछाड्ने

जसरी हिजो बलिउडले हलिउडबाट चोर्‍यो, आज उसैगरी बलिउडबाट चोरेर नेपालमा फिल्म बन्ने गर्छन् । बलिउडमा चाहिं चोर्ने प्रवृत्ति करिब रोकिएको छ, अफिसियल रिमेकको लहर आएको छ । हाम्रा फिल्ममेकर न चोर्न छाड्छन्, न त आधिकारिक रिमेक बनाउने प्रयत्न नै गर्छन् । दुई-चार सिनेमाको प्लट जोडजाड पार्नमै मस्त छन्, बहुसंख्यक फिल्ममेकर । विश्व सिनेमा मञ्चमा नेपाली फिल्मको स्वतन्त्र छवि बन्न नसक्नुको मुख्य कारण हाम्रा स्थानीय कथाले महत्त्व नपाउनु हो । कपी गर्दा साख त सखाप हुन्छ नै, सँगै यो अन्तर्राष्ट्रिय कानुनविपरीत पनि छ । त्यसैले कपीराइटको मुद्दा लाग्दा नेपाली फिल्ममेकर थला पर्ने स्थिति छ तर पनि कोही गम्भीर हुँदैनन् । अझ धेरैले फुइँ हाँक्ने गर्छन्, 'नेपालमा चोरेको कसलाई थाहा हुन्छ र ?' भारतीय पटकथाकार रोबिन भट्टलाई मैले यही प्रश्न सोधेँ, "बलिउडमा नेपाली फिल्म उद्योगको छवि कस्तो छ ?"

"हाम्रा फिल्म चोरेर नेपालमा फिल्म बन्छन् भन्ने छाप छ । यहाँ आएर मैले बुझेँ, हो रहेछ ।" उनको जवाफले खिन्नता महसुस भयो ।

यसै कारण उनले कार्यशालामा नयाँ लेखकसँग हिन्दी मात्र होइन, अरू कुनै भाषाबाट नचोर्न आग्रह गरिरहे । आफ्नै समाजका कथा र पात्रले मात्र सिनेमा समृद्ध हुने उनको भनाइ थियो । हिन्दीको प्रभावले नेपाली फिल्म उँभो नलाग्ने जिकिर गरे । अहिलेसम्म कुनै हिन्दी निर्माताले कपी गरिएको नेपाली फिल्ममाथि मुद्दा हालेका छैनन्, किन होला ? रोबिनले तत्कालै भने, "अहिलेसम्म बच्नुभयो । अबचाहिं दंग नपर्नुस् । बलिउडबाट चोर्दा फस्नुहोला । अब निर्माताले सहँदैनन् ।"

बलिउडका गिनेचुनेका पटकथाकारको यो चेतावनीपूर्ण भाषाले नेपाली फिल्ममेकरको चेत खुल्ला ?

कुलमानलाई सन्देश

चार दिन चित्लाङ बसियो, झ्यापझ्याप बत्ती जान्थ्यो । दिनमा घटीमा दस पटक । लोडसेडिङको घाउ निको भइसकेकाले हुनुपर्छ, एकछिन बत्ती निभ्यो भने पनि दिक्दारी लाग्छ । तर चित्लाङबासीका लागि बेला न कुबेला बत्ती जानु दैनन्दिनी बनिसकेको रहेछ । नजिकै कुलेखानी हुँदा पनि यहाँ सहज विद्युत् आपूर्ति हुन सकेको छैन ।

पछिल्लो समय चित्लाङ होमस्टेको आकर्षण बनेको छ । दैनिक सयौं पाहुनालाई स्वागत गर्छन्, स्थानीय । बत्ती जाँदा पाहुनातिर फर्केर गुनासो गर्दा रहेछन्, 'अन्त लोडसेडिङ सकियो भन्छन्, यहाँ यस्तो हविगत छ ।' पत्रकार भएको थाहा पाएपछि गुनासोसँगै आक्रोश मिसाउँदा रहेछन् । चित्लाङ अर्गानिक रिसोर्ट सञ्चालक देवेन्द्र नेपालले पत्रकार टोलीसँग भने, "तपाईंहरू सधैं लोडसेडिङ अन्त्य भयो भनेर लेख्नुहुन्छ तर हाम्रो समस्या वास्तै गर्नुहुन्न ।"

हो पनि, विद्युत् प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङ हरखबत चाहेजति विद्युत् उपभोग गर्नुस् भनिरहेका हुन्छन् । तर चित्लाङले यो सुविधा उपभोग गर्न पाएको छैन । बरू बत्ती आउने-जाने गरिरहँदा विद्युतीय सामग्री बिग्रिएर तनाव थपिने गर्छ । पर्यटन विकासमै बाधा पुग्ला भन्ने चिन्ता छ । स्थानीय उद्यमी नेपालले बिन्ती बिसाए, "हाम्रो यो पीडा कुलमान सरसम्म पुर्‍याइदिनुपर्‍यो । उहाँले थाहा पाए पक्कै केही गर्नुहोला ।" ने

Mahindra
Rise.

धेरैलाई अफरले लोभ्याउँछ
तर Scorpio Pik Up रोज्नेले

अफरभन्दा बढी बचाउँछ

झन् धेरै फिचर, झन् धेरै फाइदा पाउँछ

2x पावर
- > 2.2 mHawk engine with 140 BHP power
- > 320 NM Torque
- > 6 forward + 1 reverse gear transmission
- > Microhybrid Tech

यो सेगमेन्टमै सबैभन्दा सुरक्षित
- > Dual Airbags
- > ABS
- > Control lock with remote control and alarm
- > ISOFIX Anchors for child safety

यो सेगमेन्टमै सबैभन्दा आरामदायी र स्टाईलिश
- > Air Conditioning
- > Power Window
- > Driver Information Display
- > Hydraulic Bonnet Struts
- > Bluetooth Connectivity
- > Projector Headlamps
- > Rear Demister
- > Fog Lamps

*शर्तहरू लागू हुनेछन्

From the makers of SCORPIO
THE NEXT GENERATION
Mahindra
PIKUP

रु. ३७,६०,०००*/- बाट शुरु

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Naxal Bhagwati Bahal Showroom: 9851241085
Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239322, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners: NLG, सगरमाथा इन्स्योरेन्स क. लि. Sagarmatha Insurance Company Ltd., VIP

Genuine Mahindra Four Wheelers Spare Parts | Mahindra MAXIMILE Genuine Lubricants | Mahindra Genuine Accessories

Url: mahindrapikupnepal.com **Email: marketing@agnigroup.com.np**
Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np **twitter/AgniGroup** **instagram/AgniGroup** **facebook.com/MahindraAgniGroup**

WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU & SILICON
घाम-पानी छेक्छ,
१० वर्ष टिक्छ
Since 1760
Lewis Berger
Paint your imagination
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
XP ADVANCED
WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU
PU & SILICON TECHNOLOGY
REPELS HEAVY RAIN
10 YEAR WARRANTY
चर्को घामबाट बचाउँछ
मुसलधारे वर्षाबाट जोगाउँछ
१० वर्ष वारेन्टी